महिलामाथि हुने हिंसाको यथार्थता

# अन्वेषी

२०७७

# अन्वेषी

## महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन

## सारांश प्रतिवेदन

२०७७

ओरेक नेपाल

बालकुमारी, ललितपुर

अन्वेषी
२०७७

# अन्वेषी

**महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन सारांश प्रतिवेदन, २०७७**

**© ओरेक नेपाल, २०७७**

यस प्रतिवेदनमा समावेश भएका विषयवस्तुहरु महिला हिंसाविरुद्धका लागि गरिने कुनै पनि अभियान तथा पैरवीमूलक प्रयोजको निम्ति स्रोत खुलाई प्रयोग गर्न सकिने छ ।

सम्पादन : दुर्गा कार्की

लेखन तथा विश्लेषण : सुलोचना खनाल/संजिता तिम्सिना/लुभराज न्यौपाने

संयोजन : सुलोचना खनाल

तथ्याङ्क प्रशोधन : दुर्गा सिंजापती

आर्थिक सहयोग : MISEREOR IHR HILFSWERK

**प्रकाशन**

ओरेक नेपाल

पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल

Email : ics@worecnepal.org

Website : www.worecnepal.org

ISBN : 978-9937-8822-6-2

**साजसज्जा**

पेन्टाग्राम प्रा. ली.

+९७७ १ ५५४८१८०

business.pentagram@gmail.com

# विषय-सूची


## परिच्छेद १ परिचय १

१.१ नेपाली समाजमा महिला विरुद्धको हिंसा १
१.२ अन्वेषी : महिलामाथि हुने हिंसाको यथार्थ ३
१.३ घटना संकलन अवधि र क्षेत्र ४
१.४ अध्ययनको सीमा ५
१.५ अध्ययन विधि ५

## परिच्छेद २ ८

२.१ कार्यगत परिभाषा ८
क) हिंसाका प्रकार ८
ख) प्रभावित/पीडकको वैवाहिक स्थिति १०
ग) प्रभावित/पीडकका समूहहरू १०
घ) प्रभावित/पीडकका पेशाहरू १०
ङ) प्रभावितलाई परेका असरहरू ११
च) प्रभावित/पीडकको उमेर ११
२.२ कार्यकारी सारांश अध्ययनबाट प्राप्त नतिजा सङ्क्षेपमा ११
२.१.१ भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिती ११
२.१.२ हिंसाका प्रकारको विश्लेषण १२
२.१.३ उमेर समूह र महिलामाथि हुने हिंसा १४
२.१.४ शिक्षा र महिलामाथि हुने हिंसा १५
२.१.५ वैवाहिक अवस्था र महिलामाथि हुने हिंसा १५
२.१.६ पेशा र महिलामाथि हुने हिंसा १५
२.१.७ महिलामाथि हुने हिंसाका असरहरू १६
२.१.८ जातीयताका आधारमा महिलामाथि हुने हिंसा १६
२.१.९ पीडक र प्रभावितको सम्बन्ध १६

## परिच्छेद ३ १७

३.१ महिलामाथि हुने हिंसा अन्त्यका लाीग भएका प्रयास तथा प्रावधानहरु १७

| | |
|---|---|
| **परिच्छेद ४** | **२१** |
| महिलामाथि भएको हिंसाका प्राप्त परिणाम र विश्लेषण | २१ |
| ४.१. महिलामाथि भएको हिंसाको अवस्था र विश्लेषण | २१ |
| ४.१.१ भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिति | २१ |
| ४.१.२ महिला हिंसाका प्रकार | २२ |
| ४.१.३ महिलामाथि हुने हिंसा र उमेर | २४ |
| ४.१.४ महिला हिंसा र शिक्षा | २६ |
| ४.१.५ वैवाहिक स्थिति र महिलामाथि हुने हिंसा | २८ |
| ४.१.६ प्रभावितको जातीयता | २९ |
| ४.१.७ प्रभावित र पीडकबीचमा रहेको सम्बन्ध | ३० |
| ४.१.८ महिलामाथि हुने हिंसा र पेशा/व्यवसाय | ३१ |
| ४.१.९. महिलामाथि हुने हिंसाका कारण महिलामा परेका असरहरू | ३३ |
| **परिच्छेद ५** | **३५** |
| ५.१ महिला र घरेलु हिंसा | ३५ |
| ५.२ घरेलु हिंसाभित्रका स्वरूपहरू | ३६ |
| ५.३ घरेलु हिंसाका प्रकारहरू | ३७ |
| ५.४ घरेलु हिंसाका पीडकसंगको सम्बन्ध | ३८ |
| ५.५ प्रभावितको वैवाहिक अवस्था | ३८ |
| ५.६ प्रभावितको उमेर र घरेलु हिंसा | ३९ |
| ५.७ प्रभावितको शिक्षाको स्तर र घरेलु हिंसा | ३९ |
| ५.८ प्रभावितको जात/जातीयता र घरेलु हिंसा | ४० |
| ५.९ प्रभावितको पेशा र घरेलु हिंसा | ४१ |
| ५.१० प्रभावितलाई परेको असर | ४१ |
| घटना नं १ (शारीरिक हिंसा) | ४४ |
| घटना नं २. (वैवाहिक वलात्कार) | ४५ |
| घटना नं ३. (श्रोतसाधनवाट वञ्चितीकरण) | ४६ |
| **परिच्छेद ६** | **४७** |
| ६.१ महिला र सामाजिक हिंसा | ४७ |
| ६.२ सामाजिक हिंसाका परिणाम र विश्लेषण | ४८ |
| ६.३ सामाजिक हिंसाका पीडकका प्रकार | ४८ |
| ६.४ प्रभावितको वैवाहिक अवस्था | ४९ |
| ६.५ प्रभावितको उमेर र सामाजिक हिंसा | ५० |
| ६.६ प्रभावितको शिक्षाको स्तर र सामाजिक हिंसा | ५१ |

६.७ प्रभावितको जात/जातीयता र सामाजिक हिंसा ५१
६.८ प्रभावितको पेशा र सामाजिक हिंसा ५२
६.९ सामाजिक हिंसाका कारण प्रभावितमा परेको असर ५३
घटना नं ४. (बोक्सीको आरोपमा कुटपिट ५५
घटना नं ५ (बालविवाह) ५६

## परिच्छेद ७ ५८

७.१ बलात्कार ५८
७.२ बलात्कार आरोपितसँगको सम्बन्ध ६०
७.३ बलात्कार प्रभावितको उमेर ६१
७.४ बलात्कार प्रभावितको शैक्षिक अवस्था ६२
७.५ प्रभावितको जात/जातीयता ६२
७.६ प्रभावितको पेशा ६३
७.७ बलात्कार र आरोपितको उमेर ६४
घटना नं ६ (सामुहिक बलात्कार) ६६
घटना नं ७ (बलात्कारको प्रयास) ६८

## परिच्छेद ८ ६९

८.१ यौनिक हिंसा ६९
८.२ प्रभावितको उमेर र यौनिक हिंसा ७०
८.३ यौनिक हिंसाका पीडकका प्रकार ७१
८.४ प्रभावितको शैक्षिक योग्यता ७२
८.५ प्रभावितको जात/जातीयता ७३
८.६ प्रभावितको पेशा ७३
८.७ प्रभावितलाई परेको असर ७४
घटना नं ८ (यौनिक हिंसा) ७६

## परिच्छेद ९ ७८

९.१ हत्या ७८
९.२ प्रभावितको उमेर र हत्या ७९
९.३ हत्या र पीडकको प्रकार ८०
९.४ प्रभावितको शैक्षिकस्तर र हत्या ८१
९.५ प्रभावितको जात/जातीयता र हत्या ८२
९.६ प्रभावितको वैवाहिक अवस्था र हत्या ८३
९.७ प्रभावितको हत्या र पेशागत अवस्था ८३
घटना नं ९ (हत्या) ८५

परिच्छेद १० ८६
१०.१ बेचबिखन तथा ओसारपसार ८६
१०.२ बेचबिखनको अवस्था ८७
१०.३ बेचबिखन र उमेर ८८
१०.४ बेचबिखन र पीडकसँगको सम्बन्ध ८९
१०.५ बेचविखन र प्रभावितको वैवाहिक अवस्था ९०
घटना नं १० (मानव बेचविखन तथा ओसारपोसार) ९२

परिच्छेद ११ ९५
११.१ आत्महत्याको अवस्था ९५
११.२ आत्महत्या र उमेर ९५
११.३ आत्महत्या र वैवाहिक अवस्था ९६
११.४ आत्महत्या र शैक्षिक अवस्था ९७
११.५ आत्महत्या र पेशागत अवस्था ९८
घटना नं ११ (आत्महत्या) १००

परिच्छेद १२ १०२
१२.१ महिला हिंसा र पीडकको लैङ्गिक विवरण १०२
१२.२ महिला हिंसा र पीडकको उमेर समूह १०३
१२.३ महिला हिंसा र पीडकको वैवाहिक अवस्था १०३
१२.४ महिला हिंसा र पीडकको पेशा १०४
१२.५ महिला हिंसा र पीडकको जात/जातीयता विवरण १०५

परिच्छेद १३ बन्दावन्दी र महिलामाथि हुने हिंसा १०८
१३.१. हिंसाको प्रकार ११२
१३.२. हिंसा प्रभावित र उमेर ११३
१३.३. आरोपित र प्रभावितसंगको सम्बन्ध ११४
१३.४. आरोपित व्यक्ति र उमेर ११५

परिच्छेद १४ सञ्चार अनुगमन ११७
१४.१ पत्रपत्रिकामा प्रकाशन भएका महिला हिंसाका घटनाको मासिक विवरण ११७
१४.२ मासिक विवरण ११८
१४.३ पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाको प्रदेश अनुसारको स्थिति ११९

परिच्छेद १५ १२०
१५.१ ओरेकले प्रभावितलाई गरेको सहयोगको विवरण १२०
१५.२ ओरेकको हटलाइन सेवामार्फत सम्पर्कमा आएका महिला हिंसाका घटनाहरू १२२

निष्कर्ष र सुझावहरू १२४

राष्ट्रिय महिला आयोग
National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प.सं.

च.नं.

मिति:

## शुभकामना मन्तव्य

महिला माथि हुने हिंसा विश्वव्यापी जटिल समस्याको रूपमा विद्यमान रहेको छ । समाजमा सदियौं देखि कायम रहेको मूलत: लैङ्गिक बिभेद, पितृसत्तात्मक मूल्य मान्यता र परम्परागत सोचका कारणले महिला माथि हुने हिंसा निरन्तर रूपमा हुँदै आएको देखिन्छ । यस्तो हिंसा सबै वर्ग, भौगोलिक सीमा, संस्कृतिहरूमा कुनै न कुनै रूपमा व्याप्त रहेको पाईन्छ । महिला माथि हुने हिंसाको अन्त्य नभएसम्म समानता, विकास र शान्तिको परिकल्पना गर्न सकिदैंन ।

महिला माथि हुने हरेक प्रकारको हिंसा अपराध हो र यो मानव अधिकारको हनन् पनि हो । महिला माथि हुने हिंसाका कारण महिलाहरू आधारभूत मानव अधिकारहरू जस्तै:-बाँच्न पाउने अधिकार; समानताको अधिकार; स्वतन्त्र, सुरक्षित र यातना मुक्त रूपमा जीवन यापन गर्न पाउने अधिकार समेतबाट बञ्चित छन् । महिला माथि हुने हिंसाका कारण उनीहरूको शारीरिक, मानसिक, आर्थिक रूपमा नकारात्मक प्रभाव परी महिलाको समग्र व्यक्तित्व विकासमा प्रत्यक्ष असर पर्नुका साथै यसबाट बालबालिका र सम्पूर्ण परिवारमा समेत नकारात्मक प्रभाव पर्दछ ।

महिला माथि हुने हिंसाको यथार्थ वास्तविकता जबसम्म बाहिर आउँदैन तबसम्म यसको समाधानको बाटो पहिल्याउन सकिदैंन । विगत देखि नै ओरेकले महिला हिंसाविरुद्ध वर्ष पुस्तकको रूपमा **'अन्वेषी'** प्रकाशन गर्दै आएको छ । वर्षभरी देशमा भएका महिला हिंसाको घटनाहरू समेटेर प्रकाशित हुने यस पुस्तकले महिला माथि हुने हिंसाका घटनाहरूको यथार्थतालाई प्रस्तुत गर्न महत्वपूर्ण भूमिका खेलेको छ । लैङ्गिक विभेदकारी पितृसत्तात्मक मूल्य मान्यताका कारण हाम्रो समाजमा आफु माथि भएका हिंसाको विरूद्धमा बोल्न अझै पनि महिलाहरूलाई त्यति सहज छैन । आफूले भोगेका हिंसाका घटनाहरू अन्य महिलाले भोग्नु नपरोस् भन्ने उद्धेश्यले आफू माथि भएका हिंसाको जानकारी गराउने र न्यायकालागि पहल गर्नु हुने सम्पूर्ण महिलाहरूप्रति राष्ट्रिय महिला आयोगको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु ।

महिला माथि भएका हिंसाको विश्लेषण सहित यो पुस्तक तयार गरी सबै सरोकारवाला निकायलाई महिलाविरूद्ध हुने हिंसा प्रति थप जवाफदेही र उत्तरदायी बन्नका लागि प्रेरित गरेकोमा ओरेक नेपाललाई विशेष धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस संस्थाका कार्यले महिलाको मानव अधिकारको संरक्षण र सामाजिक न्याय सुनिश्चितताका लागि योगदान गर्नेछ भन्ने आशा छ । महिला माथि हुने हिंसा अन्त्यको पहलमा सकारात्मक कदम चाल्न यस पुस्तकको निरन्तरता र गुणस्तरीयता कायमै रहने अपेक्षा सहित पुस्तकमा उठाईएका विषय वस्तुको सम्बोधनका लागि शुभकामना व्यक्त गर्दछु ।

.......................

शान्ता अधिकारी भट्टराई
सचिव

# प्रकाशकीय

बिगत देखि नै महिलामाथि भएको हिंसाका घटनालाई समेटेर तयार पारिएको महिला हिंसाविरुद्धको वर्ष पुस्तक 'अन्वेषी' ले महिलामाथि भएका हिंसाको यथार्थ अवस्थाको बारेमा जानकारी दिने तथा सरकार, सम्बन्धित सरोकारवाला, अनुसन्धानकर्ता, बौद्धिक वर्ग, पत्रकारलगायत महिला हिंसा अन्त्यका लागि काम गर्नेहरूलाई थप झक्झक्याउने र यसको अन्त्यका लागि गर्नुपर्ने काम, बनाउनुपर्ने नीति नियमका लागि दिशानिर्देश गरेको छ भन्ने हाम्रो विश्वास रहेको छ। महिलामाथि हुने हिंसाले महिलाको स्वतन्त्रता, मर्यादित र समाजमा आत्मसम्मानसहित बाँच्न पाउने अधिकार, समानताको अधिकार, यातना र भयमुक्त भइ जीवन जिउन पाउने अधिकार जस्ता आधारभूत अधिकारहरू कुण्ठित गरेको छ। घरदेखि सार्वजनिक र कार्यस्थलमा समेत बढिरहेका हिंसाका घटनाका तथ्याङ्कले महिलाको शारीरिक, मानसिक स्वास्थ्यका साथै आत्मसम्मान, परिवार र अन्तत समाजमा प्रत्यक्ष असर पारेको छ भने, देशको विकास, उत्पादन र हाम्रा सन्ततिहरूमा समेत प्रत्यक्षरुपमा नकारात्मक प्रभाव पारेको छ।

महिलामाथि हुने हिंसाका स्वरुपहरू बहुआयामिक हुँदै गएकाकारण र प्रविधिको उच्च विकाससँगै मानिसहरूमा आएको चेतना र विश्वव्यापीकरणले ल्याएका यस्ता चूनौति झन जटिल र कठिन बन्दै गइरहेकाले अव राज्यलगायत यस क्षेत्रमा काम गर्ने नागरिक समाज र सरोकारवालाहरूले महिलामाथि भइरहेका हिंसा अन्त्यका लागि ल्याइएका नीति नियम, गरिरहे का परम्परागत कामलाई समय अनुसार परीवर्तन गर्दै थप अभियानहरू सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ। देशको आधाभन्दा बढी जनसंख्यालाई पाखा लगाएर भइरहेको हिंसा र समाजमा उनीहरूमाथि भइरहेका निकृष्ट खालका व्यवहार र हिंसालाई वेवास्ता गरेर देशले सम्वृध्दिको सपना पुरा गर्न सक्दैन। त्यसैले देशमा दिगो शान्ति स्थापना गर्न, लोकतन्त्रलाई बलियो बनाई संस्थागत गर्न, मानवअधिकारको सम्मान, दिगो विकास र समृद्ध नेपाल सुखी नेपालीको सपनालाई साकार पार्न महिलामाथि हुने सबै प्रकारको हिंसा अन्त्य हुन आवश्यक छ। अज्ञानता, सामाजिक असहयोग, डर धम्की, इज्जतको नाममा मौनता, अपराधमा राजनीतिकरण, गैरकानूनी मेलमिलाप आदिका कारण अझै पनि महिलामाथि हुने हिंसाका घटना बाहिर आउन सकेका छैनन्। बाहिर आएका कतिपय घटनामा पनि अनुसन्धानको अभाव, सामाजिक असहयोग, पीडितको असुरक्षा, आर्थिक तथा राजनीतिक चलखेलका कारण पीडितले कानूनी उपचार पाउन सकेका छैनन्। जुन यो पुस्तकमा समाबेश गरीएका बिवरण र बिश्लेषणले पनि देखाएका छन्। त्यसैले यस पुस्तकले यस सवालमा उजागर गरेका तथ्यांकले थप पथ प्रदर्शकको रुपमा भुमिका खेल्छ भन्ने हामीले बिश्वास लिएका छौं।

त्यसैले अघिल्ला वर्ष झैँ यसवर्ष पनि ओरेक नेपालमा अभिलेख भएका महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन प्रतिवेदन तयार गरीएको छ। यस सन्दर्भमा यस पुस्तकको लेखन, सम्पादन गरी यस पुस्तकको प्रकाशनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने ओरेक नेपालका सम्पूर्ण परीवारका सदस्यहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यस पुस्तक तयारीका लागि प्रत्यक्ष अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तित्वहरूलाई ओरेक नेपाल धन्यवाद दिँदै हार्दिक आभार प्रकट गर्न चाहन्छु।



राम बति चौधरी थारु
अध्यक्ष
महिला पुनर्स्थापना केन्द्र (ओरेक)

# प्राक्कथन

महिला अधिकारप्रति समर्पित एवम् सामाजिक न्यायका निम्ति संघर्षरत यस महिला पुनःस्थापना केन्द्र (ओरेक) नेपालले २९ वर्षदेखि पैरवीमा आधारित महिला हिंसाविरुद्धको अभियान सञ्चालन र नेतृत्व गर्दै आएको छ । ओरेकले महिलामाथि भइरहेको हिंसाका तथ्याङ्कलाई वाहिर ल्याइ यसमा आधारित पैरवीलाई अझै बलियो बनाउने उद्देश्यले देशमा बर्षभरी महिलामाथि भएको हिंसाका घटनालाई समेटेर तयार पारिएको महिला हिंसाविरुद्धको वर्ष पुस्तक 'अन्वेषी' प्रकाशन गर्दै आएको छ। महिलामाथि हुने हिंसाको यथार्थ वास्तविकता जबसम्म बाहिर आउँदैन तबसम्म यसको समाधानको बाटो पहिल्याउन सकिँदैन । यसर्थ महिलामाथि हुने हिंसाका घटनाहरुको यथार्थतालाई प्रस्तुत गर्ने यो एक महत्वपूर्ण कार्य हो । यस पुस्तकले महिलामाथि हुने हिंसाका घटनाहरूको नक्साङ्कन गर्ने, सरो कारवाला एवं सम्बन्धित जिम्मेवार निकायसमक्ष महिला हिंसाका वास्तविकता प्रस्तुत गरी आवश्यक कदम चाल्न दबाब सृजना गर्ने उद्देश्यले अन्वेषी प्रकाशन एवं वितरण कार्यलाई सन् २००८ देखि प्राथमिकताका साथ निरन्तरता दिँदै आइएको छ ।

महिलाहरु महिला भएकै कारणले विभिन्न हिंसा खेप्न बाध्य बनाइएका छन् । परिवार, समाज र राज्यमा स्थापित पितृसत्तात्मक सोँच र सोही अनुरुपका विभेदकारी मूल्य मान्यताका कारण हुने हिंसा महिलाले भोग्नैपर्ने नियती जस्तै बनेको छ । महिलामाथि हुने अनेक प्रकारका हिंसाहरू सार्वजनिक रुपमा बाहिर आउन सकेका छैनन् । हिंसा भोगेका तर कानूनी प्रक्रियामा जान नसकेका वा नगएका र त्यसको अनेक प्रभावहरूसँग जुध्दै आइरहेका घटनाहरूको दस्तावेजीकरणमा अन्वेषीले विशेष भूमिका खेल्दै आइरहेको छ । गत वर्षहरूमा झैँ यसवर्ष पनि ओरेक नेपालमा दस्तावेजीकरण भएका हिंसाका कूल १७०७ महिला हिंसाका घटना मध्ये घरेलु हिंसा सबैभन्दा बढी रहेका छन् । यसले समग्र नेपाली महिलाको अवस्था  चित्रण गरेको छ । यसैगरी यस वर्ष कोभिडको महामारीमा घटेका महिला हिंसाका घटनाहरुको विश्लेषण गर्दा समग्र तथ्याँकको ६१ प्रतिशत भन्दा बढी घटना यसै समयमा घटेको देखिएको छ । घर परिवार जहाँ महिलाले सबैभन्दा बढी सुरक्षा र माया पाउनु पर्ने हो । त्यस ठाउँ नै सबैभन्दा बढी असुरक्षित देखिएको छ । यो अवस्थाले अहिलेसम्म महिला र पुरुषलाई हेर्ने विभेदकारी दृष्टिकोण रहेको स्पष्ट रुपमा देख्न सकिन्छ । त्यसैले महिला हिंसा अन्त्यका लागि परिवारभित्र रहेको महिला र पुरुषविचको असमान शक्ति सम्बन्धलाई परिवर्तन गर्नु अनिवार्य छ ।

पितृसत्तात्मक संरचना, सोही अनुरुपमा विभेदकारी मूल्यमान्यता रहेको हाम्रो समाजमा आफुमाथि भएका हिंसाको विरुद्धमा बोल्न अझैपनि महिलाहरुलाई त्यति सहज छैन । यद्यपि आफुमाथि भएका हिंसाका घटनाहरु अन्य महिलाले भोग्नु नपरोस् भन्ने हेतुले आफुमाथि भएका हिंसाको जानकारी गराउने साहस बटुल्नुहुने सम्पूर्ण महिलाहरुप्रति ओरेक विशेष कृतज्ञता प्रकट गर्दछ । साथै समुदायस्तरमा क्रियाशील

महिला मानव अधिकार रक्षकहरुले आफुमाथि आइपर्ने चुनौती र जोखिमको प्रवाह नगरी घर, परिवार, गाउँ, समुदाय तथा जिल्लामा घटेका महिला हिंसाका घटनाहरुलाई वाहिर ल्याउन गर्नुभएको साहस, धैर्य र कामको उच्च सम्मान गर्दै आफुले अभिलेखन गरेका घटनाहरु ओरेकको तथ्याङ्क शाखामा पठाउनुहुने सम्पूर्ण महिला मानव अधिकार रक्षकहरुप्रति ओरेक विशेष आभार प्रकट गर्न चाहन्छ ।

महिला हिंसाका घटनाहरूलाई गोपनीयता र संवेदनशील तरिकाले दस्तावेजीकरण गर्न सघाउ पुऱ्याउनु हुने ओरेक नेपालका सम्पुर्ण शाखा कार्यालयका तथ्याङ्क व्यवस्थापन शाखामा रहेर कार्य गर्ने सहकर्मी मित्रहरूलाई धन्यवाद दिन चाहन्छु । साथै महिला हिंसाको घटनाहरू अभिलेखीकरण तथा प्रभावितका न्यायका लागि सक्रिय भुमिका निर्वाह गरिरहनु भएको सम्पुर्ण जिल्लाका संयोजकहरू, कार्यक्रम अधिकृतहरू, सामाजिक परिचालकहरू, मनोविमर्शकर्ताहरूप्रति संस्था विशेष आभार प्रकट गर्दछ । ओरेक नेपालको तथ्याङ्क व्यवस्थापन शाखामा रहेर महिला हिंसाका घटनाहरूलाई गोपनीयता र संवेदनशिल तरिकाले दस्तावेजीकरण गर्न सघाउ पुऱ्याउनुहुने ओरेक नेपालका सम्पुर्ण शाखा कार्यालयका : गोमा भण्डारी (मोरङ्ग), अनिता चौधरी (सिरहा), राधिनी देवी मिश्र (धनुषा), विन्दु शर्मा (दाङ्ग), जयकला चौधरी (कैलाली), मेनका क्षेत्री (उदयपुर), सपना थापा (सिन्धुली), दुर्गा बजगाँई (रुकुम), आरति कुमारी भगत (महोत्तरी), दिवानी घिमिरे सर्लाही लाई हामी धन्यवाद दिन चाहन्छौं । यस पुस्तकमा तथ्याङ्क प्रशोधनमा विशेष भुमिका निर्वाह गर्नुहुने ओरेक केन्द्रिय कार्यालयका दुर्गा सिजापति र रमेश भण्डारीलाई संस्था धन्यवाद ज्ञापन गर्दछ । यस पुस्तक तयारीका लागि लेखन र संयोजनको भूमिका निर्वाह गर्नुहुने सुलोचना खनाल र संजिता तिम्सिनालाई विशेष धन्यवाद दिन चाहन्छु । यस पुस्तकलाई यस रुपमा ल्याउनकालागि संस्थाका सल्लाहकारज्यूहरु, कार्यसमितिका अध्यक्ष लगायत पदाधिकारीज्युहरुले देखाउनु भएको मार्गदर्शन र सल्लाहसुझावका लागि हार्दिक आभार ब्यक्त गर्न चाहन्छु । यस्तै गरी यस पुस्तकको सम्पादन गरी प्रकाशनका लागि सहयोग गर्नुभएकोमा दुर्गा कार्कीलाई धन्यवाद दिन चाहन्छु ।

माथि उल्लेख गरीएका व्यक्तिहरूबाहेक पनि अन्य थुप्रै व्यक्तिहरूको सहयोग र सहकार्यका कारण यो प्रतिवेदन तयार भएको हो । यसर्थ यस पुस्तक तयारीका लागि प्रत्यक्ष र अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तिहरूलाई ओरेक नेपाल धन्यवाद दिदै हार्दिक आभार प्रकट गर्न चाहन्छ ।

**लुभराज न्यौपाने**
कार्यकारी निर्देशक
महिला पुनर्स्थापना केन्द्र (ओरेक)

# परिच्छेद १ परिचय

**सबै नागरिक जन्मजात स्वतन्त्र र मर्यादा तथा अधिकारमा समान हुन्छन् ।**
(मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा १)

## १.१ नेपाली समाजमा महिलाविरुद्धको हिंसा

महिलामाथि हुने हिंसा सार्वजनिक वा निजी जीवनमा लिङ्गका आधारमा हुने विभेदपूर्ण कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ,वा पुऱ्याउने सम्भावना हुन्छ। यस अन्तर्गत त्यस्तो कार्य गर्ने साथै धम्की, दबाव र स्वेच्छाचारी रुपमा महिलाको स्वतन्त्रतामा बन्देज गर्ने समेत कार्य पर्दछ ।[1]

महिला हिंसा समाजको त्यो कुरूप तस्वीर हो जसले महिलालाई सामान्य अधिकारहरूको उपभोगबाट समेत वञ्चित गराइरहेको हुन्छ । त्यसैले यो एउटा जघन्य अपराध हो । अहिले २१ औं शताब्दिमा पनि हाम्रो समाजमा महिलामाथि अति चरम र निकृष्ट प्रकृतिका हिंसा भइरहेको छ । महिलामाथिको हिंसा विश्वव्यापी समस्या हो । विश्व स्वास्थ्य संगठनका अनुसार विश्वमा प्रत्येक तीन मध्ये एकजना महिलाले आफ्नो दैनिक जीवनमा हिंसा परेको छ। यो तथ्यले महिलामाथि हुने हिंसाको बिकराल अवस्था देखाउँछ । महिलामाथि हुने हिंसाको यस अवस्थाले सभ्य समाजको कल्पना गर्न सकिँदैन । सदियौँदेखि रहेको पितृसत्तात्मक संरचना, त्यहि संरचनाबाट निर्मित र निर्देशित सामाजिक व्यवस्था, विभेदपूर्ण मूल्यमान्यता तथा परम्पराहरूले समाजमा यति गहिरोसँग जरा गाडेर बसेको छ की जसको आधारमा घर, परिवार, समुदाय, समाज र राज्य सबै तहमा महिलामाथिको हिंसा संस्थागत जस्तै भएको छ । यीनै संरचनागत विभेदले महिलालाई समाजमा मानवको रूपमा हैन एक वस्तुको रूपमा स्थापित गरेको छ। यस्तो परिस्थितीमा महिलाले आफूमाथि भएको हिंसा र विभेदविरुद्धको आवाज उठाउन निकै कठिन हुने गरेको छ ।

[1]संयुक्त राष्ट्र संघ (सन् १९९३)को 'महिलाविरुद्धको हिंसा उन्मूल गर्ने सम्बन्धी घोषणापत्र

हिंसारहित सुरक्षित वातावरणमा आत्मसम्मानपूर्वक बाँच्न पाउने प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो । तर यथार्थमा महिलाले अहिलेपनि दोस्रो दर्जाको नागरिकको भूमिकामा रहनुपरेको छ, न त उनीहरूमाथि मानवीय व्यवहार नै भएको छ। मानव सभ्यता कै खिल्ली उठाउने गरि भइरहेका यस्ता हिंसात्मक घटनाले मानव समाजलाई नै कलंकित वनाएको छ। दैनिक रुपमा सार्वजनिक भइरहने यस्ता हिंस्रक घटना देशका लागि अत्यन्तै लज्जास्पद विषय हो। प्रत्येक नागरिकको हिंसारहित वातावरणमा जीवन जिउन पाउने अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व हो । राज्यले यस्ता घटना न्यूनीकरणका लागि केही हदसम्म पहल पनि गरेको छ तरपनि यस्ता घटना समाजमा किन बढिरहेका छन् ? महिलाले न्याय पाउने वातावारण किन दिनहुँ चुनौतीपूर्ण बन्दै गइरहेको छ ? भन्ने सवालको उचित संवोधन हुन जरुरी छ। घटनालाई राजनीतिकरण गर्ने, पीडक वा अपराधीलाई राजनीतिक संरक्षण, पीडितले हिंसाविरुद्ध उजुरी गर्न जाँदा हतोत्साहित हुनुपर्ने, न्यायिक निकायहरूबाट नै पीडितलाई नै दोषी जस्तो बनाउने, चरित्रहत्या गर्ने, मेलमिलाप गराउने जस्ता क्रियाकलापले निरन्तरता पाइरहनु नै महिला हिंसा सम्बोधनका लागि चालिएका कदमका मुख्य अवरोध हुन भनी बुझ्नु जरुरी छ। कानुन जतिसुकै प्रगतिशील भएपनि संरचनागत रुपमा नै महिलालाई हेर्ने दृष्टिकोण परिवर्तन नभएसम्म ती कानुन कागजमामात्रै सिमित हुनेछन् । वोलीमात्रै हैन व्यवहार, विचार र परिवर्तनलाई आत्मसात गर्न सक्ने नभएसम्म राज्यका संयन्त्रमा ती कानुन कार्यान्वयन गर्ने कुरा हैनन्, कागजका खोस्टा मै सिमित रहन्छन्। त्यसैले यी जरा गाडेर बसेका रुढिवादी विचारका जरा हल्लाउन महिलामात्रै हैन समाजका हरेक सचेत वर्गले समाजको जरादेखि नै संयुक्त रुपमा आवाज उठाउन जरुरी छ।

महिलामाथि हुने हिंसावाट प्रत्यक्ष रुपमा महिला प्रभावित भएको देखिएता पनि यसले महिलालाई मात्र नभई पुरै परिवार, समुदाय तथा राज्यलाई नै नकारात्मक प्रभाव पार्दछ। महिलामाथि हुने हिंसाको अन्त्यविना देशमा सामाजिक न्याय र दिगो शान्ति स्थापना हुन सक्दैन। देशको आधाभन्दा बढी जनसंख्यालाई हिंसापूर्ण वातावारणमा बाँच्न बाध्य बनाएर सरकारले देखेको सुखी नेपाली, समृद्ध नेपालको सपना कदापी पूरा गर्न सक्दैन।

महिलामाथि हुने हिंसा र तिनका स्वरूप तथा परिमाणहरू धार्मिक, सांस्कृतिक, आर्थिक, जातीय र भौगोलिक रूपमा फरक फरक हुनसक्छ। उल्लेखित परिस्थिति अनुसार महिलामाथि घरभित्रदेखि सार्वजनिक स्थलमा हिंसा हुँदै आएको छ। यसरी व्यक्तिगत तहदेखि सार्वजनिक रूपमा महिलामाथि

हिंसा हुने कारण धेरै भएतापनि मुख्य कारण चाहिं समाजमा स्थापित महिलालाई हेर्ने दृष्टिकोण नै देखिन्छन् । गर्भदेखि नै महिला भएकै कारण गर्ने गरिएको विभेदको परिणामस्वरूप महिलामाथि हुने हिंसाले निरन्तरता पाउँदै आएको छ । महिलामाथि हिंसा यत्र, तत्र र सर्वत्र भइरहेको छ । राज्यले महिलामाथि भइरहेको हिंसाविरुद्ध कानुनहरू त बनाएको छ तर हिंसाका घटनालाई प्रक्रियागत रूपले अभिलेखीकरण गर्ने काम पूर्ण रुपमा सुरु हुन सकेको छैन । महिलामाथि हुने गरेका र भैरहेका सबै हिंसा सार्वजनिक हुन सकेका छैनन् । त्यसैले हिंसा कति, कहाँ र कसरी हुने गरेको छ भन्ने यथार्थ विवरण आउन सक्दैन । तर आफूमाथिको अन्यायविरुद्ध आम नागरिकलाई बोल्न सक्ने बनाउने र अन्यायलाई तुरुन्तै सम्बोधन गर्ने दायित्व पनि राज्यको नै हो ।

जबसम्म महिलामाथि हुने हिंसाको वास्तविकता वाहिर आउन सक्दैन तवसम्म समाधानको लागि वास्तविक योजना, नीति तथा कार्यक्रमहरू बनाउन सकिंदैन । बनाएपनि कार्यान्वयन गर्न सकिंदैन । राज्यका संयन्त्रलाई यस्ता आधारभूत जानकारीको अभावमा महिलामाथि हुने हिंसा रोक्न, प्रभवितलाई सहयोग गर्न, समस्या अनुरूपको आवश्यक योजना तर्जुमा गर्न तथा यस सम्बन्धी कुनै पनि काम गर्न असहज हुन्छ र भइरहेको छ । व्यवस्थित र वास्तविक आँकडा र तथ्यगत प्रमाणले घटना पुष्टी गर्न, गराउन सक्दा नै विशेषतः सम्वन्धित निकाय र नीति निर्माणकर्ताहरूलाई समस्या समाधानका लागि पहल गर्न नीति तथा कार्यक्रम बनाउन सहज हुन्छ । तथ्य र तथ्याङ्कले अपराध अनुसारको वास्तविक र कार्यान्वयन गर्न सकिने कानुन बनाउन र पीडक वा अपराधीलाई उसले गरेको अपराधको भार अनुसारको कानुनी कार्वाही गर्न पनि सहयोग पुऱ्याउँछ ।

यही अवस्थालाई आत्मसात गर्दै महिलामाथि भएको हिंसाको यथार्थ अवस्थालाई प्रस्तुत गर्ने मुख्य उद्देश्यले महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले सन् २००८ देखि हरेक वर्ष महिला हिंसाविरुद्धको वर्ष पुस्तक अन्वेषी प्रकाशन गर्ने क्रमलाई निरन्तरता दिँदै आएको छ ।

## १.२ अन्वेषीः महिलामाथि हुने हिंसाको यथार्थ

अन्वेषी नेपालमा महिलामाथि वर्षभरि भएका हिंसाका घटनाहरू संकलित, अंकित एवं विश्लेषणसहितको एक महत्वपूर्ण वर्ष पुस्तक हो । सर्वेक्षणमा आधारित यो पुस्तक ओरेक नेपालले सन् २००८ बाट वर्षेनी प्रकाशन गर्दै आइरहेको छ । महिलामाथि हुने हिंसाका घटनाहरूको

नक्साङ्कन गर्ने, सरोकारवाला एवं सम्बन्धित जिम्मेवार निकायसमक्ष महिला हिंसाको वास्तविकता प्रस्तुत गरी आवश्यक कदम चाल्न दबाब सृजना गर्ने उद्देश्यले अन्वेषी प्रकाशन, वितरण एवं प्रचारप्रसार कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिँदै आइएको छ । अन्वेषीले विभिन्न भू-भागमा बसोबास गर्ने भिन्न-भिन्न सामाजिक समूह र समुदायका महिलाहरूमाथि भइरहेको हिंसा, तिनको स्वरूप र त्यसका प्रभावहरूबारे जानकारी दिन्छ ।

महिलामाथि हुने अनेक प्रकारका हिंसाहरू सार्वजनिक रूपमा बाहिर आउन सकेका छैनन् । नेपालको न्याय प्रणालीले पीडित/प्रभावितहरूलाई पूर्णतः न्याय दिन्छ भन्ने कुराको विश्वसनीयता आर्जन गरिसकेको छैन । प्रभावितलाई नै घटनाको दोषि देख्ने सामाजिक संरचना परिवर्तन हुन सकेको छैन । त्यसैले पनि धेरै पीडितहरू न्यायिक प्रक्रियामा जान हिच्किचाउने गरेका छन् । हिंसाबाट मुक्त हुनका लागि पीडित/प्रभावित पुग्ने पहिलो थलो न्यायिक निकाय हुन सकेको छैन । हिंसा भोगेका तर कानूनी प्रक्रियामा जान नसकेका वा नगएका र त्यसबाट सिर्जित अनेक प्रभावहरूसँग जुध्दै आइरहेका घटनाहरूको दस्तावेजीकरणमा अन्वेषीले विशेष भूमिका खेल्दै आइरहेको छ । ओरेक नेपाल र अन्वेषीले सोही भूमिकाको निरन्तरता यसपाली पनि कायम राखेको छ । पुस्तकमा प्रस्तुत हिंसाका तथ्य-तथ्याङ्कहरूले हाम्रो जटिल सामाजिक संरचनाभित्रका सबै पाटाहरू केलाउने पर्याप्त आधार नदिएपनि महिला हिंसाका मूल स्वरूप, प्रवृत्ति र त्यसको प्रभावबारे एक तहको सूचना प्रवाह गर्न सक्षम छ भन्नेमा ओरेक नेपाल विश्वस्त छ । साथै महिला हिंसा रोकथाम र समाधानका निमित्त चालिनुपर्ने कदमहरू पहिल्याउनको लागि अन्वेषी एक उपयोगी दस्तावेज हुनेछ भन्ने अपेक्षा राख्दछ ।

## १.३ घटना संकलन अवधि र क्षेत्र

पुस्तकमा समावेश गरिएका तथ्याङ्क श्रावण २०७६ देखि असार २०७७ सम्मको समय अवधिमा संकलन गरिएको हो । यसभित्र महिलामाथि भएका १ हजार ७ सय ७ वटा हिंसाका घटना समाविष्ट छन् । पुस्तकमा तथ्याङ्कको विश्लेषणसमेत प्रस्तुत गरिएको छ । ओरेक नेपालले संकलन गरेको ताजा तथ्याङ्कबाहेक यसभित्र राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित घटनाहरू समेतलाई समेटिएको छ । राष्ट्रियस्तरमा प्रकाशित पत्रपत्रिकाहरूबाट जम्मा ५ सय ३ वटा घटना संकलन गरिएको छ । साथै यस पुस्तकमा कोरोना महामारीका कारण गरिएको बन्दाबन्दीको समयमा ओरेकले गरेका सर्वेक्षणका नतिजालाई समेत संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

## १.४ अध्ययनको सीमा

यो सर्वेक्षण मूलतः ओरेक नेपाल र महिला मानवअधिकार रक्षक सञ्जालको कार्यक्षेत्र, पहुँच र जानकारीमा आधारित रहेको छ । विभिन्न जिल्लामा समुदायस्तरमा कार्यरत महिला मानवअधिकार रक्षकहरूको अभिलेखीकरण, स्थलगत अनुसन्धान, संस्थाले उपलब्ध गराएको सुरक्षित आवास, कानूनी परामर्श तथा सहयोग, स्वास्थ्योपचारलगायतका सेवाहरूमार्फत् तथ्याङ्क संकलन गरिएको छ । थप विस्तृत तथ्याङ्कका लागि राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित घटनालाई पनि समावेश गरिएको छ । पुस्तकमा नेपालका ७ वटै प्रदेशमा भएका महिला हिंसाका घटनाहरू समेट्ने प्रयत्न गरिएको भएपनि यसले समग्र नेपाली  महिलामाथि भएको हिंसाको तथ्य र प्रवृत्तिलाई समेट्न सक्दैन । यद्यपी नेपाली  महिलामाथि हुने हिंसाको अवस्था, स्तर र स्वरूपको वास्तविक चित्रण भने गर्दछ ।

यहाँ प्रस्तुत तथ्याङ्कले नेपालका हरेक समुदाय र समूहका महिलामाथि हिंसा हुने तथ्य उजागर गरेको छ । साथै त्यस्ता हिंसा हुनुको कारक तत्व समुदाय र समूहहरूको बसोबासको क्षेत्र, सामाजिक-सांस्कृतिक प्रचलन र मूल्य-मान्यता, लैंगिक सम्बन्ध, आर्थिक, शैक्षिक, राजनीतिकस्तर आदिद्वारा निर्धारित हुन्छन् भन्ने कुरासँग पनि ओरेक नेपाल सहमत छ । यद्यपी सीमित स्रोत, साधन र प्राविधिक कारणवस ती पक्षहरूको विश्लेषण गर्न सकिनेसम्मको अवस्था सृजना गर्न असमर्थ छौं । तथापी आगामी सर्वेक्षणको क्रममा यी पक्षहरू समेतलाई समेट्नु  आवश्यक रहेको कुरामा हामी सचेत र सहमत छौं । जसले गर्दा महिलामाथि हुने हिंसाका घटनाका  अनेक आयामहरू समेत बाहिर ल्याउन सकिनेछ भन्ने विश्वास लिएका छौं ।

## १.५ अध्ययन विधि

यो मूलतः ओरेक नेपालमा उपलब्ध  स्रोत-साधन र जनशक्तिद्वारा सम्पन्न एक सर्वेक्षण हो । सूचना संकलनका  लागि "लैङ्गिक विभेदमा आधारित महिला हिंसा घटना संकलन फारम"को प्रयोग गरिएको छ ।

### सूचना सङ्कलनमा एकरुपता

घटना अभिलेखीकरणमा एकरूपताका लागि लैङ्गिक विभेदमा आधारित महिला हिंसा घटना संकलन फारमको आधारमा सूचनाहरू संकलन गर्ने गरिएको छ । फारममा महिला हिंसासम्बन्धी घटनाको जानकारी, हिंसाका असरहरूलाई संख्यात्मक र विवरणात्मक फर्म्याटमा संकलन गरिएको

हो । सबै महिलाका लागि सोही फारमको प्रयोग गरिएको भएपनि सूचना संकलनको बखत आएका थप सूचनाहरूलाई समेत आवश्यकतानुसार समावेश गरिएको छ । संकलित सूचनाहरूको एकरूपता कायम राखिएको छ ।

**सूचना सङ्कलन**

ओरेक नेपालले तयार पारेको लैङ्गिक विभेदमा आधारित महिला हिंसाको घटना संकलन फारम को प्रयोगद्वारा संकलित सूचनाहरू ओरेक नेपाल र महिला मानवअधिकार रक्षक सञ्जालका दक्ष जनशक्तिबाट अभिलेखीकरण गरिएका हुन् । संकलित सूचनाहरू पीडित स्वयं तथा घटना बाहिर ल्याउन सहयोग गर्ने पीडितको परिवारका सदस्यहरूबाट लिइएको हो । ओरेक नेपालका विभिन्न जिल्लामा रहेका शाखाहरूले सम्बन्धित क्षेत्रको तथ्याङ्क संकलन गरेपश्चात काठमाडौँस्थित केन्द्रीय कार्यालयमा ती सबैतिरका तथ्याङ्कलाई एकीकृत गरिएको छ । त्यसैका आधारमा यो विश्लेषणात्मक प्रतिवेदन तयार गरिएको छ ।

**तथ्याङ्क प्रशोधन र विश्लेषण**

अभिलेख गरिएका घटनाहरूको गोपनीयता कायम राख्दै प्रत्येक घटनाहरूको कोड नम्बर राखी एसपीएसएस (SPSS) नामक सफ्टवेयरको ११.५ भर्सनमा तथ्याङकहरूलाई संगठित, एकीकृत र व्यवस्थित गरियो । उक्त सफ्टवेयरकै आधारमा व्यवस्थित र एकीकृत घटना/तथ्याङ्कहरूको विश्लेषण गरि यो पुस्तक तयार पारिइएको हो ।

**आचारसंहिताको पालना**

महिला हिंसाका घटना आफैमा ज्यादै संवेदनशील प्रकृतिका हुने गर्छन् । यस्ता घटना सार्वजनिक र संकलन कार्य दुबै नै पीडितको हकमा निकै जोखिमयुक्त र प्रतिकूल पनि हुने गर्छ । त्यही संवेदनशील तथ्यलाई मध्यनजर राख्दै सूचना संकलनको क्रममा निम्न नैतिक जिम्मेवारीको निर्वाह गरिएको थियो: :

- घटना अभिलेख गर्नुपूर्व सूचनादाता/प्रभावित वा प्रभावितको तर्फबाट जानकारी दिने पूर्ण जानकार व्यक्तिलाई संकलन गरिँदै गरेको सूचनाको गोपनीयता कायम राखिने, सूचना संकलनको उद्देश्य र उपादेयताबारे जानकारी प्रदान गरिएको थियो ।

- सूचनादाताको मौखिक सहमति र स्वीकृति अनिवार्य रुपमा लिइएको थियो । नावालकको हकमा अभिभावक वा परिवारका निकटतम हकवाला वयस्क सदस्य वा नातेदारबाट अनुमति लिइएको थियो ।
- प्रभावितलाई प्रतिकूल असर पार्ने वा कुनैपनि हानी नोक्सानी गर्ने गरी संकलित सूचनाको प्रयोग नगरिने कुरा स्पष्टसँग बताइएको थियो । साथै प्राप्त सूचनालाई महिला हिंसाविरुद्धको पैरवीका लागि विश्लेषण गरि प्रयोग गरिने जानकारी दिइएको थियो ।
- सूचना संकलन र अभिलेख राख्ने क्रममा प्रभावितलाई असर पर्ने खालका कुनैपनि भाषा र व्यवहारहरूको प्रदर्शन गरिएको थिएन ।
- तालिम प्राप्त अभिलेखनकर्ताहरूमार्फत् सूचना संकलन तथा अभिलेखीकरण गरिएको थियो । साथै प्रभावितद्वारा सूचना प्राप्त गर्नका लागि व्यक्तिगत लाभ हुनेगरी कुनै पनि वस्तु वा सहयोग प्रदान गरिएको थिएन । तर, प्रभावितहरूको जोखिम तथा नाजुक मनोसामाजिक अवस्थाको आधारमा अभिलेखनकर्ताको सिफारिसबमोजिम मनोसामाजिक परामर्श र सुरक्षित आवास गृहको व्यवस्था भने गरिएको थियो । त्यस्ता प्रभावितहरूसँग मनोसामाजिक सुरक्षित आवास गृहमा मनोसामाजिक परामर्श सेवा प्रदान गरेपश्चात सूचना लिइएको थियो ।
- घटना अभिलेखीकरणको सम्पूर्ण प्रकियामा गोपनीयताको पूर्णतः पालना गरिएको थियो ।

# परिच्छेद २

## २.१ कार्यगत परिभाषा

महिलामाथि हुने गरेका हिंसाका स्वरूपहरू बहुआयामिक छन् । महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू, राष्ट्रिय कानूनहरू एवं महिला हिंसाविरुद्धका तथा मानवअधिकार सम्बन्धी घोषणापत्रहरूले औंल्याएका विभेद सम्बन्धि परिभाषाहरुलाई आधार मानेर यो अध्ययनमा हिंसाका स्वरूपलाई ७ भागमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

### क) हिंसाका प्रकार

**घरेलु हिंसा**

घरभित्र परिवारका एक सदस्यबाट अन्य सदस्यमाथि भएका हिंसाका घटनालाई घरेलु हिंसाभित्र समावेश गरिएको छ । श्रीमान् तथा परिवारका अन्य सदस्यहरूबाट भएका कुटपिट, बहुविवाह, स्रोत-साधनबाट वञ्चित गरिएका, घरनिकाला, गालीगलौज, भावनात्मक चोट पुऱ्याउने कार्य तथा विभिन्न डर, त्रास देखाई गरिने मानसिक तनाब दिने, खान लाउन नदिने, स्वास्थ्य सेवाबाट बन्चित गर्ने वा स्वास्थ्य प्रति वेवास्ता गर्ने तथा वैवाहिक बलात्कारका घटनाहरूलाई समावेश गरिएको छ । साथै घरको काममा सघाउन राखिएको कामदारमाथि हुने शोषण र हिंसा पनि घरेलु हिंसाभित्र समेटिएको छ ।

**सामाजिक हिंसा**

समाजका व्यक्तिहरूबाट भएका हिंसाका घटनाहरू तथा हानिकारक परम्परागत अभ्यासलाई सामाजिक हिंसाभित्र समावेश गरिएको छ । सामाजिक हिंसाभित्र विशेषगरी बोक्सीको आरोपमा महिलामाथि भएका हिंसाका घटनाहरू, छुवाछूत, कम उमेरमा हुने विवाह, जवरजस्ती विवाह, महिलामाथि समाजले लगाउने बिभिन्न लाञ्छानालगायत समाजका व्यक्तिहरूबाट सामाजिक र मानसिक असर पारेका घटनाहरूलाई समावेश गरिएको छ ।

**यौनिक हिंसा**

महिलाको इच्छा विपरीत जबरजस्ती यौन अङ्गहरू तथा संवेदनशील अंगहरूमा छुने, सुम्सुम्याउने, अश्लील शब्दहरूको प्रयोग गर्ने, अश्लील शारिरीक हाउभाउद्वारा जिस्काउने, संकेत गर्ने, अश्लील सन्देशहरु, तस्विर वा भिडियो पठाउने, त्यस्तै चित्र, दृश्य वा फिल्महरू देखाउने जस्ता घटनाहरूलाई यस प्रतिवेदनमा यौनिक हिंसाभित्र राखिएका छन् ।

**बलात्कार**

बलात्कार, सामूहिक बलात्कार र बलात्कारको प्रयासलाई बलात्कारको परिभाषाभित्र समावेश गरिएको छ । यसमा महिलालाई ललाइफकाइ वा जबरजस्ती शक्ति प्रयोग गरी भएका बलात्कारका घटनाहरूलाई समावेश गरिएका छन् ।

**मानव बेचबिखन/ओसारपसार**

दासता, बाध्यात्मक श्रम (बँधुवा मजदूरी वा ऋणी बनाइएका व्यक्तिहरूको श्रमलगायत) र दासतापूर्ण व्यवहार र यौनजन्य कामका लागि कुनै पनि व्यक्तिलाई डर, धाक देखाई, जालझेल गरी वा शक्ति/पदको दुरुपयोग गरी काममा लगाउनु/ओसारपसार गर्नु/एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानका लागि सहयोग गर्नु वा आश्रय दिनु वा अरुद्वारा त्यस्तो कामको निम्ति सहयोग प्राप्त गर्नु बेचबिखन हो । बेचबिखन/ओसारपसार तथा बेचबिखन/ओसारपसारको प्रयास भएका घटनाहरूलाई यसमा समावेश गरिएको छ ।

**हत्या**

हत्याभित्र महिलालाई मनसायपूर्वक विभिन्न तवरबाट मारिएका तथा मार्ने प्रयास गरिएका घटनाहरूलाई समेटिएको छ ।

**आत्महत्या**

महिलामाथि हुने विभेद तथा उनीहरुमाथि भएको चरम हिंसाका कारण महिलाहरू मानसिक रुपमा विक्षिप्त भइ आफ्नै ज्यान लिन बाध्य हुने अवस्था हामीकहाँ छ । हिंसाको कारण पीडितका परिवारले आत्महत्या र आत्महत्या प्रयास गरेका घटनाहरूलाई पनि यसमा समावेश गरिएको छ ।

**अन्य**

अपहरण/वेपत्ता, अनलाइनमा भएका लैंगिक विभेदमा आधारित हिंसाका घटनाहरूलाई यसमा राखिएको छ ।

### ख) प्रभावित/पीडकको वैवाहिक स्थिति

यस अन्तर्गत विवाहित, अविवाहित, एकल, विवाहित तर पारिवारिक मनमुटावका कारण अलग अलग बस्दै आएका, कानूनी एवं सामाजिक रीतिरिवाजअनुसार विवाह नगरेका तर विवाहित जोडी सरह सँगै बसेका र पारपाचुकेलाई समेटिएको छ ।

### ग) प्रभावित/पीडकका समूहहरू

यिनलाई निम्नलिखित समूहहरूमा बाँडिएको छ –

**पहाडे जनजाति :** गुरुङ्ग, मगर, राई, लिम्बु, किराँत, थामी, छन्त्याल, तामाङ, शेर्पा, लामा, भोटे, नेवार, जिरेल, थकाली, राउटे, चेपाङ, कुसुन्डा, दनुवार आदि ।

**तराई जनजाति :** थारु, राजवंशी, ताजपुरिया, गन्गाई, सिंह, धानुक, धिमाल, सन्थाल, मुन्डा, सतार, झाँगड, दनुवार, किसान, कोचे आदि ।

**तराई दलित :** चमार, हरिजन, राम, मुसहर, दुसाध, पासवान, पासी, तत्मा, खत्वे, धोबी, सरदार, चिमिदार, डोम, हल्खोर, कुसवादिया, कलर, खातिक, कोइरी आदि ।

**पहाडे दलित :** दमाई, कामी, सार्की, ढोली, गाइने, बादी आदि ।

**तराई गैरदलित :** यादव, तेली, गुप्ता, कामत, मलाहा, महतो, साह, ठाकुर, राजभर, माली, कुर्मी, हलवाई, केवत, नुनिया, कहर, धेडियार, धनिया, लोधा, हजाम, आदि ।

**ब्राह्मण**

**क्षत्री**



### घ) प्रभावित/पीडकको पेशाहरू

सरकारी सेवा

गैरसरकारी सेवा

कृषि तथा पशुपालन

घरयासी काम

नीजि क्षेत्र

दैनिक ज्यालादारी
व्यापार व्यवसाय
विद्यार्थी
रोजगार खोज्दै

### ङ) प्रभावितलाई परेका असरहरु

शारीरिक असर
मानसिक असर
आर्थिक असर
सामाजिक असर
सबै असर

### च) प्रभावित/पीडकको उमेर

१६ वर्षभन्दा मुनि
१७ देखि २५ वर्षसम्म
२६ देखि ३५ वर्षसम्म
३६ देखि ४५ वर्षसम्म
४६ देखि ५५ वर्षसम्म
५६ वर्षभन्दा माथि

## २.२ कार्यकारी सारांश

### अध्ययनबाट प्राप्त नतिजा सङ्क्षेपमा

**२.१.१. भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिति**

संस्थाले अभिलेख गरेका घटनाहरुको विश्लेषण गर्दा प्रदेश नं १ बाट सबैभन्दा बढी महिला हिंसाका घटना अभिलेखीकरण भएका छन् । प्रदेश नं. १ मा ३८ प्रतिशत (६५२  जना), प्रदेश नं. २ मा २६ प्रतिशत (४४६ जना), सुदूरपश्चिम प्रदेश मा १२ प्रतिशत (२०४ जना), प्रदेश नं. ५ मा ११ प्रतिशत (१९३ जना), बाग्मती प्रदेशमा ९ प्रतिशत (१५३ जना), कर्णाली प्रदेशमा ३ प्रतिशत (५८ जना) र गण्डकी प्रदेशबाट जम्मा १ जना महिलामाथि भएका विभिन्न प्रकारका घटना अभिलेख गरिएको छ । जुन घटनाहरु ओरेकको सम्पर्क र पहुँचमा रहेर अभिलेखीकरण भएका घटना मात्र हुन् ।

## २.१.२. हिंसाका प्रकारको विश्लेषण

### क) घरेलु हिंसा

ओरेक नेपालले यस वर्ष जम्मा १ हजार ७ सय ७ वटा घटना अभिलेख गरेको छ । यी घट्ना मध्ये सबैभन्दा बढी महिलाहरू घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ । प्राप्त तथ्याङ्का आधारमा यस वर्ष सबैभन्दा बढी ६७.१ प्रतिशत (११४५ जना) महिलामाथि आफ्नै घरभित्र हिंसा भएको छ र हिंसा गर्नेहरूमध्ये सबैभन्दा बढी आफ्नै श्रीमान् र घरपरिवारका सदस्यहरू छन् । ७९ प्रतिशत (९०९ जना) महिला आफ्नै श्रीमान्बाट र २१ प्रतिशत (२२६) महिला घरपरिवारका सदस्यहरूबाट हिंसामा परेका छन् । यसरी घरेलु हिंसा खप्न बाध्य महिलाहरूमध्ये सबैभन्दा बढी २६ देखि ३५ वर्ष उमेर समूहका ३८ प्रतिशत (४३० जना) र १७ देखि २५ वर्ष उमेर समूहका ३३ प्रतिशत (३७५ जना) रहेका छन् भने ८१ प्रतिशत (९३० जना) साक्षर महिला घरेलु हिंसाबाट प्रभावित रहेको तथ्याङ्कले देखाएको छ । यो तथ्याङ्कले सक्रियरुपमा प्रजनन् उमेरमा रहेका र सचेत महिलामाथि धेरै हिंसा भएको देखाएको छ ।

### ख) सामाजिक हिंसा

महिलाहरूमाथि घरेलु हिंसापछि सबैभन्दा बढी सामाजिक हिंसा भएको पाइएको छ । यस वर्ष संकलन गरिएको तथ्याङ्कको आधारमा हेर्दा ११.१ प्रतिशत (१८९ जना) महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ । त्यसमा ६१ प्रतिशत (११६ जना) छिमेकीबाट, २१ प्रतिशत (३९ जना) महिलाले आत्मीय र नजिक ठानेका साथीबाट, ७ प्रतिशत (१३ जना) साथीबाट, ५ प्रतिशत (९ जना) परिवारका सदस्यबाट, १ प्रतिशत (२ जना) सेवा प्रदायक संस्थाका व्यक्तिहरूबाट र २ जना महिलामाथि अपरिचित व्यक्तिबाट सामाजिक हिंसा भएको पाइएको छ ।

### ग) बलात्कार

प्राप्त तथ्याङ्का आधारमा यस वर्ष जम्मा हिंसाका घटना मध्ये १०.४ प्रतिशत (१७८ जना) महिलामाथि बलात्कार र २.३ प्रतिशत (४० जना) महिलामाथि बलात्कारको प्रयास भएको पाइएको छ । तथ्याङ्क अनुसार ६० प्रतिशत (१०७ जना) महिलामाथि छिमेकीबाट, १७ प्रतिशत (३१ जना) परिवारका सदस्यबाट, १३ प्रतिशत (२३ जना) महिला आफूले आत्मीय ठानेका साथीबाट बलात्कार भएको छ । यसैगरि ४ प्रतिशत (८ जना) साथीबाट, १ प्रतिशत (२ जना) सेवा प्रदायकबाट, २ प्रतिशत (३ जना) अविवाहित तर सँगै बसेका साथीबाट, ४ जना महिलामाथि अपरिचित व्यक्तिवाट बलात्कार भएको तथ्याङ्कले देखाएको छ । प्रभावित महिलाहरूमध्ये सबैभन्दा

बढी ५१ प्रतिशत (९१ जना) बलात्कारका घटनाहरू १६ वर्षमुनिका बालिकामाथि भएको तथ्याङ्कले देखाएको छ । तथ्याङ्कले बालिकाहरू बलात्कारको जोखिममा धेरै रहेको औंल्याएको छ ।

### घ) यौनिक हिंसा

यसवर्ष ३.७ प्रतिशत (६३ जना) महिलामाथि यौनिक हिंसा भएको पाइएको छ, जसमध्ये सबैभन्दा बढी ३७ प्रतिशत (२३ जना) यौनिक हिंसा  महिलाले आत्मीय ठानेका साथीबाट भएको पाइएको छ । त्यसैगरी २४ प्रतिशत (१५ जना) आफ्नै छिमेकीबाट, १३ प्रतिशत (८ जना) साथीबाट, १० प्रतिशत (६ जना) परिवारका सदस्यवाट, ८ प्रतिशत (५ जना)अविवाहित तर सँगै बसेका साथीबाट, ५ प्रतिशत (३ जना) सेवा प्रदायक व्यक्तिबाट, ३ प्रतिशत (२ जना) शिक्षकबाट र १ जना महिलामाथि अपरिचित व्यक्तिवाट यौनिक हिंसा भएको पाइएको छ । घटनालाई हेर्दा साक्षर महिलाहरूमाथि ६५ प्रतिशत (४१ जना) र १७-२५ वर्ष उमेर समूहका ५२ प्रतिशत (३३ जना) महिलामाथि यौनिक हिंसा बढी भएको पाइएको छ ।

### ङ) हत्या

यसवर्ष संकलन गरिएको  तथ्याङ्क अनुसार ०.८ प्रतिशत (१३ जना) महिलाको हत्या भएको छ भने ०.१ प्रतिशत (२ जना) महिलामाथि हत्याको प्रयास भएको पाइएको छ । हत्याका घटनामध्ये ५४ प्रतिशत (७ जना) श्रीमानवाट, ३१ प्रतिशत (४ जना) परिवारका सदस्यवाट र १५ प्रतिशत (२ जना) को महिला आफुले आत्मीय ठानेको साथीबाट र ८ प्रतिशत (१ जना) छिमेकीबाट हत्या भएको पाइएको छ ।  यसैगरि ९२ प्रतिशत (१२ जना) साक्षर महिला रहेका छन् भने, १७-२५ उमेर समूहका ६९ प्रतिशत (९ जना) र १५ प्रतिशत (२ जना) १६ वर्षभन्दा कम उमेरका बालिका र सोही प्रतिशतमा २ जना २६ देखि ३५  वर्ष उमेर समूहका महिलाको हत्या भएको पाइएको छ ।

### च) बेचबिखन

यस वर्ष संकलित हिंसाका जम्मा घटना मध्ये ०.६ प्रतिशत (१० जना) महिला बेचबिखनमा परेका तथा ०.२ प्रतिशत (३ जना) महिलामाथि बेचबिखनको प्रयास भएको पाइएको छ । जसमध्ये सबैभन्दा बढी ८० प्रतिशत (८ जना) छिमेकीबाट र १० प्रतिशत (१ जना) साथीबाट र १० प्रतिशत (१ जना) सेवा प्रदायक व्यक्तिबाट महिला तथा बालिका बेचविखन भएको पाइएको छ । यी मध्ये ९० प्रतिशत साक्षर महिला बेचबिखनमा परेका छन् । १७ देखि २५ वर्ष उमेर समुहका ५० प्रतिशत महिला  बेचबिखनको धेरै जोखिममा पर्ने गरेको पाइएको छ ।

**छ) आत्महत्या**

यसवर्ष अभिलेखीकरण गरिएका मध्ये महिलाको चरित्रमा विभिन्न प्रकारका लाल्छना लगाईएको कारण, दाइजो कम ल्याएको भन्दै दैनिक रुपमा यातना दिएका कारण र जवरजस्ती विवाह गरी आत्महत्या गर्न बाध्य बनाइएका कारणले २.२ प्रतिशत (३८ जना) महिलाले आत्महत्या गरेका साथै ०.२ प्रतिशत (४ जना) महिलाले आत्महत्याको प्रयास गरेका घटना अभिलेखीकरण भएका छन् ।

**ज) साइवर अपराध**

महिलामाथि अनलाइन तथा सामाजिक सञ्जाल मार्फत भएका हिंसा लाई साइवर अपराधका घटनाभित्र समेटिएको छ । यसवर्ष जम्मा हिंसाका घटना मध्ये ०.८ प्रतिशत (१४ जना) साइवर अपराधका घटना अभिलेखन भएको छ ।

**झ) अन्य**

महिलामाथि भएका हिंसा तर थोरै संख्यामा अभिलेख भएका घटनाहरूलाई अन्य समूहमा राखी विश्लेषण गरिएको छ । यस समूहका घटनाहरूमा साइवर अपराध, महिलालाई बेपत्ता बनाइएका तथा अलपत्र पारिएका घटना राखिएको छ । यस वर्ष ३ जना महिलालाई वेपत्ता बनाइएको तथा ५ जना महिलालाई अलपत्र पारिएको तथ्याङ्क प्राप्त भएको छ ।

## २.१.३. उमेर समूह र महिलामाथि हुने हिंसा

यस वर्ष सबैभन्दा बढी १७-२५ वर्ष उमेर समूहका महिला हिंसामा परेको पाइएको छ । कूल हिंसा प्रभावितहरूमध्ये ३३ प्रतिशत (५६६ जना) हिंसा यो उमेर समूहका महिलामाथि भएको पाइएको छ । यस्तै गरी २६ देखि ३५ वर्ष उमेर समूहमा ३२ प्रतिशत (५४३ जना), ३६ देखि ४५ वर्ष उमेर समूहमा १४ प्रतिशत (२४१ जना), १६ वर्षभन्दा कम उमेरका १२ प्रतिशत (२०६ जना), ४६ देखि ५५ वर्ष उमेर समूहका महिलामा ६ प्रतिशत (९४ जना) र ५६ वर्षभन्दा बढी उमेर समूहका महिलाहरूमा ३ प्रतिशत (५७ जना) मा कुनै न कुनै प्रकारको हिंसा भएको पाइएको छ ।

## २.१.४. शिक्षा र महिलामाथि हुने हिंसा

महिलामाथि हुने हिंसा र प्रभावितको शिक्षाको स्तरलाई विश्लेषण गर्दा ८० प्रतिशत (१,३७३ जना) साक्षर महिलामाथि सबैभन्दा बढी हिंसा भएको पाइयो । हिंसा प्रभावित महिलाहरूमध्ये २० प्रतिशत निरक्षर (३३४ जना) रहेको पाइयो । साक्षरताको अवस्थालाई समेत विश्लेषण गरी हेर्दा

६६ प्रतिशत (९०६ जना) महिलाले आधारभूत शिक्षा (कक्षा १ देखि ८ कक्षा) सम्म अध्ययन गरेका, ३०.६ प्रतिशत (४२० जना) माध्यमिक तहसम्मको अध्ययन गरेका, २.४ प्रतिशत (३५ जना) स्नातक तहसम्म अध्ययन गरेका, ६-६ जना स्नातकोत्तर तथा प्राविधिक शिक्षा अध्ययन गरेका महिलामाथि हिंसा भएको पाइयो । यो तथ्याङ्कले अन्याय विरुद्ध बोल्ने शिक्षित महिलाहरूमाथि धेरै हिंसा भएको पाइएको छ ।

### २.१.५. वैवाहिक अवस्था र महिलामाथि हुने हिंसा

महिलामाथि भएको हिंसा र महिलाको वैवाहिक अवस्थालाई विश्लेषण गर्दा हिंसा प्रभावित महिलाहरूमा सबैभन्दा बढी ७७.२ प्रतिशत (१,३१८ जना) विवाहित महिलामाथि हिंसा भएको पाइएको छ । १९.६ प्रतिशत (३३५ जना) अविवाहित, २.१ प्रतिशत (३६ जना) एकल, ०.६ प्रतिशत (१० जना) विवाहित तर पारिवारिक मनमुटावका कारणले अलग बस्दै आएका महिलामाथि हिंसा भएको छ । यसैगरि ३ जना कानूनी र सामाजिक रीतिरिवाजअनुरुप विवाह नगरेका तर विवाहित सरह बस्दै आएका र ५ जना पारपाचुके गरेर बसेका महिलामाथि हिंसा भएको पाइयो । महिलाहरू बढी घरेलु हिंसाबाट प्रभावित छन् र सबैभन्दा बढी महिलाहरूमाथि विवाहपछि श्रीमान्‌द्वारा हिंसा भएको पाइएकाले पनि विवाहित महिलाहरूमाथि भएको हिंसाको संख्या बढी अभिलेखीकरण भएको हुन सक्छ ।

### २.१.६. पेशा र महिलामाथि हुने हिंसा

कुन पेशामा संलग्न कति महिलाहरूमाथि हिंसा भएको छ भनी यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा आफ्नै घरको काममा संलग्न हुने ३८ प्रतिशत (६४२जना) महिलामाथि सबैभन्दा बढी हिंसा भएको पाइएको छ । यस्तैगरी हिंसा प्रभावित महिलाहरूमध्ये २९ प्रतिशत (४९६ जना) महिला कृषि पेशामा संलग्न रहेका, १४ प्रतिशत (२३३ जना) विद्यार्थी, १२ प्रतिशत (२०६ जना) महिला दैनिक ज्याला मजदूरीमा संलग्न रहेको पाइएको छ । यस्तै ४ प्रतिशत (७३ जना) व्यापार व्यवसायमा संलग्न, २ प्रतिशत (२७ जना) जागिर खोज्दै गरेका, १ प्रतिशत (२२ जना) गैरसरकारी क्षेत्रमा कार्यरत र ८ जना सरकारी सेवामा कार्यरत महिलामाथि हिंसा भएको तथ्याङ्कले देखाएको छ ।

### २.१.७. महिलामाथि हुने हिंसाका असरहरू

हिंसाका कारण महिलाहरूमाथि परेको असरलाई यस पुस्तकमा ५ समूहमा विभाजन गरी विश्लेषण गरिएको छ । महिलाहरूमाथि जुनसुकै प्रकारको हिंसा भएपनि सबैभन्दा बढी ३९ प्रतिशत (६५९ जना) लाई हिंसाको कारण शारीरिक असर परेको पाइयो । ३४ प्रतिशत (५७३ जना) महिलालाई

मानसिक असर, २ प्रतिशत (४२ जना) सामाजिक, सोही प्रतिशतमा (३५ जना) महिलालाई आर्थिक असर परेको पाइएको छ भने २३ प्रतिशत (३९८ जना) महिलामाथि हिंसाको कारण शारीरिक, मानसिक, आर्थिकलगायत सबैखाले असर परेको तथ्याङ्कले देखाएको छ ।

### २.१.८. जातीयताका आधारमा महिलामाथि हुने हिंसा

महिलामाथि हुने हिंसाका विभिन्न प्रकारहरू र महिलाको जातीयताका आधारमा विश्लेषण गर्दा यस वर्ष सबैभन्दा बढी तराई आदिवासी जनजाति महिलाहरूमाथि हिंसा भएको पाइएको छ । हिंसा प्रभावित कूल महिलामध्ये २४ प्रतिशत (४०३ जना) तराई आदिवासी जनजाति, २० प्रतिशत (३३४ जना) पहाडे ब्राह्मण/क्षेत्री, १५ प्रतिशत (२५८ जना) पहाडे आदिवासी जनजाति, ११ प्रतिशत (१८४ जना) तराई दलित, १० प्रतिशत (१६४ जना) तराइ गैर दलित, ९ प्रतिशत (१४६ जना) पहाडे दलित, ८ प्रतिशत (१४२ जना) ब्राह्मण/क्षेत्री तराई र ४ प्रतिशत (७६ जना) मुश्लिम महिलामाथि हिंसा भएको तथ्याङ्क अभिलेख भएको छ ।

### २.१.९. आरोपित र प्रभावितको सम्बन्ध

महिलाको पीडकसँग रहेको सम्बन्धको आधारमा विश्लेषण गर्दा महिलामाथि सबैभन्दा बढी हिंसा श्रीमानबाट भएको छ । महिलामाथि हिंसा गर्ने ५४ प्रतिशत (९२६ जना) श्रीमान् रहेको तथ्याङ्कले देखाएको छ । त्यसैगरी १८ प्रतिशत (३०९ जना) महिला आफ्नै परिवारका सदस्यवाट, १७ प्रतिशत (२८७ जना) महिला छिमेकीबाट, ५ प्रतिशत (९२ जना) महिला आफूले आत्मीय ठानेका व्यक्तिहरूबाट, २ प्रतिशत (४० जना) साथीबाट, १ प्रतिशत (१५ जना) सेवा प्रदायक व्यक्तिहरू जस्तै प्रहरी, स्वास्थ्यकर्मीबाट र सोही प्रतिशतमा अपरिचित व्यक्तिबाट महिलामाथि हिंसा भएका पाइएको छ । यसैगरी ८ जना अविवाहित तर सँगै वसेका व्यक्तिबाट र ५ जना शिक्षकबाट हिंसा भएको पाइएको छ ।

# परिच्छेद ३

## ३.१ महिलामाथि हुने हिंसा अन्त्यका लागि भएका प्रयास तथा प्रावधानहरू

महिलामाथि हुने हिंसाका कारण महिलाले पुरुषसरह अधिकार र स्वतन्त्रताको निर्धक्क उपभोग गर्न पाएको अवस्था छैन । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ ले कसैलाई पनि जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक आस्था आदिका आधारमा शोषण, दमन र हिंसा गर्न पाइने छैन भन्ने व्यवस्था गरेको छ । यसैगरी महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सीड) १९७९ अनुसार महिला हिंसा भनेको महिलामाथि गरिने विभिन्न किसिमका शारीरिक, यौनिक, मानसिक एवं हिंसात्मक व्यवहारहरू हुन्छन् । यस्ता व्यवहारभित्र महिलामाथि गरिने कुटपिट, घरभित्र बालिकामाथि गरिने यौन शोषण, दाइजोका कारण गरिने दुर्व्यवहार, वैवाहिक जीवनभित्र बलात्कारका साथै विभिन्न किसिमका सामाजिक एवं सांस्कृतिक परम्पराहरू पर्दछन् भनी परिभाषित गरेको छ ।

लैङ्गिक समानता र महिलाविरुद्ध हुने घर भित्रको सवै प्रकारको हिंसा नियन्त्रण गर्नको लागि छुटै ऐनको रुपमा घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ २०६६ बैशाख १४ गते देखि लागु गरिएको छ । घरेलु हिंसा (कसुर र सजाय) नियमावली पनि तयार भई कार्यान्वयन अवस्थामा रहेको छ । पछिल्लो समयमा  लैंगिक हिंसा न्यूनिकरणका  लागि थुप्रै राष्ट्रिय अन्तर्राष्ट्रिय प्रयास जारी छ ।  ।

लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०६३ ले महिलाविरुद्धका भेदभावपूर्ण कानुनको खारेजी र लैंगिक समानताको लागि कानुन संशोधन गरि २०६३ देखि लागु भएको थियो । महिलामाथि हुने हिंसाको अनेक स्वरूप र प्रकृतिलाई सम्बोधन गर्न नेपालको पुरानो मुलुकी ऐन २०२० लाई २०७५ भदौबाट अन्य ऐनहरूद्वारा प्रतिस्थापन गरिएको छ । जसमा मुलुकी अपराध संहिता, २०७४; मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४; फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४; मुलुकी देवानी संहिता, २०७४ र मुलुकी

देवानी संहिता, २०७४ रहेका छन् । यी ऐनहरूमार्फत् सबै प्रकारका हिंसा, भेदभाव, शोषण, सामाजिक सांस्कृतिक कुरीतिजन्य व्यवहार वा अभ्यास, महिलामाथि हुने हानिकारक परम्परागत अभ्यासहरूलाई अपराधिक कार्यको रूपमा व्याख्या गरेर सजाय तथा क्षतिपूर्तिको व्यवस्था गरिएको छ । यी ऐनहरूले महिलामाथि हुने हिंसाको प्रकृति र स्वरूपहरूका आधारमा कानूनी सजाय वा क्षतिपूर्तिको व्यवस्था गरेको छ । महिला हिंसालाई कानूनी उपचार, समाधान र दण्ड सजायको निमित्त यी ऐन कानूनहरू विशेष छन् ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १६० मा 'उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपाङ्गगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्थाका आधारमा कुनैपनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्नु हुँदैन' भनिएको छ । त्यस्तो कसूर गर्ने वा गराउनेलाई तीन वर्ष कैद, ३० हजार रुपैयाँ जरिवाना वा दुबै सजाय हुने व्यवस्था पनि उपदफा (२) अन्तर्गत गरिएको छ । मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत नै 'कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिइ करणी (बलात्कार) गरेमा वा मञ्जुरी लिएर भएपनि १८ वर्ष भन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा ऐन बमोजिम सजायँ हुने' व्यवस्था गरेको छ । सोही ऐनले वैवाहिक बलात्कारलाई समेत अपराध मानेर त्यस्तो जबर जस्तीकरणीमा पाँच वर्षसम्म कैद सजाय तोकेको छ । त्यस्तै सबै नागरिक कानूनको दृष्टिकोणमा समान हुने र कसैलाई पनि भेदभाव गर्न नपाइने र कानून विपरितका प्रथा वा परम्परालाई समेत मुलुकी देवानी संहिता, २०७४ ले दफा १५ ले दुरुत्साहन गरेको छ ।

लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न बनेको ऐन, २०७२ ले जुनसुकै थलोमा हुने लैङ्गिक हिंसालाई कानूनी दायरमा ल्याएको छ । त्यस्तै लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य सञ्चालन कार्य विधि, २०६८ ले लैङ्गिक हिंसाभित्र लैङ्गिकताका आधारमा घरेलु हिंसा, कार्यस्थलमा हुने यौनजन्य हिंसा, दुर्व्यवहार, सामाजिक कुरीतिजन्य विभेदपूर्ण व्यवहारलाई समेत समेटेको छ । जसअनुसार कुनैपनि व्यक्तिलाई लिंग भेदको आधारमा गरिएको कुनैपनि खालको पीडा वा हिंसालाई कानुनी रुपमा सजाय हुने व्यवस्था गरिएको छ ।

लैङ्गिक हिंसा नियन्त्रण गर्न एसिड प्रहारजस्तो अमानवीय र जघन्य अपराधविरुद्ध एसिड छ्यापेर कसैलाई घाइते वा शरीरमा क्षति पुऱ्याए २० वर्ष कैद सजाय हुने गरी मन्त्रिपरिषद्ले अध्यादेश

ल्याएको छ । एसिडको दुरुपयोग र यसबाट हुने अपराधसम्बन्धी छुट्टै अध्यादेश पारित गर्दै एसिड छ्यापेर कसैको मृत्यु भएमा जन्मकैद र घाइते, अङ्गभङ्ग वा शरीरका कुनै अंगमा क्षति पुऱ्याए २० वर्ष कैद र १० लाख क्षतिपूर्ति भराउने व्यवस्था  उक्त अध्यादेशमा  छ ।

महिलामाथि हुने हिंसाका सन्दर्भमा अरु थप कानूनहरू पनि छन् । मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४; मानव वेचविखन तथा ओसारपसार पीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६४, मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५; घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६; घरेलु हिंसा (कसुर तथा सजाय) नियमावली, २०६७; कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१; बोक्सी आरोपविरुद्धको (कसुर र सजाय) ऐन, २०७२; एकल महिला सुरक्षा कोष नियमावली, २०७०; लैङ्गिक हिंसा उन्मूलन कोष (सञ्चालन) नियमावली, २०६६; लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७; महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूल गर्ने महासन्धि कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०; लैङ्गिक समानता तथा महिला सशक्तिकरण राष्ट्रिय कार्ययोजना, २०६१; जेष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२; मानव वेचविखत विशेष गरी महिला तथा बालबालिकाहरूको वेचविखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८; छाउपडी प्रथा उन्मूलन निर्देशिका , २०६४; पुनस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८; पुनःस्थापना कोष सञ्चालन निर्देशिका, २०६८; मानव वेचविखनविरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८;  लगायतका ऐन कानूनहरू महिला हिंसा अन्त्यका लागि महत्वपूर्ण छन् ।

नेपाल सरकार महिलामाथि हुने हिंसा अन्त्यका लागि प्रतिवद्ध छ भनेर पटक पटक भनेको छ र  त्यसै अनुसारका नीति, नियम र कानुन पनि बनाएको छ । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र समाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प नेपालको संविधानले गरेको छ ।  केहीवर्ष यता सरकारीस्तरबाट लैंङ्गिक हिंसा न्यूनीकरणका लागि राष्ट्रिय कार्ययोजना तयार गरि स्थानीय तहदेखि राष्ट्रियस्तरसम्म विभिन्न कार्यक्रमहरू समेत सञ्चालन हुँदै आएका छन् ।

विभिन्न संघ संस्थाहरूले सञ्चालन गरेका शसक्तिकरणका अभियानमार्फत् पनि महिलाहरूलाई आत्मनिर्भर,आर्थिक स्वनिर्भरताको विकास गराउने अभ्यास पनि भईरहेको छ। यसरी नेपालको योजनावद्ध विकासमा लैंगिक हिंसा नियन्त्रण गर्नको लागि अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरमा विविध कानुनी प्राबधानहरूको व्यवस्था भएका छन्। नीतिगत व्यवस्थाहरू भएर पनि यसको कार्यान्वयनमा देखिएको कमी कमजोरीका कारण महिलामाथि हुने नियन्त्रण भने हुन सकेको छैन। महिला हिंसा अन्यका लागि राज्य र समाजको भूमिका महत्वपूर्ण हुन्छ। संविधान र कानुन प्रदत्त हक अधिकारलाई व्यवहारमा लागु गर्नका लागि राज्यको प्रतिबद्धता र सबै सरोकारवालाहरूको ऐक्यवद्धताको आवश्यकता पर्दछ।


# परिच्छेद ४

## महिलामाथि भएको हिंसाका प्राप्त परिणाम  र विश्लेषण

### ४.१ महिलामाथि भएको हिंसाको अवस्था र विश्लेषण

#### ४.१.१ भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिति

महिलामाथि हुने हिंसा कुनै विशिष्ट भौगोलिक क्षेत्रमा मात्र सीमित हुँदैन । यो हरेक क्षेत्र/स्थानहरूमा हुने गर्दछ । ओरेक नेपालको तथ्याङ्कअनुसार पनि नेपालको सातवटै प्रदेशबाट महिला हिंसाका घटना अभिलेख भएका छन् । यो वर्ष २०१९ जुलाईदेखि २०२० जुनसम्मको समयावधिमा ओरेक नेपालले ७ वटै प्रदेशमा, जम्मा १७०७ महिलामाथि भएका हिंसाका घटनाको अभिलेखीकरण गरेको छ ।




**चार्ट नं. १.** प्रदेश अनुसार महिलामाथि भएको हिंसाको स्थिति


यसवर्ष संकलित तथ्याङ्क अनुसार अघिल्लो वर्ष जस्तै, प्रदेश नं. १ बाट सबैभन्दा बढी हिंसाका घटना अभिलेखीकरण भएका छन् । प्रदेश नं. १ मा ३८ प्रतिशत (६५२ जना), प्रदेश नं. २ मा २६ प्रतिशत (४४६ जना), सुदूरपश्चिम प्रदेश मा १२ प्रतिशत (२०४ जना), प्रदेश नं. ५ मा ११ प्रतिशत (१९३ जना), वाग्मती प्रदेशमा मा ९ प्रतिशत (१५३ जना), कर्णाली प्रदेशमा ३ प्रतिशत (५८ जना) र गण्डकी प्रदेशबाट जम्मा १ वटा घटना अभिलेख गरिएको छ ।

ओरेक नेपालको सम्पर्कमा आएका र ओरेक नेपालको पहुँचमा रहेका स्थानमा घटनाहरूको धेरै अभिलेख भएको छ । यही आधारमा यस्तो वर्गीकृत तथ्याङ्क निकालिएको हुँदा, कर्णाली प्रदेश र गण्डकी प्रदेशमा महिला हिंसा कम हुन्छन् र प्रदेश नं. १ मा बढी हुन्छ भन्ने किटान यसले गर्दैन । प्रदेश नं. १ को मोरङ्ग र उदयपुरमा ओरेक नेपालले लामो समयदेखि काम गरिरहेको, प्रदेश नं. २ को धनुषा, सुदूरपश्चिम प्रदेशको कैलाली, प्रदेश नं. ५ को दाङ्ग र प्रदेश नं. ३ को काठमाडौंमा सुरक्षित आवास समेत सञ्चालन गरिरहेको छ । साथै कोभिड महामारीसँगै गरिएको बन्दावन्दीको अवस्थामा सुदूरपश्चिमको कैलाली र काठमाडौंमा हिंसा प्रभावित महिलाका लागि थप २ वटा विशेष सुरक्षित आवास सञ्चालन गरी सेवा प्रदान गरिएका कारणले पनि यी प्रदेशहरूमा बढी मात्रामा घटना अभिलेखीकरण भएको हो ।

महिलाका लागि सहयोगी संयन्त्रहरूको विकास, सूचनाको पहुँच र महिलाहरूको सशक्तीकरणको अवस्था राम्रो भएका स्थानमा महिलामाथि हुने हिंसाका घटनाहरू बढी रिपोर्टिङ्ग हुने गरेका छन् । भौगोलिक विकटता, सूचनाको पहुँचको कमी, हिंसा प्रभावित महिलाहरूका लागि सहयोगी संयन्त्रहरूको अभाव र यी संयन्त्रसम्मको पहुँच नभएका ठाउँहरूमा हिंसाका घटनाहरू कमै रिपोर्टिङ्ग हुने गरेका छन् । फलस्वरुप, गण्डकी प्रदेश र कर्णाली प्रदेशबाट हिंसाको रिपोर्टिङ्ग कम भएको हुन सक्दछ भन्ने हाम्रो विश्लेषण रहेको छ ।

### ४.१.२ महिला हिंसाका प्रकार

महिलामाथि हुने हिंसाकास्वरूप तथा प्रकार विभिन्न खालका छन् । यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा महिलामाथि भएका हिंसालाई (चार्ट नं. २) १३ भागमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।




**चार्ट नं २.** महिलामाथि भएका हिंसाका प्रकारको अवस्था

यसवर्ष अभिलेख गरिएका तथ्याङ्कहरूको विश्लेषण गर्दा सबैभन्दा बढी ६७.१ प्रतिशत (११४५ जना) महिलामाथि घरेलु हिंसा भएको पाइएको छ । त्यस्तै गरी ११.१ प्रतिशत (१८९ जना) महिला सामाजिक हिंसाबाट, १०.४ प्रतिशत (१७८ जना) महिलामाथि बलात्कार, ३.७ प्रतिशत (६३ जना) यौन हिंसा, २.३ प्रतिशत (४० जना) माथि बलात्कारको प्रयास भएको पाइएको छ । यसैगरी ०.८ प्रतिशत (१३ जना) महिलाको हत्या, ०.१ प्रतिशत (२ जना) महिलाको हत्या प्रयास गरिएका घटना अभिलेख भएका छन् । यसरी नै ०.६ प्रतिशत (१० जना) बेचविखन, ०.२ प्रतिशत (३ जना) महिलालाई बेचविखनको प्रयास गरिएको छ भने २.२ प्रतिशत (३८ जना) ले आत्महत्या गरेको र ०.२ प्रतिशत (४ जना) आत्महत्या प्रयास, ०.८ प्रतिशतमाथि (१४ जना) अनलाइन मार्फत भएका (साइबर अपराधका) घटना र ०.५ प्रतिशत (८ जना) अन्य हिंसा भएको पाइएको छ । अन्य हिंसा अन्तर्गत ५ जना महिलालाई अलपत्र बनाइएको तथा ३ जना लाई वेपत्ता बनाइएको तथ्याङ्क प्राप्त भएको छ ।




अघिल्लो वर्ष जस्तै यसवर्ष पनि सबैभन्दा बढी महिला घरेलु हिंसाबाट नै प्रभावित भएका छन् । प्रत्येक व्यक्तिका लागि घर सुरक्षित हुन्छ भन्ने मान्यता रहेको छ । तर यस तथ्याङ्कले घरभित्रै महिला र बालिका अझ बढी असुरक्षित र हिंसाको जोखिममा रहेको देखाउँछ । महिलालाई परम्परागत भूमिका मै देख्न चाहने गलत र हानिकारक सोच मुल्य मान्यता र अन्यायविरुद्धका आवाजलाई

दवाइएका र वेवास्ता गरिएका कारण महिलामाथि सदियौंदेखि घरभित्रै हिंसा हुँदै आएको कुरा पछिल्लो समय आएका घटना र तथ्याङ्कले पनि पुष्टि गरेको छ। महिलाको शरिरलाई आफ्नो सम्पति ठान्ने, नियन्त्रणमा राख्ने, कुटपीट गर्ने, गाली गलौज गर्ने कार्यलाई सामान्यीकरण गर्दै यस्ता गतिविधिलाई पुरुषको अधिकारका रुपमा लिएर महिलालाई मानवीय व्यवहारहरूबाट सदियौंदेखि बन्चित गरिंदै आइएको छ । घरेलु हिंसा प्रभावितले नै घर छोड्नुपर्ने, समयमा न्यायीक कार्वाही नहुने, पीडकले पटक पटक धम्की दिने, सामाजिक रुपमा लाञ्छना खेप्नुपर्ने, पारिवारिक र सामाजिक सहयोगको कमी हुने, परिवार र समाजबाटै एक्ल्याउने, चारित्रीक आरोप लगाउने जस्ता कारणले महिलामाथि भइरहेका अझै धेरै घटना बाहिर आउन सकेका छैनन्। यसका लागि सरकारले घरेलु हिंसामा संलग्न व्यक्तिलाई कानुनी कारवाही र आवश्यकता अनुसार सुधार गृहमा राख्ने र प्रभावितलाई घरमा नै सुरक्षित रुपमा बस्न पाउने अधिकारको सुनिश्चित गरी प्रभावितको शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जनका लगायतका अन्य सहयोग गर्नुपर्ने आवश्यकता रहेको छ।

### ४.१.३ महिलामाथि हुने हिंसा र उमेर

महिलामाथि हुने हिंसा कुनै एक उमेर समूहमा मात्र केन्द्रित छैन। हरेक उमेर समूहका व्यक्तिहरू हिंसाबाट प्रभावित हुने गरेका छन्। यसवर्ष प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा ४ वर्षकी बालिका देखि ८५ वर्षीया बृद्धा समेत हिंसाबाट प्रभावित भएको पाइएको छ।




**चार्ट नं. ३.** महिला हिंसा र उमेर समूह

यस अध्ययनमा महिलाको उमेरलाई ६ समूहमा विभाजन गरी प्राप्त तथ्याङ्कलाई कुन उमेर समूहका महिलामाथि बढी हिंसा भएको छ भनी विश्लेषण गरिएको छ । प्राप्त तथ्याङ्कको आधारमा यसवर्ष सबैभन्दा बढी ३३ प्रतिशत (५६६ जना) १७ देखि २५ वर्ष उमेर समूहका महिलामाथि हिंसा भएको पाइएको छ । यस्तै गरी २६ देखि ३५ वर्ष उमेर समूहका ३२ प्रतिशत (५४३ जना), ३६ देखि ४५ वर्ष उमेर समूहका १४ प्रतिशत (२४१ जना), १६ वर्षभन्दा कम उमेर समूहका बालिकाका १२ प्रतिशत (२०६ जना), ४६ देखि ५५ वर्ष उमेर समूहका ६ प्रतिशत (९४ जना) र ५६ वर्षभन्दा माथिका उमेर समूहका ३ प्रतिशत (५७ जना) महिला कुनै न कुनै प्रकारको हिंसामा परेको पाइएको छ । उमेरको हिसाबले १७ देखि २५ वर्ष र २६ देखि ३५ वर्ष उमेर समूहका महिलाहरू बढी हिंसाको जोखिममा रहेको तथ्याङ्कले देखाएको छ । प्राप्त तथ्याङ्क अनुसार प्रजनन् र उत्पादनमूलक उमेरका सक्रिय महिला हिंसाको सबैभन्दा धेरै जोखिममा रहेका छन् ।

२० देखि २४ वर्ष उमेर समूहका महिला घरेलु हिंसाको उच्च जोखिममा रहेका हुन्छन् ।[१] नेपालमा यो उमेर का अधिकाशं महिलाको विवाह भइसकेको हुन्छ । यो तथ्याङ्कलाई आधार मान्दा विवाहपछि महिलामाथि धेरै हिंसा हुने गरेको प्रष्ट हुन्छ । यद्यपी १६ वर्ष भन्दा कम उमेरका बालिकाहरूमा पूर्ण रुपमा हिंसाका स्वरुप र आफ्ना अधिकारका बारेमा जानकारी नहुने वा जानकारी भएतापनि आफूमाथि भएको हिंसालाई सार्वजनिक वा उजुरी गरे पीडकले झन पीडा दिने डरले लुकाउने वा परिवारलाई मात्रै जानकारी दिने गरेका छन् । कसैलाई भने वा उजुरी गरे पीडकले आफूलाई मारिदिने, परिवारका सदस्यलाई हानी नोक्सानी पुऱ्याउने डर, धम्की दिने हुनाले यो उमेर समूहका बालिकाहरू हिम्मत बटुलेर घरपरिवारका सदस्यलाई आफूमाथि भएको हिंसाका बारेमा जानकारी गराएपनि परिवारका सदस्य कै दवावमा घटना लुकाउने गरेका उदाहरण थुप्रै छन् । आफ्नी छोरी वा बहिनीमाथि भएका यस्ता घटना समाजले थाहा पाएमा आफ्नो र छोरीको इज्जत जान्छ र उसको विवाह हुँदैन भन्ने सोच अहिलेसम्म पनि उत्तिकै बलियो रहेका कारण पनि यस्ता घटना कम मात्रामा सार्वजनिक भएका वा न्यायीक प्रक्रियामा नगएका हुन सक्छन् ।


संकलित तथ्याङ्कका आधारमा हेर्दा ४६ वर्षभन्दा माथिका उमेर समूहका महिलामाथि भएका हिंसाका घटनाहरूपनि कमै मात्र अभिलेखीकरण भएका छन् । यसको कारण पीडकले विशेष गरी युवा अवस्थाका महिलालाई लक्षित गरी हिंसा गर्ने वा ४६ वर्ष भन्दा माथिका महिला पनि समान रुपमा हिंसाबाट प्रभावित हुने गरेको घटनाहरूले देखाउँछन् । तर आफूमाथि भएका हिंसाका घटनालाई बाहिर ल्याउँदा इज्जत जान्छ भन्ने पुरानै सोच र हिंसालाई कानुनी अपराध भन्दा


[१] https://asiafoundation.org/resources/pdfs/OPMCMGECUGBVResearchFinal.pdf

पनि सामान्य रुपमा लिएका कारण घटनाहरू  कममात्र रिपोर्टिङ्ग भएको हुन सक्दछ भन्ने हाम्रो विश्लेषण रहेको छ । साथै यो उमेरका महिलामा पारिवारिक जिम्मेवारी हुने हुँदा छोराछोरीका लागि पनि हिंसालाई सहेर बस्ने गरेको भेटिन्छ । सार्वजनिक वा  उजुरी गर्ने वित्तिकै घर छोड्नुपर्ने अन्य सहयोगी संयन्त्र नहुँदा जाने ठाउँ नहुने र एक्लिने डरले समेत हिंसालाई आफुमै दवाएर बस्ने गरेका हुन सक्छन् ।

### ४.१.४ महिला हिंसा र शिक्षा

महिलामाथि हुने हिंसा र शिक्षाको स्थिति विश्लेषण गरी चार्ट नं. ४ र ५ मा प्रस्तुत गरिएको छ । हिंसामा परेकामध्ये ८० प्रतिशत (१३७३ जना) महिला साक्षर रहेका छन् । ती साक्षर महिलामध्ये ६६ प्रतिशत (९०६ जना) महिलाले आधारभूत शिक्षा (कक्षा १ देखि ८) अध्ययन गरेका, ३० प्रतिशत (४२० जना) ले माध्यमिक तहसम्म अध्ययन गरेका, २.४ प्रतिशत (३५ जना)ले स्नातक तह, ०.३ प्रतिशत (६ जना) ले स्नातकोत्तर तहसम्म तथा सोही प्रतिशतमा ६ जनाले प्राविधिक शिक्षा अध्ययन गरेका छन् । हिंसा प्रभावित महिलाहरूमध्ये २० प्रतिशत (३३४ जना) निरक्षर रहेको पाइयो ।




**चार्ट नं.४** महिलाको शैक्षिक अवस्थाका आधारमा हिंसाका परिणाम

**चार्ट नं. ५** महिलाको साक्षरताको अवस्थाका आधारमा हिंसाका परिणाम

यसवर्ष प्राप्त तथ्याङ्कका आधारमा हेर्दा निरक्षर महिलाको तुलनामा साक्षर महिलामाथि बढी हिंसा भएको पाइएको छ । निरक्षर महिलाका तुलनामा शिक्षित महिला आफ्ना अधिकारका बारेमा बढी जानकार हुने अन्याय नसहने, प्रतिवाद गर्ने र आफूमाथि भएको हिंसा विरुद्ध आवाज उठाउनुपर्छ भन्ने कुरामा सचेत छन् भन्ने यहाँ आएको तथ्याङ्कले देखाउँछ । शिक्षित महिलाहरू अन्याय सहँदैनन् र सहन हुन्न भन्ने कुरामा सचेत भएका कारण आफूमाथि भएका हिंसाका बारेमा उजुरी गर्दछन् । शिक्षामा पहुँच नभएका महिलाहरू अझैपनि आफ्ना अधिकारका बारेमा अनभिज्ञ छन् । उनीहरूले अन्याय वा हिंसा जे भोग्दै आएका छन् त्यो सामान्य हो भनेर बुझेका छन् । बुझेपनि न्यायका लागि कहाँ जाने र कोसँग भन्ने बारेमा जानकारी नभएका कारण चुपचाप अन्याय सहेर बस्न बाध्य छन् ।


नेपाल सरकारले महिलामाथि हुने हिंसा न्यूनीकरण गरि उनीहरूको अधिकार सुनिश्चित गर्न संविधान मै महिलाको हकलाई मौलिक हकका रुपमा व्यवस्था गरेको छ । साथै त्यसै अनुसार विभिन्न नियम कानुन, नीति, निर्देशिका निर्माण तथा परिमार्जन गरेको छ । यद्यपी अहिले पनि धेरै नेपाली महिलाले आफूमाथि भएका हिंसालाई गैरकानुनी वा अपराधका रूपमा नलिई सामान्य रुपमा लिने गरेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयले सन् २०१२ मा गरेको एक अध्ययन अनुसार ६० प्रतिशत महिला लैंगिक हिंसा सम्बोधनका लागि बनेका कानुनका बारेमा अनभिज्ञ छन् ।[२] सरकारका तर्फबाट गरिएका सकारात्मक प्रयासहरूले महिलालाई आफूमाथि भएका हिंसाको पहिचान गर्न र यसविरुद्ध बोल्न प्रोत्साहन गरेको छ तर यस्ता कानुनी व्यवस्था र आवश्यक सूचना महिलाहरूसम्म नपुग्नाले यसले महिलाको जीवनमा कुनै सकारात्मक परिवर्तन ल्याउन सकेको छैन । देश संघीयतामा गइसकेपछि महिला हिंसा न्यूनीकरणका लागि राज्यले व्यवस्था गरेको प्रयासलाई स्थानीय तहमार्फत जानकारी दिन र कार्यान्वयन गर्न अहिले सहज भएको छ । केही स्थानीय तहले सक्रियताका साथ महिला शसक्तिकरणका लागि विभिन्न कार्यक्रम गर्ने कानुनी सचेतना ल्याउने काम गर्दै आएका छन् । योसँगै गैरसरकारी क्षेत्रबाट पनि यस्ता प्रयासहरू हुँदै आएका छन् । यद्यपी यस तथ्याङ्कले सबै वर्ग र स्थानका महिलाको पहुँच हुने गरी सचेतनामूलक कार्यक्रम नपुगेको र अझै व्यापक रूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

[२] https://asiafoundation.org/resources/pdfs/OPMCMGECUGBVResearchFinal.pdf

### ४.१.५ वैवाहिक स्थिति र महिलामाथि हुने हिंसा

महिलाहरूको वैवाहिक स्थिति जस्तोसुकै भएपनि सबै हैसियतका महिलामाथि हिंसा हुने गरेको तथ्याङ्कले देखाएको छ । यसवर्ष अभिलेखीकरण गरिएका तथ्याङ्कमध्ये सबैभन्दा बढी ७७.२ प्रतिशत (१३१८ जना) विवाहित महिला हिंसामा परेको पाइएको छ । १९.६ प्रतिशत (३३५ जना) अविवाहित महिला, २.१ प्रतिशत (३६ जना) एकल महिला, ०.६ प्रतिशत (१५ जना) विवाहित तर पारिवारिक मनमुटावका कारण अलग अलग बस्दै आएका महिला, ०.३ प्रतिशत (५ जना) पारपाचुके गरेका र ०.२ प्रतिशत (३ जना) कानूनी र सामाजिक रीतिरिवाजअनुरुप विवाह नगरेका तर विवाहित सरह सँगै बस्दै आएका महिलामाथि हिंसा भएको पाइएको छ ।




**चार्ट नं. ६.** महिलाको वैवाहिक स्थिति र हिंसाको परिणाम

नेपालको कानुन अनुसार विवाहको न्यूनतम उमेर २० वर्ष भएतापनि ३७ प्रतिशत नेपाली किशोरीको विवाह १८ वर्ष नपुग्दै र १० प्रतिशतको १५ वर्ष नपुग्दै विवाह हुन्छ । युनिसेफको तथ्याङ्क अनुसार नेपालमा बालविवाहको दर बङ्गलादेश र भारतपछि एसियाकै तेस्रो स्थानमा रहेको छ ।[३]


पितृसत्तात्मक संरचना, मुल्य मान्यता र संस्कृती रहेको नेपालमा विवाह सामाजिक रुपले मान्यता प्राप्त संस्थाका रुपले स्थापित छ । महिलाले विवाहपछि आफूमाथि जस्तोसुकै अन्याय भएपनि मौन बस्नुपर्छ, परिवारको इज्जत धान्नुपर्दछ, सबै परिवारलाई खुसी राख्न सक्नुपर्छ भन्ने मान्यता अझैपनि

[३]https://www.hrw.org/sites/default/files/report_pdf/nepal0916_insert_nepali_web.pdfpdf

स्थापित छ र त्यस्ता  महिलालाई मात्र राम्रो र संस्कारी महिलाको रुपमा लिइन्छ । विशेषगरी विवाह पश्चात श्रीमानको घरमा जानुपर्ने संस्कारले महिलालाई दोस्रो दर्जाको नागरिकका रुपमा राखेको छ । जसले गर्दा पुरुषहरूले महिलाको तुलनामा आफूलाई शक्तिशाली र स्रोत सम्पन्न वर्गको रुपमा लिएका छन् र महिलामाथि हिंसा गर्नका लागि उनीहरूलाई यसले प्रोत्साहन गरेको छ । सानैदेखि पितृसत्तात्मक सामाजिक संरचनामा हुर्केका पुरुषहरूले श्रीमतीलाई आफ्नो नियन्त्रणमा राख्नुलाई साधारण कुराको रूपमा लिन्छन् । किनभने सानैदेखि उनीहरूले आफ्नो बाबुले आमामाथि गरेको नियन्त्रण देखेर नै हुर्केका हुन्छन् र त्यही कुरा आफूले पनि सिकेको हुन्छन् । जसले गर्दा महिलाहरू बाँचुञ्जेल पारिवारिक बन्धनको पीडाभित्र जीवन गुजार्न बाध्य हुन्छन् ।

### ४.१.६ प्रभावितको जात/जातीयता

यसवर्ष संकलन गरिएको तथ्याङ्कले सबैभन्दा बढी तराइका आदिवासी जनजाति समुदायका महिलाहरूमाथि हिंसा भएको देखाएको छ । हिंसा प्रभावित कूल महिलामध्ये २४ प्रतिशत (४०३ जना) तराइ आदिवासी जनजाति, २० प्रतिशत (३३४ जना) पहाडे ब्राह्मण/क्षेत्री, १५ प्रतिशत (२५८ जना) पहाडे आदिवासी जनजाति, ११ प्रतिशत (१८४ जना) तराइ दलित र १० प्रतिशत (१६४ जना) तराइ गैरदलित, ९ प्रतिशत (१४६ जना) तराइ ब्राह्मण/क्षेत्री, ८ प्रतिशत (१४२ जना) पहाडे दलित, ४ प्रतिशत मुश्लिम (४६ जना) महिलामाथि हिंसा भएको पाइएको छ ।





**चार्ट नं. ७.** हिंसा प्रभावित महिलाको जात/जातीयता र हिंसाको परिणाम

संकलन गरिएका तथ्याकंको आधारमा विश्लेषण गर्दा जुनसुकै जातीय स्थिति भएका महिलामाथि हिंसा भएको पाइयो । नेपालमा बसोवास गर्ने विभिन्न जात जाति र जातीयता अनुसारको फरक फरक चलन, सामाजिक तथा साँस्कृतिक मूल्य मान्यता र सोही अनुरुपको सामाजिकीकरणको प्रक्रियाले पनि  महिलामाथि हुने हिंसालाई निर्धारण गर्दछ भन्ने तथ्य माथिको तथ्याङ्कले प्रस्तुत गरेको छ । जनजाती समूहका महिलाहरू तुलनात्मक रूपमा खुला किसिमको सामाजिक तथा सांस्कृतिक वातावरणमा जन्मेका तथा हुर्केका हुन्छन् । यस समूहका महिलाहरू अन्य समूहका महिलाहरू भन्दा बढी बोल्न सक्ने र आफ्नो कुरालाई स्पष्ट रूपमा अगाडि राख्न सक्ने कारणले पनि  उनीहरूमाथि भएका हिंसाका घटनाहरू तुलनात्मक रूपमा बढी रिपोर्टिङ्ग भएको हुन सक्छ भन्ने हाम्रो विश्लेषण रहेको छ ।

यद्यपी सबै जात जाति र क्षेत्रमा हिंसा विद्यमान छ तर स्वस्फूर्त रुपमा बाहिर आउने  वातावरण अझैपनि बन्न नसकेकाले हिंसाको यथार्थता बाहिर आउन सकेको छैन । तसर्थ हिंसाको परिणाम र जातीगत अवस्थाको यथार्थ जानकारीका लागि अझ थप अध्ययन तथा अनुसन्धान आवश्यक रहेको तथ्याङ्कले देखाउँछ ।

### ४.१.७ प्रभावित र आरोपितसंगको सम्बन्ध

संकलन गरिएका तथ्याङ्कमा सबैभन्दा बढी ५४ प्रतिशत (९२६ जना) महिलामाथि श्रीमान्बाट हिंसा भएको पाइएको छ । त्यसैगरी १८ प्रतिशत (३०९ जना)  परिवारका सदस्यवाट, १७ प्रतिशत (२८७ जना) छिमेकीबाट, ५ प्रतिशत (९२ जना) महिलाले आत्मीय ठानेका साथी वा प्रेमीवाट, २ प्रतिशत (४० जना) साथीबाट, १ प्रतिशत (१५ जना) सेवा प्रदायक जस्तै: स्थानीय तहका जनप्रतिनिधि, प्रहरी, स्वास्थ्यकर्मीहरू र मुख्य हेरचाहकर्तावाट हिंसामा परेको पाइयो । यसैगरी १ प्रतिशत (२५ जना) अपरिचित व्यक्तिवाट, ८ जना अविवाहित तर सँगै वसेका व्यक्तिवाट र ५ जना शिक्षकबाट महिलाहरूमाथि हिंसा भएको पाइएको छ ।




**चार्ट नं. ८.** हिंसा प्रभावित महिलाको आरोपितसंगको सम्बन्ध


यसरी तथ्याङ्कको आधारमा हेर्दा महिलाहरू अन्जानबाट भन्दा घरपरिवार, छिमेक र चिनेजानेका व्यक्तिबाट नै बढी हिंसाको जोखिममा रहेको देखिन्छ। महिलामाथि सबैभन्दा बढी ५४ प्रतिशत श्रीमानबाटै हिंसा भएको तथ्याङ्कले देखाउँछ। अघिल्लो वर्ष झैं यस वर्षको तथ्याङ्कले महिलाहरू विवाहपछि झन बढी हिंसाको जोखिममा रहेको पुष्टि गरेको छ। संस्थामा संकलन भएका तथ्याङ्कलाई हेर्दा श्रीमानवाट हुने हिंसालाई समाजले स्वभाविक रुपमा लिने, आफूमाथि भएको हिंसालाई बाहिर ल्याउँदा समाजले उसलाई नै दोष वा लाञ्छना लगाउने डर, घरभित्रको हिंसालाई बाहिर ल्याउँदा परिवारबाट अझ बढी यातना पाउने अशङ्का, घरबाट निकाला हुनुपर्ने डर जस्ता कारणले उनीहरूले हिंसालाई सहज रुपमा बाहिर ल्याउन सक्दैनन्। त्यसैले महिलाहरू आफ्नो ज्यानै खतरामा पर्ने अवस्था नआएसम्म हिंसा सहेर बस्ने गरेको पाइएको छ। फलस्वरुप हिंसा गर्ने व्यक्तिलाई यस्ता कार्य गर्न थप बल पुगेको छ। यसकारण महिलाहरू सबैभन्दा बढी आफ्नै भनिने र सबै भन्दा बढी माया गर्ने भन्ने ठानिएका व्यक्तिहरूबाट नै असुरक्षित रहेको तथ्याङ्कले पुष्टी गरेको छ।



### ४.१.८ महिलामाथि हुने हिंसा र पेशा/व्यवसाय

कुन पेशामा आवद्ध महिलाहरूमाथि बढी हिंसा भएको छ र हिंसा प्रभावित महिलाहरूको आर्थिक तथा आयआर्जनको अवस्था कस्तो छ भनी पहिचान गर्ने उद्देश्यले प्राप्त घटनाको आधारमा

पेशागत अवस्थाको विश्लेषण गरिएको छ । यसवर्ष प्राप्त तथ्याङ्कमा सबैभन्दा बढी आफ्नै घरको काममा संलग्न हुने ३८ प्रतिशत (६४२ जना) महिलामाथि हिंसा भएको पाइएको छ । यस्तैगरी हिंसा प्रभावित महिलाहरूमध्ये २९ प्रतिशत (४९६ जना) कृषि पेशामा संलग्न रहेका, १४ प्रतिशत (२३३ जना) विद्यार्थी, १२ प्रतिशत (२०६ जना) महिला दैनिक ज्याला मजदुरीमा संलग्न रहेको पाइएको छ । त्यस्तै ४ प्रतिशत (७३ जना) व्यापार-व्यवसायमा संलग्न, २ प्रतिशत (२७ जना) जागिर खोज्दै गरेका, १ प्रतिशत (२२ जना) गैरसरकारी क्षेत्रमा कार्यरत र ८ जना सरकारी सेवामा कार्यरत महिलामाथि हिंसा भएको तथ्याङ्कले देखाएको छ ।





**चार्ट नं. ९.** महिलामाथि हुने हिंसा र पेशागत अवस्था

तथ्याङ्कको आधारमा हेर्दा घरायसी सेवामूलक निशुल्क काममा संलग्न महिलाहरूमाथि बढी हिंसा भएको पाइयो । यसले के देखाउँछ भने महिलाहरू दैनिक १८ घण्टा भन्दा बढी घरका सेवामूलक काममा संलग्न रहन्छन् तर महिलाले घरमा गर्ने सेवामूलक कामको मूल्याँकन छैन जसले गर्दा आर्थिक रुपमा श्रीमान तथा परिवारमा नै पूर्ण परनिर्भर बनाइएका छन् । यस्तो स्थितिले उनीहरूमाथि हिंसा हुने वातावरण तयार गरेको छ । आफूमाथि भएको हिंसालाई बाहिर ल्याउँदा असुरक्षित भविष्य, बालबच्चाको पालनपोषण, शिक्षादिक्षा र उनीहरूको भविष्य के हुन्छ भन्ने चिन्ताका कारण धेरै हिंसाका घटनामा प्रभावित मौननै रहने गरेको पाईन्छ ।

### ४.१.९ हिंसाका कारण महिलामा परेका असरहरू

हिंसाले प्रभावित महिलालाईमात्रै हैन परिवारलाई समाजलाई र अन्तत देशलाई नै बहुआयामिक प्रभाव पारेको पाइएको छ। यसरी हिंसाका कारण महिलामाथि समग्ररुपमा पर्ने प्रभावलाई ५ भागमा वर्गीकरण गरी विश्लेषण गरिएको छ। यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा हिंसाका कारण महिलाहरूलाई सबैभन्दा बढी ६५९ जना (३९ प्रतिशत) शारीरिक असर परेको पाइयो। यसै गरी ३४ प्रतिशत (५७३ जना) महिलालाई मानसिक असर, २-२ प्रतिशत (४२ र ३५ जना) क्रमशः सामाजिक र आर्थिक असर परेको पाइएको छ भने २३ प्रतिशत (३९८ जना) महिलामाथि एकभन्दा बढी वा यी सबैखालका असर परेको तथ्याङ्कले देखाएको छ।




**चार्ट नं. १०.** महिलामाथि हुने हिंसाका कारण महिलामा परेका असरहरू

यसवर्ष संकलन भएको तथ्याङ्कलाई हेर्दा प्रभावितहरूमा बढीमात्रामा शारीरिक असर परेको पाइएको छ। यस्तो शारीरिक असर बाहिरबाट हेर्दा प्रत्यक्ष देख्न सकिने र महसुश गर्न सकिने हुँदा त्यसको सहजै आँकलन गर्न सकिएको हो। तर प्रभावितमा परेको मानसिक असरको मापन गर्न कठिन छ। यद्यपी प्रभावितमा प्रत्यक्ष रुपमा जुनसुकै असर परेको देखिएतापनि लामो समयसम्म मानसिक असर पर्ने समेत अध्ययनको क्रममा देखिएको छ।

यस वर्ष अभिलेखीकरण भएका घटनाहरुले प्रभावितमाथि शारिरीक असरपछि मानसिक असर नै बढी परेको देखाएको छ। सबैभन्दा बढी महिलामाथि हिंसा श्रीमान र परिवारका सदस्यवाट हुने गरेको छ। साथै जो महिलाले आफ्नो जीवनमा हिंसा भोग्नुपर्दछ उही महिला घरवारविहीन हुनपर्ने अवस्था  र न्याय पाउनका लागि लामो संघर्ष गर्नुपरेको अनुभव रहेको छ। यसले के देखाउँछ भने हिंसा गर्ने व्यक्तिको स्थान समाजमा हिंसा प्रभावित महिलाको भन्दा उच्च रहेको छ। आफूमाथि भएको हिंसाको बारेमा थाहा पाएमा समाज तथा परिवारबाट असहयोग हुने डरले हिंसालाई आफूभित्रै दबाएर राख्दा महिलाहरूमा बढी मानसिक असर परेको र यसले पछि गएर ठूलै समस्याको रुप लिएको पाइएको छ। महिलाहरूमा हिंसापश्चात प्रत्यक्ष रूपमा एउटा समस्या देखिएता पनि त्यसको सम्बन्ध अनेक पक्षहरूसँग  हुने गर्दछ। यसरी हिंसाले महिलाको प्रत्यक्ष जीवनमा विभिन्न किसिमका असर  पुऱ्याउने गरेको यस वर्षको तथ्याङ्कले देखाएको छ। वास्तवमा शारीरिक असरलाई कम गर्न हामीकहाँ केही उपायहरू अवलम्बन गर्ने गरिएका छन्। तर मानसिक असरप्रति परिवार, समाज र राज्यको  खासै ध्यान पुगेको पाइएको छैन। त्यसैले शारीरिकसँगसँगै मानसिक असरको पहिचान र व्यवस्थापन तथा समाधान गर्नतर्फ ध्यान पुऱ्याउन अति आवश्यक छ।

# परिच्छेद ५

## ५.१ महिला र घरेलु हिंसा

घरपरिवारका कुनै एक सदस्यद्वारा अर्को कुनै सदस्यमाथि गरिने शारीरिक, मानसिक, आर्थिक र यौनजन्य क्रियाकलापहरू घरेलु हिंसा हुन् । घरेलु हिंसा पीडितका रूपमा महिला, बालबालिका, पुरुष एवं यौनिक तथा लैंगिक अल्पसंख्यक र सहयोगीका रुपमा घरको कामका लागि राखिएका कामदार जो कोही पनि हुन सक्छ । विशेष गरी घरेलु हिंसाबाट महिलाहरू नै बढी प्रभावित भइरहेको पाइन्छ । वर्तमान समयमा घरेलु हिंसा कुनै राष्ट्र क्षेत्र विशेषको मात्र समस्या नभएर यो विश्वव्यापी समस्याको रूपमा अगाडि आएको छ । नेपालमा पनि यो प्रमुख चुनौतीका रूपमा रहेको छ । विश्वमै हरेक ४ जना महिलामध्ये १ जना महिला घरेलु हिंसाबाट प्रभावित हुने गर्दछन् ।[१]

घरेलु हिंसा (कसूर र सजायँ) ऐन २०६६ अनुसार कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, आर्थिक तथा यौनजन्य यातना नै 'घरेलु हिंसा' हो । यसले व्यक्तिलाई शारीरिक तथा भावनात्मक चोट पुऱ्याउँछ । 'घरेलु सम्बन्ध'भन्नाले वंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरूबीच भएको सम्बन्ध सम्झनुपर्छ । सो शब्दले सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउछ ।[२]

घरेलु हिंसाका घटनाहरू दिनहुँ बाहिर आउने क्रम बढ्दो छ । नेपाल प्रहरीको तथ्याङ्क अनुसार घरेलुहिंसा दिनप्रतिदिन बढिरहेको छ । आर्थिक वर्ष ०६६/६७ मा नेपाल प्रहरीमा ९८३ वटा घरेलु हिंसाको घटना दर्ता भएको थियो भने ०७६/७७ सम्म आउँदा ११ गुणा भन्दा बढीले बढेर ११,७३८ पुगेको छ ।[३] त्यस्तै ओरेकमा अघिल्लो वर्ष ०७५/७६ मा ८८० वटा घरेलु हिंसाका

[१]https://www.who.int/news-room/fact-sheets/detail/violence-against-women
[२]घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ तथा घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २ ।
[३]नेपाल प्रहरी ।

घटना अभिलेख भएका थिए भने यसवर्ष ०७६/७७ मा ११४५ वटा घटना अभिलेखीकरण भएका छन् । जुन तथ्याङ्कले पनि घरेलु हिंसाका घटना बढ्दै गएको देखाउँछ । घरेलु हिंसाका स्वरूपहरू समाज, सामाजिक-साँस्कृतिक चालचलन वा परिस्थितिअनुरूप फरक भएतापनि संसारभरि नै घरेलु हिंसाका घटना बढी हुने गरेको छ ।

कोभिड १९ को भाइरसले फैलाएको विश्व्यापी महामारीले सबै क्षेत्र, धर्म, जाति लिङ्गका व्यक्तिलाई असर पारेको छ । विगतका प्रकोपहरु बाढी, भुकम्प जस्तै यस महामारीले पनि महिला र बालिकाहरुमा थप जोखिमता बढाएको छ । कोभिड १९ को संक्रमण पुर्व पनि, महिलाको मानव अधिकार उल्लघनको प्रमुख घटनाका रुपमा घरेलु हिंसा रहेको थियो । यस महामारीको समयमा महिला तथा बालिकाहरु घरभित्रै बस्न बाध्य छन् । पित्तृसत्तात्मक सोच हावी रहेको र घरभित्रै हिंसा हुने जोखिम उच्च रहेको अवस्थामा यस अवस्थाले महिला तथा बालिकामाथि हिंसाको प्रवल सम्भावना रहेको छ ।

## ५.२. घरेलु हिंसाभित्रका स्वरूपहरु

घरेलु हिंसाका स्वरूपहरू व्यापक छन् । यसवर्ष गरिएको अभिलेखीकरणका आधारमा घरेलु हिंसाका निम्न स्वरूपलाई विश्लेषण गरी यस पुस्तकमा समावेश गरिएको छ ।

**शारीरिक हिंसा**

श्रीमान् र घरपरिवारका सदस्यले हातहतियार अथवा आफ्नो बलको प्रयोग गरेर जबरजस्ती कुटपिट गर्नु, अङ्गभङ्ग गराउनु, शारीरिक दण्ड सजाय दिनु, दाइजोको निहुँमा र चारित्रिक आरोप लगाई कुटपिट गर्नु आदिलाई शारीरिक हिंसाभित्र समेटिएको छ ।

**मानसिक हिंसा**


शारीरिक यातनाको डर देखाउने, गाली गलौज गर्ने, चारित्रिक आरोप लगाउने, अपशब्द प्रयोग गर्ने, उपेक्षा वा वेवास्ता गर्ने, अपशब्द बोल्ने, हेला-तिरस्कार गर्ने, भावनात्मक रूपमा दूर्व्यवहार गर्ने, डर, धम्की देखाउने जस्ता कार्यहरूलाई मानसिक हिंसाभित्र समेटिएको छ ।

**बैवाहिक बलात्कार**

विवाह सम्बन्धभित्र हुने बलात्कारको सन्दर्भमा श्रीमान्ले श्रीमतीलाई जवरजस्ती यौन सम्पर्क गर्ने वा गर्नका लागि बाध्य बनाइएको घटनालाई यस पुस्तकभित्र समावेश गरिएको छ ।

## ५.३ घरेलु हिंसाका प्रकारहरू


महिलामाथि हुने घरेलु हिंसाभित्र पनि सबैभन्दा बढी शारीरिक हिंसा हुने गरेको छ । महिलाहरूमाथि कुटपिटका घटना धेरै भएको तथ्याङ्कले देखाएको छ । महिलामाथि भएका घरेलु हिंसाका घटनामध्ये ५४ प्रतिशत (६१६ जना) महिलामाथि शारीरिक हिंसा भएको पाइएको छ । यसैगरी १७ प्रतिशत (१९६ जना) लाई गालीगलौज तथा ८ प्रतिशत (८७ जना) महिलालाई चारित्रिक आरोप लगाएर मानसिक हिंसा गरिएको पाइएको छ । साथै २१ प्रतिशत (२३७ जना) महिलालाई आवश्यक स्रोत साधन र सुविधावाट बञ्चित गरिएको र १ प्रतिशत (९ जना) लाई श्रीमानले जवरजस्ती यौन सम्पर्क गर्न बाध्य पारी बैवाहिक बलात्कार गरेको तथ्याङ्कले देखाएको छ ।




**चार्ट नं. ११.** महिलामाथि भएका घरेलु हिंसाका प्रकारहरु

## ५.४ घरेलु हिंसा र आरोपितसगाको सम्बन्ध


घरेलु हिंसाबाट प्रभावित महिलामध्ये ७९ प्रतिशत (९०९ जना) महिला आफ्नै श्रीमान्‌बाट र २१ प्रतिशत (२२६ जना)आफ्नै घरपरिवारका सदस्यहरूबाट हिंसामा परेको तथ्याङ्कले देखाएको छ ।




**चार्ट नं. १२.** घरेलु हिंसा प्रभावित महिला र आरोपितसँगको सम्बन्ध

## ५.५ प्रभावितको वैवाहिक अवस्था


घरेलु हिंसाबाट प्रभावितहरूको वैवाहिक अवस्था विश्लेषण गर्दा विवाहित महिला नै सबै भन्दा बढी हिंसाको जोखिममा रहेको तथ्याङ्कले देखाएको छ । यस वर्ष ९२ प्रतिशत (१०५२ जना) विवाहित महिला र ५ प्रतिशत (६१ जना) अविवाहित,२ प्रतिशत (२० जना) एकल महिला, ३ जना पारपाचुके गरेर बसेका र २ जना अविवाहित तर सँगै बसेका महिला घरेलु हिंसाबाट प्रभावित भएको पाइयो ।




**चार्ट नं. १३.** घरेलु हिंसा प्रभावित महिलाको वैवाहिक अवस्था

## ५.६ प्रभावितको उमेर र घरेलु हिंसा


प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसाबाट प्रभावितहरूमध्ये सबैभन्दा बढी २६ देखि ३५ वर्ष उमेर समूहका महिला हिंसाबाट प्रभावित भएका छन् । यस उमेर समूहका महिला ३८ प्रतिशत (४३० जना) रहेका छन् । यसैगरी क्रमशः १७ देखि २५ वर्ष उमेर समूहका ३३ प्रतिशत (३७५ जना) महिला यसवर्ष घरेलु हिंसाबाट प्रभावित भएका छन् । ३६ देखि ४५ वर्ष उमेर समूहका १७ प्रतिशत (१९८ जना),४६ देखि ५५ वर्ष उमेर समूहका ५ प्रतिशत (६१ जना), ५६ वर्षभन्दा माथिका उमेर समूहका महिला ४ प्रतिशत (४४ जना) र १६ वर्ष भन्दा कम उमेर समूहका ३ प्रतिशत (३७ जना) महिलामाथि घरेलु हिंसा भएको पाइएको छ ।




**चार्ट नं. १४.** घरेलु हिंसा प्रभावित महिलाहरूको उमेरका अवस्था

## ५.७ प्रभावितको शिक्षाको स्तर र घरेलु हिंसा

महिलामाथि भएको हिंसा र महिलाको शैक्षिक अवस्थालाई विश्लेषण गर्दा ८१ प्रतिशत (९३०) जना) साक्षर महिलामाथि घरेलु हिंसा भएको पाइयो । यसै गरी साक्षर महिलाभित्र पनि सबैभन्दा बढी आधारभूत शिक्षा (१-८ कक्षासम्म) अध्ययन गरेका ६७ प्रतिशत (८३९ जना) महिला हिंसाबाट बढी प्रभावित भएको पाइएको छ ।








**चार्ट नं. १५.** घरेलु हिंसा प्रभावित महिलाहरूको शैक्षिक अवस्था परिणामहरू

**चार्ट नं. १६.** घरेलु हिंसा प्रभावित महिलाहरूको साक्षरताको अवस्था र हिंसाका परिणामहरू

## ५.८ प्रभावितको जात/जातीयता र घरेलु हिंसा


यसवर्ष प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसा प्रभावित महिलाभित्र पनि सबैभन्दा बढी तराइ आदिवासी जनजाति महिला २२ प्रतिशत (२५१ जना)हिंसामा रहेको पाइएको छ। त्यसपछि पहाडे ब्राह्मण/क्षेत्री २१ प्रतिशत (२४६ जना), पहाडे आदिवासी जनजाति १५ प्रतिशत (१७२ जना), १०-१० प्रतिशत (१२० र १०९ जना) क्रमशः तराइ दलित र तराइ गैरदलित, ९-९ प्रतिशत (९९ र ९८ जना) क्रमशः तराइ ब्राह्मण/क्षेत्री र पहाडे दलित, ४ प्रतिशत (५० जना) मुश्लिम महिला हिंसामा परेको पाइएको छ।




**चार्ट नं. १७.** घरेलु हिंसा प्रभावित महिलाहरूको जात/जातिगत अवस्था

## ५.९ प्रभावितको पेशा र घरेलु हिंसा


घरायसी काममा संलग्न महिलाहरू बढी मात्रामा घरेलु हिंसाबाट प्रभावित रहेको यसवर्षको तथ्याङ्कले देखाएको छ । प्राप्त तथ्याङ्कका आधारमा ४२ प्रतिशत (४७७ जना) घरायसी काम, ३४ प्रतिशत (३८५ जना) कृषि तथा पशुपालन, १३ प्रतिशत (१५१ जना) दैनिक ज्याला मजदुरीमा संलग्न, ४-४ प्रतिशत (४९ र ४३ जना) क्रमशः सामान्य व्यापार, व्यवसाय गर्ने र विद्यार्थी, २ प्रतिशत (२० जना) गैरसरकारी सेवामा संलग्न, १ प्रतिशत (१६ जना) जागिर खोज्दै गरेका र ४ जना सरकारी सेवामा संलग्न रहेका महिलामाथि हिंसा भएको पाइएको छ ।




**चार्ट नं. १८.** घरेलु हिंसा प्रभावित महिलाहरूको पेशा र हिंसाको अवस्था

## ५.१० प्रभावितलाई परेको असर

घरेलु हिंसाका कारण सबैभन्दा बढी महिलामा शारीरिक असर परेको पाइएको छ । प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसाका प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी ३९ प्रतिशत (४४५ जना) महिलामाथि शारीरिक असर परेको पाइएको छ भने ३७ प्रतिशत (४२२ जना) मानसिक असर, २-२ प्रतिशत (२३ र २१ जना) क्रमशः सामाजिक र आर्थिक असर र २० प्रतिशत(२३४ जना) सबैखाले असर परेको पाइएको छ ।




**चार्ट नं. १९.** घरेलु हिंसाबाट प्रभावित महिलाहरूमा परेको असर प्रतिशतमाा

घरेलु हिंसाका कारण सबैभन्दा बढी महिलाहरुलाई शारीरिक असर परेको तथ्याँकले देखाएको छ । प्राप्त तथ्याँकका आधारमा विश्लेषण गर्दा घरेलु हिंसा प्रभावित महिलाहरुमध्ये सबैभन्दा बढी ३९ प्रतिशत (४४५ जना) महिलामाथि शारीरिक असर परेको पाइएको छ भने ३७ प्रतिशत (४२२ जना) मानसिक असर, २-२ प्रतिशत (२३, २१ जना) क्रमशः सामाजिक र आर्थिक असर परेको देखिन्छ । यसैगरी घरेलु हिंसाका कारण २० प्रतिशत (२३४ जना) महिलाहरुमाथि सबैखाले असर परेको तथ्याँकले देखाएको छ ।

महिला विभिन्न स्वरूपमा घरेलु हिंसा खेप्न बाध्य छन् । घरेलु हिंसाका स्वरूपमध्ये महिलामाथि दाइजो नल्याएको वा कम ल्याएको निहुँमा, धेरै छोरी जन्माएको , विवाह भएको लामो समयसम्म बच्चा नजन्माएको दोष महिलालाई नै लगाउने, गालीगलौज गर्ने, अपशब्द प्रयोग गर्ने तथा चारित्रिक आरोप लगाई श्रीमान तथा परिवारका सदस्यबाट दैनिक शारीरिक तथा मानसिक यातना दिने गरेको यस अध्ययनले देखाउँछ । साथै हिंसा प्रभावित २९ जना महिला नागरिकताबाट बञ्चित हुनु परेको, २२ जनाले विवाह दर्ता गर्न नपाएको, ३ जनाले बच्चाको जन्मदर्ता गर्न नपाएको, ६ जना शिक्षाबाट बञ्चित हुनु परेको, १४ जनाले स्वास्थ्य सेवा नपाएको र १६३ जनालाई श्रीमान तथा परिवारले खान लाउन नदिइ घरनिकाला गर्ने जस्ता स्रोतसाधन र

सुविधाबाट बञ्चित गराई थप जोखिमयुक्त जीवन गुजार्न बाध्य पारेको पाइएको छ । यसले घरेलु हिंसाबाट प्रभावित महिलाहरू शिक्षा, स्वास्थ्य लगायतका संविधानले व्यवस्था गरेको मौलिक हक अधिकारबाट समेत बञ्चित हुनु परेको अवस्थालाई समेत तथ्याङ्कले उजागर गरेको छ ।

यसैगरी सबैभन्दा बढी महिलामाथि घरेलु हिंसा हुनु त्यसमा पनि ९२ प्रतिशत विवाहित महिलालाई ७९ प्रतिशत श्रीमानले र २१ प्रतिशत घरपरिवारका सदस्यवाटै हिंसा हुनुले प्रत्येक व्यक्तिका लागि घर सुरक्षित हुन्छ भन्ने परम्परागत मान्यतालाई गलत सावित गरिदिएको छ । तथ्याङ्कले घरभित्रै महिला तथा बालिकामाथि हुने हिंसा र त्यसले निम्त्याएको असुरक्षा र जोखिमलाई प्रस्तुत गरेको छ । विवाहित महिला बढी घरेलु हिंसामा जोखिममा पर्नुको कारण हाम्रो समाजमा विद्यमान पितृसत्तात्मक सोच र सामाजिक संरचनाले हो । विवाहित महिलाहरू श्रीमान, सासु, ससुरा, देवरलगायतका व्यक्तिहरूबाट विभिन्न कारणहरूले हिंसा सहन बाध्य भइरहेको अवस्था छ ।

यसैगरी यसवर्ष १७ देखि ३५ वर्ष उमेर समूहका ७१ प्रतिशत महिला बढी हिंसाको जोखिममा रहेको तथ्याङ्कले देखाउँछ । यो उमेर उत्पादनशील उमेर हो । यस उमेर समूहका महिलासामाजिक तथा जैविक प्रजनन् दुबै कार्यमा सक्रिय संलग्न हुन्छन् । यसरी उत्पादनशील उमेरमा हुने हिंसा घर परिवार, समाज र राज्यकै उत्पादन र विकासमाथि नकारात्मक असर पर्नु हो । यसले गर्दा सम्पूर्ण देशकै विकासमा नकारात्मक असर पार्दछ ।

महिलामाथि विभिन्न आयाम र स्वरूपमा आफ्नै घरभित्र भइरहेको हिंसाका कारण उनीहरूको सुरक्षित, सम्मानित र हिंसारहित वातावरणमा बाँच्न पाउने अधिकार हनन् भएको छ । महिलाको मानव अधिकारको सम्मान गर्दै घरभित्र वा घरपरिवारसँग जोडिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्ता कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट प्रभावितलाई संरक्षण गरी न्याय प्रदान गर्ने उद्देश्यले नेपाल सरकारले घरेलु हिंसा तथा कसुर सजायँ ऐन, २०६६ र नियमावली २०६७ समेत निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । यद्यपी यो कानुनलाई आधार मानेर न्यायिक प्रक्रिया अघि बढेका मुद्दाहरू निकै कम रहेका छन् । तथापि देश भित्र स्थापित विभेदपूर्ण सामाजिक संरचनाहरूका कारण महिलालाई हेर्ने विभेदपूर्ण दृष्टिकोणमा व्यक्तिगत देखि नीतिगत तहसम्म परिवर्तन हुन भने सकेको छैन जसका कारण घरेलु हिंसा तथा महिलामाथि हुने हिंसाले निरन्तरता पाउँदै आएको छ । यसको नियन्त्रणमा अझ धेरै चूनौती थपिदै गएका छन् । हाम्रो समाजमा महिला तथा बालिकालाई हेर्ने नकारात्मक दृष्टिकोण, उनीहरूप्रतिको हानिकारक सोचका कारण महिलालाई नियन्त्रणमा राख्ने, कुटपीट गर्ने, गाली गलौज गर्ने कार्यलाई सामान्य र पुरुषको

अधिकारका रुपमा लिदै आइएको छ। साथै घरेलु हिंसा प्रभावितले नै घर छोड्नुपर्ने, समयमा न्याय नपाउने , पीडकले पटक पटक धम्की दिने, सामाजिक रुपमा लाञ्छना खेप्नुपर्ने, पारिवारीक र सामाजिक सहयोगको कमी हुने, परिवार समाज र आफन्तहरूबाट एक्लिने बालबालिकाको पालनपोषणका लागि चुनौति जस्ता कारणले गर्दा अझ धेरै घटना बाहिर आउन सकेका छैनन्। यसका लागि सरकारले घरेलु हिंसामा संलग्न व्यक्तिलाई कानुनी कार्वाही र आवश्यकता अनुसार सुधार गृहमा राख्ने र प्रभावितलाई घरमा नै सुरक्षित रुपमा रहने वातावरण बनाइ प्रभावितको शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जनका लागि सहयोग गर्नुपर्ने आवश्यकता रहेको छ।

## घटना नं १ (शारीरिक हिंसा)

नौ वर्ष पहिला आफैंले रोजेको केटासँग मेरो विवाह भएको हो। अहिले मेरा दुई सन्तान छन्। म अहिले २३ वर्ष की भएँ, श्रीमानले हरेक दिन कुटपिट गर्ने, कसैसँग बोल्न नदिने। यसरी दिनहुँ कुटपिट गर्ने र यातना दिने हुनाले म गाउँपालिका र प्रहरीमा गएँ। त्यहाँ पटक पटक छलफल भयो। प्रहरीसँग मेरा श्रीमानले अबदेखि राम्रो गर्छु, खान लगाउन दिन्छु, कुट्पिट गर्दिन भन्थे र ती निकायले मिलापत्र समेत गराउँथे तर घर आएपछि फेरी कुटपिट सुरु भइहाल्थ्यो। अति नै कुटपिट गर्न थालेपछि सहन नसकेर छोराछोरीसहित माइत गएर डेढ महिनासम्म बसेँ र पुन छोराछोरी लिएर घर आएँ। श्रीमानले माइतबाट आएकै दिनमा मार्ने उद्देश्यले कुटपिट गरेपछि म बेहोस भएछु। मरी भनेर श्रीमान फरार भएछन्। घटनाको बारेमा गाउँ, छिमेकीले थाहा पाएपछि माइती पक्षलाई खबर गरेर मलाइ विराटनगरस्थित विराट नर्सिङ्गहोमको आइसियुमा राखेर उपचार गरे। मलाई यस्तो अवस्था हुँदा समेत परिवारका एकजना सदस्यले पनि चासो दिएनन्। भेट्न कोही पनि आएका छैनन्। अब म यस्तो हिंसा सहेर बस्दिन। श्रीमानसँग डिभोर्स गर्ने निर्णय गरेकी छु र श्रीमानलाई ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गराउने प्रक्रियामा छु। यस्तो अवस्थामा मलाई घरपरिवारले साथ नदिए पनि अहिले ओरेक नेपालबाट मनोविमर्श तथा कानुनी परामर्शको सहयोग पाएकी छु। अव आउने दिनहरूमा पनि ओरेक नेपालले मेरो न्यायको लागि पहल गर्ने छ भन्ने आशा छ। हाल मेरो स्वास्थ्यमा सुधार भएको छ।

## घटना नं २ (वैवाहिक बलात्कार)

म सिर्जना (परिवर्तित नाम) १९ वर्षको उमेरमा विवाह भएको हो। मेरो स्थायी घर रोल्पा जिल्लामा पर्छ, अहिले म ३४ वर्षकी भएँ। विवाह सामाजिक परम्परा अनुसार भएको हो। मेरो १ छोरी २ छोरा छन्। घरको आर्थिक अवस्था कमजोर भएका कारणले रोजगारी खोज्दै जाने क्रममा दाङ्ग जिल्लाको घोराहीमा कोठा भाडामा लिएर बस्न थालेको ४ वर्ष भयो। श्रीमान मिस्त्रीको काम गर्छन्, विवाह गरेको डेढ वर्षसम्म श्रीमासँग राम्रो सम्बन्ध रह्यो। त्यसपछिका श्रीमानले दैनिक रक्सी खाने, मलाई गालीगलौज र कुटपिट गरेर मानसिक तनाव दिन थाले। छोराछोरी सबै स्कुल पढ्दै छन्। सँधै जसो श्रीमानको कुटपिटले गर्दा मलाई कहाँ जाउ के गरौं भनेर छटपट हुन थाल्यो। छोराछोरीको भविष्यको चिन्ताले सहेर बस्नुबाहेक अरु विकल्प थिएन। माइतीको आर्थिक अवस्था पनि कमजोर भएका कारण आफनो समस्या कसलाई भन्ने कुनै दिन त श्रीमानको बुद्धि आउँछ होला भन्दै छोराछोरीका लागि दुःख सहेर बस्न बाध्य भएँ। गत जेठको २२ गते कोरोना महामारीले देशव्यापी बन्दाबन्दि थियो। कामकाज पनि केही थिएन। बेलुका ५ बजे तिरको घटना हो श्रीमान्ले धेरै रक्सी खाएर आइ विना कारण निहुं खोजेर मसँग झगडा गरे। मैलेके भयो किन यती धेरै रक्सी खाएर छोरा छोरीको अगाडी झगडा गरेको भन्दा उल्टै मेरो हातखुट्टा डोरीले बाँधे। मैले लगाएको सबै कपडा खोलेर नाङ्गै बनाए। उक्त दृश्यको मोबाइलबाट भिडियो बनाई तँलाई अझै यत्तिले पनि पुगेन भन्दै काठको लठ्ठी ल्याएर यौन अङ्गमा घुसाएर निर्घात कुटपिट गरिरहे। छोराछोरी आत्तिएर रुन कराउन थाले। छिमेकीले सुनेर आएर उनलाई दुई/चार झापड लगाए अनि प्रहरीलाई खबर गरिदिए। त्यसपछि जिल्ला प्रहरी कार्यालयको टोली आएर घरबाटै श्रीमानलाई पक्राउ गरेर लग्यो। अहिले उनीविरुद्ध यौन दुर्व्यवहारको मुद्दा दर्ता भएको छ। मैले श्रीमानबाट यति धेरै यातना पाउँदा पनि छोराछोरीको बिजोग हुन्छ कि, श्रीमानविना कसरी एक्लै पालन पोषण गर्न सक्छु भनेर सहँदै आएँ, मुद्दा दर्ता गर्नपनि सकिन। तर प्रहरी र ओरेक नेपालले मलाइ साथ दिए। मलाई परामर्श गरी मेरो न्यायका लागि उनीहरूले सहयोग गरिरहेका छन्। अहिले मलाई अब म एक्लै छैन भनेर दृढ आत्मविश्वास पलाएको छ। सबैको साथ पाएपछि केश दर्ता गरेकी छु। हाल श्रीमानलाई प्रहरी हिरासतमा राखेर घटना सम्बन्धी अनुसन्धान भइरहेको छ। ओरेक नेपालबाट मलाई स्वास्थ्य र कानुनी उपचारका लागि सहयोग भइरहेको छ।

## घटना नं ३ (श्रोत साधनवाट बञ्चितीकरण)

दैलेखको विकट गाँउमा जन्मिएकी म सानै उमेरमा बुवा गुमाउनु पऱ्यो। दिदीको घरमा बसेर ९ कक्षामा पढ्दै गर्दा १६ वर्षको उमेरमा भागेर विवाह गरैं। विवाह भएको घर बर्दिया जिल्लामा पर्छ। विवाह गरेको केही दिनसम्म त घरमा राम्रै भयो। तर यो अवस्था धेरै दिन टिकेन। विवाह भएको एक महिना पछिबाट गरीब कि छोरी दाइजो नल्याएकी भन्दै श्रीमानले गाली गर्ने तथा कुटपिट गर्न थाले। विस्तारै कम होला भन्दै सहेर बसैं, तर कहिले पनि श्रीमानले गर्ने कुटपिटमा  कमी भएन। यसै क्रममा म गर्भवती भएँ, अब बच्चा जन्मिएपछि सुधार आउला भन्ने लागेको थियो तर छोरी जन्मेपछि  पनि म माथि कुटपिट गर्ने गतिविधिमा कहिल्यै कमी आएन। अहिले छोरी पनि तीनवर्षकी भएकी छ, श्रीमान पोखरामा काम गर्नुहुन्थ्यो त्यसैले म पनि श्रीमानसँगै गएर बसैं। सोचें सँगै गएर घर बाहिर बस्दा त राम्रो होला। तर त्यहाँ पनि त्यस्तै व्यवहार भयो। अहिले पछिल्लो समय बन्दाबन्दी हुने भएपछि हामी पोखराबाट घर आयौं, यसबेला म फेरी गर्भवती भएकी थिएँ। घर आए पछि श्रीमानको व्यवहार झनै क्रुर हुन थाल्यो। हरेक दिन कुटपिट गर्ने घरमा सासुससुराले पनि छोराको पक्षमा लागेर मलाइ नै गाली गर्ने गर्न थाले। मलाई हरेक चिजमा छुट्टयाउने, घरको हरेक श्रोत सुविधाबाट बन्चित बनाएका थिए तरपनि सहेर बसेकी थिएँ। श्रीमानले पिटेर  मेरो दाहिने कानको जाली फुट्यो, अहिले पनि राम्रोसँग खानाखान मिल्दैन। उन कै कुटपिटबाट तीन महिना भएको गर्भ पनि खेर गयो। त्यो बेला मलाइ धेरै गाऱ्हो भयो, पेट दुख्ने, रगत धेरै बग्ने भयो।  यस्तो अवस्थामा पनि मलाई कसैले खाना खान आइज भनेर  भन्दैन थिए। म आफै खान जाउँ भने पनि मैले खान पाउँदिनथे। यस्तो छटपटि हुंदापनि घरका कसैले मलाइ जँचाउन अस्पताल लाने कुरै गरेनन्, म उठेर हिंड्न नसक्ने भएँ, रिंगटा लागिरहन्थ्यो। श्रीमानले यस्तो बेला पनि यौन सम्बन्ध राख्न खोज्ने, मलाइ गाऱ्हो भएको छ, सक्दिन भन्दा तेरो मासु खान ल्याएको हैन, भन्दै कुट्ने, कपाल लुछ्ने गर्थे। म मरैं भनेर चिच्याउदा समेत घरका मान्छे कोही नउठ्ने, यस्तो अवस्थामा कहाँ गएर कसलाई भन्ने, कहाँ उजुरी गर्ने केही थाहा थिएन। घरमा कोही नभएको मौका छोपी दिदीलाई फोन गर्थें। दिदीले आइ एम इ गरेर २००० रुपैयाँ पठाइ दिनुभयो र त्यही पैसाले चाउचाउ बिस्कुट किनेर खान्थें। दिदीको देवर पत्रकार हुनुहुन्थ्यो, उहाँलाई मेरो समस्या भन्नु भएछ। दिदीको देवरले ओरेकमा भनिदिनु भएछ, ओरेकबाट मलाइ फोन गर्नुभयो। प्रहरीलाई घरैमा पठाउनु भयो,त्यसबेला घर परिवारले अब यस्तो गर्दैनौं, राम्रो गर्छौं, जचाउन लैजान्छौं भने तर प्रहरी हिड्ने बितिकै फेरी हाम्रो बेइज्जत गरिस्, घरमा प्रहरी बोलाएकी भनेर कुटपिट गरे। अब तँलाइ तड्पाइ तड्पाइ खाना खान नदिएर मार्छु अबदेखि अरु कसैलाई घरको कुरा भनिस भने पेट्रोल खन्याएर आगो लगाइदिन्छु भनी झन धेरै यातना दिन थाले। यसपछि म घरमा बस्न सक्ने अवस्था नभएर ओरेक नेपाल र प्रहरीको सहयोगमा बाँसगडी नगरपालिकाबाट आएर सुरक्षा आवासमा बसेकी छु, यहाँ बस्न पाएपछि अहिले मलाइ सहज भएको छ।

# परिच्छेद ६

## ६.१ महिला र सामाजिक हिंसा

महिलाप्रति हानिकारक सामाजिक मूल्य-मान्यता, संस्कार, परम्परा तथा संस्कृतिका आडमा हुने हिंसालाई सामाजिक हिंसा भन्ने बुझिन्छ। समाजमा महिला र पुरुषलाई हेर्ने सामाजिक, सांस्कृतिक मूल्य मान्यतामा आधारित असमान र पुर्वाग्रही दृष्टिकोणका कारण महिलालाई होच्याउने, आत्मसम्मानमा चोट पुऱ्याउने, कमजोर देखाउने, महिलाको क्षमतामाथि प्रश्न गर्ने, अवमूल्यन गर्ने, अवसरबाट बञ्चित गराउने, महिलाको स्वतन्त्रतामाथि प्रश्न उठाउने जस्ता विभेदपूर्ण व्यवहार तथा हिंसा घरभित्रदेखि राज्यतहसम्म विद्यमान रहेको छ। यस्ता व्यवहारले महिलाको स्वतन्त्र र आत्मसम्मानपूर्वक  बाँच्न पाउने अधिकारलाई समेत चूनौती दिएको छ।

यस हिंसा भित्र बोक्सीको आरोपमा गरिने अमानवीय व्यवहार, गालीगलौज, चारित्रिक आरोप लगाउने, एसिड खन्याउने, जवरजस्ती र कम उमेरमा गरिदिने विवाह जस्ता कार्य पर्दछन्। महिलामाथि हुने सामाजिक हिंसाको मुख्यकारण हानिकारक सामाजिक सांस्कृतिक मूल्य मान्यता, यहि कारणलेमहिलालाई हेर्ने विभेदकारी दृष्टिकोण, महिलाले सदियौंदेखि निभाउँदै आएका परम्परागत भूमिकामा मात्रै सिमित देख्न चाहनु यी र यस्तै संकुचित सोच, हानिकारक परम्परागत अभ्यास रहेका छन्। सामाजिक-सांस्कृतिक संरचनाहरूलाई परिवर्तन गर्ने वातावरण तयार गर्न महिलालाई हेर्ने परम्परागत दृष्टिकोण, महिलाप्रति गरिने व्यवहार,सामन्ती संस्कारको बाहुल्य भएको समाज तथा धर्म र संस्कृतिको नाममा भइरहेका विभेदको जरैदेखि अन्त्य गर्न  जरुरी छ।

महिला विरुद्ध हुने हिंसा भनेको ऐतिहासिक रुपमा महिला र पुरुष बिच रहेको असमान शक्ति सम्बन्धको परिणाम हो, जसले महिलामाथि प्रभुत्व कायम गर्न, भेदभाव गर्न र महिलाको पुर्ण प्रगतिलाई रोक्नका लागि नेतृत्व गरेको छ। महिला विरुद्ध हुने हिंसा सामाजिक संयन्त्रको एक महत्वपुर्ण हिस्सा हो जसद्वारा पुरुषको तुलनामा महिलाहरु तल्लो स्तरमा वा अधीनस्थ स्थितीमा रहन बाध्य हुन्छन्।[1] यसर्थ महिला र पुरुषबिचमा रहेको असमान शक्ति सम्बन्धको जरा कारणको पहिचान र सम्बोधनबिना महिलामाथि हुने हिंसाको अन्त्य सम्भव छैन।

[1]Declaration on the Elimination of Violence against Women, Proclaimed by General Assembly resolution 48/104 of 20 December 1993


यसवर्ष महिलामाथि भएका कूल तथ्याङ्कमध्ये ११ प्रतिशत (१८९ जना) महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ ।

## ६.२. सामाजिक हिंसाका परिणाम र विश्लेषण

### महिलामाथि सामाजिक रूपमा भएका हिंसाका स्वरूपहरु

सामाजिक हिंसाका विभिन्न स्वरुपहरू रहेका छन् । यस अध्ययनमा महिलामाथि हुने सामाजिक हिंसाका ५ वटा स्वरुपलाई प्रस्तुत गरिएको छ । यसवर्ष संकलित तथ्याङ्क अनुसार महिलाहरूमाथि सामाजिक रूपमा भएका हिंसामा बढी मात्रामा ४२ प्रतिशत (७९) मानसिक हिंसा भएको पाइएको छ । महिलालाई बोक्सीको आरोप लगाई मानसिक यातना दिनु, गालीगलौज गर्नु, चरित्रहत्या गर्नु, डर धम्की देखाइ मानसिक यातना दिएका हिंसाहरू यसभित्र पर्दछन् ।


यसैगरी यसवर्ष २९ प्रतिशत (५४जना) लाई बोक्सीको आरोप र चारित्रिक आरोप लगाइ कुटपिट गरी, अङ्गभङ्ग गराएको पाइएको छ । यसैगरी २९ प्रतिशत (५४जना) बालविवाह तथा १ प्रतिशत (२ जना) लाई नागरिकता नदिएर स्रोत साधनबाट बञ्चित गरिएका सामाजिक हिंसाका घटना अभिलेख भएका छन् ।




**चार्ट नं. २०.** महिलामाथि हुने सामाजिक हिंसाका स्वरुप

## ६.३ सामाजिक हिंसा र आरोपितसंगको सम्बन्ध


सामाजिक हिंसाबाट प्रभावित महिला र आरोपितसँगको सम्बन्धबारे विश्लेषण गर्दा महिलामाथि सबैभन्दा बढी छिमेकीबाट हिंसा भएको पाइयो । महिलामाथि भएका कूल सामाजिक हिंसाको ६१ प्रतिशत (११६ जना) मा छिमेकीबाट हिंसा भएको छ । त्यसैगरी २१ प्रतिशत (३९जना) लाई आत्मीय ठानेका साथीले ७ प्रतिशत (१३ जना) साथीबाट, ८ प्रतिशत (१५ जना) परिवारका सदस्यबाट, १-१प्रतिशत (२,२,जना) क्रमश:सेवाप्रदायक संस्थाका अधिकारीबाट, शिक्षक र अपरिचित व्यक्तिबाट महिलामाथि सामाजिक हिंसा भएको पाइयो ।




**चार्ट नं. २१.** सामाजिक हिंसा प्रभावितहरूको पीडकसँगको सम्बन्ध

## ६.४ प्रभावितको वैवाहिक अवस्था


सामाजिक हिंसाबाट प्रभावित महिलाहरूको वैवाहिक अवस्थालाई विश्लेषण गर्दा विवाहित महिलामाथि बढी ७० प्रतिशत(१३२ जना) सामाजिक हिंसा भएको पाइएको छ। त्यसैगरी सामाजिक हिंसाबाट प्रभावितहरूमध्ये २६ प्रतिशत (५० जना) अविवाहित, ३ प्रतिशत (५ जना) एकल महिला र १-१ प्रतिशत (१,१जना) कानूनी र सामाजिक रीतिरिवाज अनुरुप विवाह नगरेका तर विवाहितसरह सँगै बसेका र पारपाचुके गरेका महिला सामाजिक हिंसाबाट प्रभावित भएको पाइयो ।




**चार्ट नं २२.** सामजिक हिंसाका प्रभावितहरुको वैवाहिक स्थिती

## ६.५ प्रभावितको उमेर र सामाजिक हिंसा


सामाजिक हिंसाबाट प्रभावित महिलाहरूमा सबैभन्दा बढी २६ देखि ३५ वर्ष उमेर समूहका र १७ देखि २५ वर्ष उमेर समूहका महिला रहेका छन्। २६ देखि २५ वर्ष उमेर समूहका ३० प्रतिशत (५७ जना), १७ देखि २५ वर्ष उमेर समूहका २५ प्रतिशत (४७ जना) महिला सबैभन्दा बढी सामाजिक हिंसामा परेका छन्। यसैगरी ३६ देखि ४५ वर्ष उमेर समूहका १२ प्रतिशत (२२ जना), ४६ देखि ५५ वर्ष उमेर समूहका १० प्रतिशत (१९ जना), ५६ वर्षभन्दामाथि उमेर समूहका ५ प्रतिशत(९ जना) र १६ वर्षभन्दा कम उमेर भएका १९ प्रतिशत (३५ जना) महिला सामाजिक हिंसाबाट प्रभावित भएको यस वर्षको तथ्याङ्कले देखाएको छ।





**चार्ट नं २३.** उमेरका आधारमा महिलामाथि भएका सामाजिक हिंसाको अवस्था

## ६.६ प्रभावितको शिक्षाको स्तर र सामाजिक हिंसा

सामाजिक हिंसाबाट प्रभावितहरूको शैक्षिकस्तरको बारेमा विश्लेषण गर्दा ७२ प्रतिशत (१३७ जना) साक्षर र २८ प्रतिशत (५५ जना) निरक्षर महिलामाथि हिंसा भएको पाइएको छ। साक्षर महिलाहरूमा पनि सामान्य आधारभूत शिक्षा अध्ययन गरेका ६४ प्रतिशत महिलामाथि माध्यमिक शिक्षा, स्नातकतह अध्ययन गरेका महिलाहरूको तुलनामा बढी हिंसा भएको पाइएको छ। यसले के देखाउँछ भने बुझेका वा सामान्य लेखपढ गर्न सक्ने महिलाहरू समेत सामाजिक हिंसाबाट प्रभावित छन्।








**चार्ट नं २४.** सामाजिक हिंसा र शैक्षिक अवस्था

**चार्ट नं २५.** सामाजिक हिंसा र साक्षरताको अवस्था

## ६.७ प्रभावितको जात/जातीयता र सामाजिक हिंसा


सामाजिक हिंसाबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी २९ प्रतिशत (५४जना) तराइ आदिवासी जनजाति महिला रहेको पाइयो। त्यसैगरी दोस्रो सामाजिक हिंसा प्रभावितमा १५ प्रतिशत (२८ जना) तराइदलित, १३-१३ प्रतिशत (२५,२५ जना) क्रमशः ब्राह्मण/क्षेत्री पहाडे, १० प्रतिशत (१९ जना) तराइ गैरदलित, ७-७ प्रतिशत (१४, १३ जना) क्रमशः ब्राह्मण/क्षेत्री तराइ र पहाडे दलित साथै ६ प्रतिशत (११ जना) मुश्लिम महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ।




**चार्ट नं.२६.** जातिगत आधारमा महिलामाथि भएको सामाजिक हिंसाको अवस्था

## ६.८ प्रभावितको पेशा र सामाजिक हिंसा


सामाजिक हिंसाबाट पनि घरायसी काममा संलग्न महिलाहरू बढी प्रभावित भएको पाइएको छ। सामाजिक हिंसाबाट प्रभावित ३४ प्रतिशत (६५जना)महिला घरायसी काममा संलग्न छन्। त्यसैगरी २४ प्रतिशत (४५ जना) कृषि तथा पशुपालनमा संलग्न, २६ प्रतिशत (४९ जना) विद्यार्थी, ७ प्रतिशत (१४जना) दैनिक ज्यालामजदुरी गरेर जीवनयापन गरिरहेका महिला र ६ प्रतिशत (१२ जना) साना व्यापारमा संलग्न, २ प्रतिशत (३ जना) सरकारी सेवामा संलग्न, १ प्रतिशत (१ जना) जागिर र जागिर खोज्दै गरेका महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ।




**चार्ट नं. २७.** सामाजिक हिंसा प्रभावित महिलाहरूको पेशागत अवस्था

### ६.९ सामाजिक हिंसाका कारण प्रभावितमा परेको असर

सामाजिक हिंसाबाट प्रभावितहरूमा सबैभन्दा बढी मानसिक असर परेको पाइएको छ। सबैभन्दा बढी ३९ प्रतिशत (७४ जना) महिलामा मानसिक असर, त्यसपछि ३० प्रतिशत (५६ जना) महिलामा शारीरिक असर, ४प्रतिशत  (७ जना) आर्थिक असर र ३ प्रतिशत (६ जना) सामाजिक असर परेको छ भने २४ प्रतिशत (४६ जना) महिलामा सामाजिक हिंसाका कारण सबैखाले असर परेको तथ्याङ्कले देखाएको छ। महिलाहरूमा पर्ने असरको प्रतिशतमा केही भिन्नता भएतापनि सामाजिक हिंसाका कारण महिलाको प्रत्यक्ष जीवनमा सबै प्रकारका असर पर्ने गरेको अध्ययनका क्रममा पाइएको छ।




**चार्ट नं. २८.** सामाजिक हिंसाका कारण प्रभावितमा परेका असरहरू

प्राप्त तथ्याङ्कका आधारमा सामाजिक घटनालाई विश्लेषण गर्दा २९ प्रतिशत महिलामाथि शारीरिक हिंसा भएको पाइयो । विशेष गरेर समाजमा विद्यमान रहेको छुवाछुत प्रथा, जातीय विभेद, दाइजो तथा वोक्सीको आरोप लगाई महिलामाथि शारीरिक हिंसा भएको पाइन्छ । ओरेक नेपालले यस वर्ष अभिलेखीकरण (ओरेक र सञ्चारमाध्यममा आएका घटनासमेत) गरेका हिंसाका घटनामध्ये ४५ जना महिलामाथि बोक्सीको आरोपमा निर्घात कुटपीट भएको छ । यसैगरि बञ्चरोले हानेर हत्या प्रयास गरेको, कपाल काटेर कालोमोसो दलेर अपमानित गरि गाउँगाउँ डुलाएको जस्ता अमानवीय प्रकृतिका हिंसा भएको पाइएको छ । ओरेकको मात्र अभिलेखीकरणको आधारमा ४० जना महिलामाथि बोक्सीको आरोपमा हिंसा भएको तथ्याङ्क प्राप्तभएको छ । जसमध्ये ८ जनालाई बोक्सीको आरोपमा कुटपिट गरिएको, ३१ जनालाई बोक्सीको आरोप लगाएर अपशब्द प्रयोग गरी गालीगलौज गर्ने तथा चारित्रिक आरोप लगाएर मानसिक यातना दिएको र १ जनाको हत्या प्रयास गरिएको पाइएको छ ।

यसैगरी महिलामाथि हुने सामाजिक हिंसामा छिमेकीहरू पीडकको रुपमा संलग्न भएको पाइएको छ । त्यस्तै साथी, आत्मीय व्यक्ति, परिवारका सदस्य तथा सेवा प्रदायकको रुपमा रहेका व्यक्तिहरू समेत सामाजिक हिंसामा संलग्न रहेका छन् । यसरी नै उच्चशिक्षा हाँसिल गरेका महिलाहरूको तुलनामा सामान्य लेखपढ गर्न जानेका महिलामाथि बढी हिंसा भएको तथ्याङ्कले औंल्याएको छ । शैक्षिकस्तर कम भएका महिलालाई हेप्ने र जसरी पनि हिंसा गर्न सकिने र उनीहरू हिंसाविरुद्ध उजुरी प्रक्रियामा जाँदैनन् भन्ने आत्मविश्वासका साथ पीडकबाट यस्ता हिंसा भएको पाइएको छ । घरायसी काम तथा कृषि पेशामा संलग्न र ज्यालामजदुरी गरेर आफ्नो जीविकोपार्जन गरिरहेका महिलामाथि बढी हिंसा भएको पाइयो । समाजमा उच्चवर्ग, आर्थिकस्तर वलियो भएका शक्तिशाली व्यक्तिहरूबाट महिलामाथि सामाजिक हिंसा हुने गरेको पाइयो । पितृसत्तात्मक संरचना र सदियौँदेखि व्यवहारमा रहेको असमान शक्तिसम्बन्धले आर्थिक रुपमा कमजोर बनाइएका, पछाडि पारिएका, मध्यमवर्गका महिलामाथि सामाजिक हिंसा बढी हुने गरेको पाइयो ।

## घटना नं ४ (बोक्सीको आरोपमा कुटपीट)

शान्ति (परिवर्तित नाम) म अहिले ४० वर्षकी भएँ । मेरो जन्म धनुषा जिल्लामा भएको हो । मेरो श्रीमान लामो समयदेखि बैदेशिक रोजगारीमा हुनुन्छ । छोरीहरूको विवाह भई सक्यो । म साना २ जना छोरासँग बसकी छु । मेरा देवर, देउरानीले हाम्रो शरीरमा देवी देवता आयो भन्दै पटक पटक काम्ने र मलाई नै बोक्सी लगाएर हामीलाई यस्तो भयो भन्दै निर्घात कुटपिट गरे । उनीहरूको कुटपिटबाट मेरो तिघ्रा, ढाड र शरीरभरी लठ्ठीको निल डाम मात्र छ । स्थानिय बासिन्दाले ममाथि प्रयोग भएको अपशब्द, गालीगलौज र कुटपिट देखेर मेडिकलमा लगेर उपचार गरिदिए । आफ्नै घर परिवारबाट दिनहुँ मलाइ बोक्सी आरोप लगाउने र मैले गर्दा उनीहरूलाई कहिल्यै सन्चो हुँदैन भन्दै गालीगलौज, डर, धम्की दिने, मारीदिन्छु भन्दै शारीरिक र मानसिक यातना दिईरहन्छन् । मलाई आफ्नै घरको यस्तो वातावरणले बस्न पनि असुरक्षित भएको छ । गतवर्ष पनि खेतमा काम गरिरहेको बेला देवर र देउरानी मिलेर गालीगलौज गर्दै मलाई कोदालेले काट्न आएका थिए । त्यतिखेर मैले भागेर आफ्नो ज्यान बचाएकी थिएँ । ममाथि धेरै पटक कुटपिट र यातना भएपछि मैले इलाका प्रहरी कार्यालयमा मुद्दा दर्ता गराएँ । प्रहरी टोली घरमै आएर छलफल गरी घटनाबारे अनुसन्धान गरिरहेको छ । मलाई घरमा बस्न असुरक्षा भएकाले गाउँको महिला समूहमा गएर हारगुहार गर्दा ओरेक नेपालले मलाइ गास वास उपलब्ध गराएको छ । म अहिले ओरेकको सुरक्षा अवासमा बस्दै आएकी छु । मलाई आशा छ ममाथि अन्याय गर्ने अपराधीले छिट्टै कडा भन्दा कडा सजायँ पाउने छन् ।

## घटना नम्बर ५. (बालविवाह)

मेरो (सोनिका परिवर्तित नाम) हो। परम्परागत रुपमा १६ वर्षको हुँदा मेरो विवाह भयो। म ३ कक्षासम्म मात्र पढेकाले मलाई घरको काम मात्र गर्न आउँछ । मेरो पहिलो महिनावारी १४ वर्षको हुँदा भएको थियो । विवाह भएर आउँदा मेरो घरमा १६ जनाको परिवार थियो। श्रीमानको कुनै पनि काम थिएन, विवाह गरेको केही समयपछि घरमा झैझगडा हुन थाल्यो। मसँग बिनाकारण श्रीमान, सासु, ससुरा, जेठाजु, देवर समेतले झगडा गर्ने, खाना मिठो भएन भन्ने, पकाउनको लागि तेल, चामल, मसला नल्याईदिने अनि खाना पकाएन भनि सबैले अपशब्द प्रयोग गरी गाली गलौज गर्न थाले। यी सबै कुरा सहेर पनि मैले आफ्नो काम गर्न छोडिन। माईत जाँदा नराम्रो हुन्छ होला भन्ने डरले माईतिसमेत जान मन लागेन। घरपरिवार सबैबाट अपहेलित भएर आफूमाथि भएको हिंसा सहेर बसिरहेकी थिएँ। त्यसै समयमा श्रीमानले छुट्टै बसौं भनि आफू ज्याला मजदुरी गर्न थाल्नु भयो। म पनि गर्भवती भएँ। गर्भवती भएको २ महिनामा गर्भपतन भयो। मेरो धेरै रगत गयो तर उपचार गर्नु पर्छ भन्ने थहा थिएन। पछि आफै रगत बग्न बन्द भयो। मैले आराम गर्न पाइन फेरी अर्को गर्भ ६ महिना पछि रह्यो गर्भवती भएपछि स्वास्थ्य जाँच गरी आइरन चक्कि ५ महिनासम्म खाएँ। मलाई एकदम गाह्रो भयो, बच्चा जन्माउन समस्या हुन्छ भन्ने थाहा थिएन तर बच्चा घरमै जन्मियो। सुत्केरी भएको ५ महिना पुगेपछि स्वास्थ्य चौकीमा अस्थाई साधन डिपो (३ महिने) सुई प्रयोग गर्न जाँदा त्यहाँ डिपो सुई उपलब्ध भएन, सकिएको छ भनि फर्काइ दिनु भयो। श्रीमानले पनि अस्थाई साधनको बारेमा बुझ्नु भएको थिएन। पुनः गर्भवती भएँ। मलाई चिन्ता लाग्न थाल्यो, श्रीमानलाई गर्भपतनको कुरा गर्दा मान्नु भएन। म यसलाई जन्म दिन्छु भन्नु भयो। मेरो केही चलेन। मैले उहाँले भनेको मान्नुपर्‍यो। आफ्नो ईच्छा विपरित एउटा बच्चा सानो हुँदाहुँदै पेटमा आएको अर्को गर्भ जचाउँन स्वास्थ्य चौकी जाँदा जाँच गरेवापत १

पटकको २ सय रुपैयाँ का दरले पैसा खर्च हुन थाल्यो । मसँग तिर्ने पैसा पनि थिएन । बन्दाबन्दिको समस्याले गर्दा श्रीमानलाई ज्याला मजदुरी गर्न पनि समस्या भएको छ । कलिलो उमेरमा बच्चा जन्माउँदाको पीडा, त्यसमाथि फेरी अर्को पटक पनि गर्भ रहेपछि आफ्नो स्वास्थ्यको ख्याल गर्ने र स्याहार त परै जाओस, गरीबीले गर्दा मैले राम्रोसँग खान समेत पाएकी छैन । यस्तो समयमा ओरेक नेपाले मेरो नियमित स्वास्थ्य जाँचका लागि स्वास्थ्य चौकीसँग समन्वय गरिदिएको छ। मेरो गर्भ जाँच गरेको, आइरन चक्कि र बर्थिङ्गसेन्टरमा बच्चा जन्माउदा निःशूल्क सुत्केरी गर्नका लागि ३५ सय रुपैयाँ उपलब्ध हुने वातावरण बनाई दिनु भएको छ र फेरी केही अप्ठ्यारो परेमा सहयोग गर्ने आश्वासन दिनु भएको छ । यसको लागि ओरेक नेपाललाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

# परिच्छेद ७

## ७.१ बलात्कार

बलात्कार मानव अधिकार हनन्को  जघन्य र निकृष्ट अपराध हो। पछिल्लो समयमा देशभर बलात्कार र बलात्कारपछिको हत्या भएका घटनाले हाम्रो समाजको कुरूप तस्वीर अगाडी आएको छ। महिला तथा किशोरीमाथि भएका यस्ता जघन्य अपराधका घटनालाई सरकारले गम्भीर रूपमा नलिँदा, उल्टै प्रभावितमाथि नै समाजले लगाउने गरेको लाञ्छना र बलात्कारका घटनामा वास्तविक पीडकको पहिचान गरी दोषीलाई कारवाही गर्न नसक्दा प्रभावितले न्याय पाउन सकिरहेका छैनन्। अर्कोतिर यस्तो दण्डहिनताले अपराधीहरूको मनोबल बढ्न गई यस्ता घटनामा तिब्रता आएको छ।

कोरोना महामारीमा बलात्कारका जघन्य र अति निकृष्ट घटनाहरू सार्वजनिक भएका छन्। एउटै व्यक्तिले धेरै किशोरीमाथि बलात्कार गरेको र अन्त्यमा हत्या नै गरिदिएको घटनाले अपराधीको मनोबल दण्डहिनताले कतिसम्म बलियो बनाएको रहेछ भन्ने कहाली लाग्दो अवस्थालाई बाहिर ल्याएको छ। बलात्कार जस्तो जघन्य अपराधलाई गाउँ मै मेलमिलाप गराउनु र पीडितलाई केही पैसा दिएर उसको बोली बन्द गराउनुको परिणाम यस्तै भयानक हुन्छ भन्ने प्रमाण यी यस्ता घटनाले दिएका छन् तर पनि राज्य महिलामाथि हुने यस्ता जघन्य अपराधप्रति गम्भीर छैन भन्ने कुरा नीतिगत तहमा बसेकाहरूले  बेलाबखत दिँदै आएका  अभिव्यक्तिले पुष्टि गरेको छ।

नेपाल प्रहरीको विगत १० वर्षको तथ्याङ्क  हेर्ने हो भने १७,७८० महिला तथा बालिका बलात्कार भएका छन्। यस तथ्याङ्कलाई हेर्दा नेपालमा प्रत्येक वर्ष औसत २० प्रतिशतका दरले बलात्कारका घटना बढेको देखिन्छ। नेपाल प्रहरीको  आर्थिक वर्ष ०७६/०७७ को तथ्याङ्क अनुसार  २१४४ बलात्कार र ६८७ बलात्कार प्रयासका घटनाको उजुरी दर्ता भएको देखिन्छ। कोरोना महामारीको समयमा २०७६ चैत्र देखि २०७७ भदौसम्ममात्रै देशभर १ हजार २ सय २१ जनामाथि बलात्कार भएको छ। यसरी हेर्दा औसत दैनिक ७ जना महिला बलात्कृत भएका छन्। यसैगरी अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को महिला तथा बालिकामाथि भएको हिंसा सम्बन्धी अध्ययन प्रतिवेदनमा


पनि २०१८ को तुलनामा २०१९ मा बलात्कारका घटना बढेको उल्लेख छ। इन्सेकको तथ्याङ्कअनुसार २०१८ मा ७०० को हाराहारीमा बलात्कारका घटनाको अभिलेख भएकोमा यसवर्ष सन् २०२० को अगस्ट सम्ममा दोब्बर भएको छ। यो वर्ष १४०० भन्दा बढी महिला तथा बालिकामाथि बलात्कार भएको तथ्याङ्क इन्सेकले सार्वजनिक गरेको छ। यसैगरी ओरेक नेपालमा अभिलेख भएको तथ्याङ्कलाई हेर्दा अघिल्लो वर्ष ०७५/७६ मा १४३ वटा बलात्कार र १८ वटा बलात्कार प्रयासको घटना अभिलेखन भएकोमा यस वर्ष ०७६/०७७को भदौ सम्ममात्रै १७८ वटा बलात्कार र ४० वटा बलात्कार प्रयासका घटना भएको पाइएको छ। यसले नेपालमा महिला मानव अधिकार हनन्को भयानक अवस्थालाई चित्रण गरेको छ।

महिला अधिकार सुनिश्चितताका लागि कानुन संशोधन, द्रुतन्याय प्रणालीको व्यवस्था, हदम्याद बढाउने निर्णय, महिला हिंसाविरुद्धको वर्ष मनाउने अभियानलगायत पछिल्लो समयमा सरकारबाट भएका केही पहल सकारात्मक छन्। तर पनि दैनिकरूपमा हुने बलात्कारका घटनामा कमी आउनुको साटो किन बढिरहेको छन् ? किन पीडित/प्रभावितले न्याय पाउने वातावरण सहज छैन ? यो सवालमा सरकार तथा सम्बन्धित निकायको तत्काल ध्यान जानु जरुरी छ। व्यक्ति, परिवार, समाज र नीतिगत तथा राष्ट्रिय राजनीतिसम्म नै महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण र महिलाको शरीर र यौनिकतामाथिको नियन्त्रणले यस्ता हिंसाका घटनालाई प्रश्रय दिइरहेको छ । यस्ता घटनाहरूमा हुने समाजको मौनताले महिलाको शरीर जसरी पनि प्रयोग गर्न सकिन्छ भन्ने सोचलाई अझ बलियो बनाउँदै विभेदकारी सामाजिक संरचनागत प्रणालीलाई निरन्तरता दिएको छ। यही कारणले समाजमा भित्र भित्र दण्डहिनता मौलाएको छ। तसर्थ एकातिर समाजको जरा जरामा कानुनी सचेतना ल्याउनु अति जरुरी भैसकेको छ। सँगसगै कानुन कार्यान्वयन गर्ने निकायहरू सम्वेदनशील हुनु आवश्यक छ। समाज जागरुक भएर न्याय माग्न जाँदा वा अन्यायका विरुद्ध समाजबाटै बलियो आवाज आएका खण्डमा कानुन कार्यान्वयन गर्ने निकाय समेत वाध्य हुनेछ। त्यसैले सबैभन्दा पहिला नागरिक सचेतना अति नै महत्वपूर्ण छ।

अर्कातिर महिलाको शरीरलाई परिवार तथा समाजको इज्जतसँग गाँसेर हेर्ने हानिकारक सोचको अन्त्य हुनुपर्छ र महिलामाथि हुने सबै प्रकारका हिंसामा सामाजिक मौनताको संस्कृतिलाई तोड्दै, विभेदित सामाजिक संरचनाको जरैदेखि रुपान्तरण गरी हिंसाविरुद्ध शुन्य सहनशीलताको नीतिलाई अवलम्वन गरिनुपर्दछ।

## ७.२ बलात्कार आरोपितसंगको सम्बन्ध


बलात्कारका घटनामा संम्लग्न अन्जान भन्दा चिनेजानका र आफ्नै वरीपरिका व्यक्तिहरू नै बढी छन् । सबैभन्दा बढी ६० प्रतिशत (१०७ जना) महिला छिमेकीबाट, १७ प्रतिशत (३१जना) परिवारका सदस्य जस्तै आफ्नै बाबु, काका, मामा, ससुराबाट महिला तथा बालिकाहरू बलात्कृत भएको तथ्याङ्कले देखाउँछ । यसैगरी १३ प्रतिशत (२३जना) आफूले आत्मीय ठानेका साथीबाट, ४ प्रतिशत (८ जना) साथीबाट, १ प्रतिशत (२ जना) सेवाप्रदायक संस्थाका अधिकारीवाट, २ प्रतिशत (३ जना) कानुनी एवं सामाजिक परम्परा अनुरुप विवाह नगरेका तर विवाहितसरह सँगै बसेका साथीबाट र २ प्रतिशत (४ जना) अपरिचित व्यक्तिवाट बलात्कृत भएको तथ्याङ्क प्राप्त भएको छ ।




**चार्ट नं. २९.** बलात्कार प्रभावित महिलाको आरोपितसँगको सम्बन्ध

## ७.३ बलात्कार प्रभावितको उमेर


महिला तथा बालिकामाथि जुनसुकै उमेरमा पनि बलात्कार हुन सक्दछ भन्ने तथ्य यस वर्षको तथ्याङ्कले उजागर गरेको छ। ओरेक नेपालले अभिलेख गरेका तथ्याङ्कलाई विश्लेषण गर्दा ४ वर्षकी बालिका देखि ६५ वर्षीया महिला समेत बलात्कृत भएको पाइएको छ। तर महिलाहरू जति कम उमेरका हुन्छन् त्यति नै धेरै बलात्कारको जोखिममा रहने सम्भावना रहेको समेत तथ्याङ्कले उजागर गरेको छ। हामीले संकलन गरेको बलात्कारको तथ्याङ्क अनुसार ५१ प्रतिशत (९१ जना) १६ वर्षभन्दा कम उमेरका बालिका बलात्कृत भएका छन्। १७ देखि २५ वर्ष उमेर समूहका २९ प्रतिशत (५२ जना), २६ देखि ३५ वर्ष उमेर समूहका ११ प्रतिशत (१९ जना), ३६ देखि ४५ वर्ष उमेर समूहका ६ प्रतिशत (१० जना) तथा ४६ वर्षभन्दामाथिका ३ प्रतिशत (६जना) महिलामाथि बलात्कार भएको छ।





**चार्ट नं. ३०.** बलात्कार प्रभावित महिलाहरूको उमेरका आधारमा हिंसाका परिणाम

## ७.४ बलात्कारबाट प्रभावितको शैक्षिक अवस्था

बलात्कारबाट प्रभावित महिलाको शैक्षिकस्तरबारेविश्लेषण गर्दा निरक्षरको तुलनामा साक्षर महिला नै बलात्कारबाट बढी प्रभावित हुने गरेको पाइएको छ। यसवर्ष प्राप्त तथ्याङ्कका आधारमा २२ प्रतिशत निरक्षर (३९ जना) र ७८ प्रतिशत (१२० जना) साक्षर महिलामाथि बलात्कारका घटना भएको पाइयो। यसैगरी महिलाको शैक्षिकअवस्था हेर्दा ७३ प्रतिशत (१०१ जना) आधारभूततह अध्ययन गरेका, २६ प्रतिशत (३६ जना) माध्यमिक तहसम्मको अध्ययन गरेका तथा १, १ जना स्नातक तह र स्नातकोत्तर तहसम्मको अध्ययन गरेका महिलामाथि बलात्कार भएको पाइयो। तर अभिलेख गरिएको तथ्याङ्कमा न्याय खोज्न वा उजुरी गर्न  निरक्षर महिला भन्दा साक्षर र शिक्षित महिला बढी अग्रसर र सचेत भएका कारणले पनि साक्षरको धेरै र निरक्षर महिलाको संख्या थोरै भएको हुनसक्छ।





चार्ट नं. ३१. बलात्कार प्रभावितमहिलाको साक्षरताको अवस्था




चार्ट नं. ३२. बलात्कार प्रभावितमहिलाको शैक्षिकअवस्था

## ७.५ प्रभावितको जात/जातियता


बलात्कारबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी २९ प्रतिशत (५२ जना) तराई आदिवासी जनजाति महिला रहेका छन्। यसैगरी १७ प्रतिशत (३० जना) पहाडे ब्राह्मण/क्षेत्री, १३-१३ प्रतिशत (२४ र २३ जना) क्रमशः पहाडे आदिवासी जनजाति र पहाडे दलित, १० प्रतिशत (१८ जना) तराई दलित र ६-६ प्रतिशत (११, १०, १० जना) क्रमशः तराई गैरदलित, तराई ब्राह्मण/क्षेत्री र मुश्लिम महिला तथा बालिका बलात्कारबाट प्रभावित भएका छन्।




**चार्ट नं. ३३. जात/जाातीय आधारमा महिलामाथि भएको बलात्कारको स्थिति**

## ७.६ प्रभावितको पेशा


बलात्कारबाट प्रभावित भएका महिलामध्ये बढी १६ वर्षभन्दा कम उमेरका बालिका र पढ्दै गरेका उमेर समूहका बढी रहेका छन् । ४४ प्रतिशत (७९ जना) महिला तथा बालिका धेरै बलात्कृत भएका छन् । त्यसैगरी २४ प्रतिशत (४३ जना) घरायसी काममा संलग्न, १७ प्रतिशत (३० जना) कृषि पेशा, १२ प्रतिशत (२२ जना) दैनिक ज्याला मजदुरी गर्ने, १-१ प्रतिशत (२-२ जना) क्रमशः सामान्य व्यापार व्यवसायमा संलग्न तथा जागिर खोज्दै गरेका महिलामाथि बलात्कार भएको छ ।




**चार्ट नं. ३४.** प्रभावितको पेशा र बलात्कारका घटनाहरूको अवस्था

## ७.७. बलात्कार र आरोपितको उमेर

बलात्कारमा संलग्न आरोपित व्यक्तिहरूको उमेरको आधारमा हेर्दा सबैभन्दा बढी १७ देखि २५ वर्षका युवाबाट बलात्कारका घटनाभएको तथ्याङ्कले देखाएको छ। यस उमेर समूहका ३१ प्रतिशत (५५ जना) युवा बलात्कारमा संलग्न रहेको पाइएको छ। यसैगरी २७ प्रतिशत (४८ जना) २६ देखि ३५ वर्ष उमेर समूहका, २१ प्रतिशत (३८ जना) ३६ देखि ४५ वर्ष उमेरका र ११ प्रतिशत (१९ जना) ४६ वर्षभन्दा माथिका पुरुष र ३ प्रतिशत (६ जना) १६ वर्षभन्दा कम उमेरका बालक बलात्कारमा संलग्न रहेको तथ्याङ्कले देखाएको छ।




**चार्ट नं. ३५.** बलात्कार र आरोपितको उमेरको अवस्था

ओरेक नेपालमा यसवर्ष संकलन भएका बलात्कारका घटना मध्ये १६ वर्षभन्दा कम उमेरका ५१ प्रतिशत बालिकामाथि बढी बलात्कार भएको देखिएको छ। यसै गरी १० वर्षभन्दा कम उमेरकामात्रै १७ जना बालिकामाथि बलात्कार भएको पाइएको छ। बलात्कारका घटना मध्ये ९८ प्रतिशत घटना परिचित व्यक्ति, घर, छिमेक तथा आफ्नै समुदायमा भएका छन्। जसले गर्दा महिला तथा बालिकाहरू अपरिचितवाट भन्दा घर तथा समुदायमा नै सबैभन्दा बढी असुरक्षित रहेको पुष्टि यो तथ्याङ्कले गरेको छ।

यसरी अवोध बालिका वा भर्खर युवा अवस्थामा प्रवेश गरेका र भविष्यका कर्णधार भनिएका बालिका तथा किशोरीमाथि भएका यस्ता घटनाका कारण उनीहरुको शिक्षा, स्वास्थ्य लगायत चौतर्फी विकासमा नकरात्मक प्रभाव पर्ने गरेको छ। यसैगरी ४४ प्रतिशत बलात्कारमा १७ देखि २५ वर्ष उमेर समूहका युवा संलग्न भएको तथ्याङ्क उत्तिकै डर लाग्दो छ। उत्पादनशील, उच्च शिक्षा हाँसिल गर्ने, आफ्नो र देशको सुन्दर भविष्यको जग बसाउन मेहनत गर्नुपर्ने उमेरका युवा यस्तो जघन्य अपराधमा किन संलग्न भइरहेका छन् भन्ने विषयमा सरकारले अझ थप अनुसन्धान गरी समाधानको बाटोतर्फ जानुपर्ने देखिन्छ।

अर्को तर्फ बलात्कार प्रभावितलाई नै यस्तो जघन्य अपराधको सम्पूर्ण भागिदार बनाउने अत्यन्तै उदेक लाग्दो सामाजिक संरचना र सोचका कारणले महिलामाथि हुने हिंसा,बलात्कार र हत्या जस्तो अपराधले प्रोत्साहन पाएको छ। बलात्कृत महिला र किशोरीले घटना पश्चात भोग्ने शारीरिक, मानसिक, सामाजिक तथा घरेलु हिंसा र विभेदको विश्लेषण गर्न राज्य अझै चुकेको देखिन्छ।

तसर्थ बलात्कार जस्तो जघन्य अपराधका घटनालाई इज्जत र प्रतिष्ठाको विषय वनाई मेलमिलाप गराउने पीडित/प्रभावितलाई लाञ्छना लगाउने, डर, धाक, धम्की दिने, बसोवास गरिरहेको स्थान छोड्न बाध्य वनाउने, कतिपय घटनामा उजुरी लिन आनाकानी गर्ने, पीडित र परिवारलाई राजनीतिक दबाब दिने, पीडकलाई संरक्षण गर्ने जस्ता अपराधजन्य कार्यलाईनिरुत्साहित गरी प्रभावितको लागि सुरक्षित, संवेदनशील, दीर्घकालिन र पहुँचयुक्त सहयोगी संयन्त्रको विकास राज्यवाट छिटो हुनुपर्दछ। साथै प्रभावितले मुद्दा दर्ता गर्न तथा न्याय पाउनका लागि व्यहोरीरहेको झण्झटिलो न्यायीक प्रक्रियाले न्यायबाट वञ्चित हुनु परिरहेको छ। तसर्थ बलात्कार जस्तो जघन्य अपराधीक घटनालाई उच्च प्राथमिकतामा राख्दै द्रुतन्याय प्रणालीको प्रभावकारी कार्यान्वयन तर्फ सरकारको पहलकदमी हुनपर्दछ। विद्यमान कानुनले पीडकलाई कारवाही गर्नु नै पीडितलाई न्याय दिएको भन्ने संकुचित व्याख्या गरेको छ। जुन व्याख्याले प्रभावितको आत्मसम्मानका साथ बाँच्न पाउने अधिकारको सुनिश्चित गर्दैन। त्यसैले प्रभावितलाई उच्च मनोवलसहितको पहिलाजस्तै आत्मसम्मान अनुभूत गर्ने वातावरण निर्माण गरि न्यायलाई सामाजिक न्यायको अवधारणाका रूपमा परिभाषित गर्नुपर्छ भन्ने हाम्रो माग र विश्लेषण रहेको छ।

## घटना नं ६ (सामूहिक बलात्कारं )

कैलाली जिल्ला बस्ने ५५ वर्षकी रमा दमाइ(परिवर्तित नाम) लाई जहाँ गहिरो त्यहाँ पहिरो भने झै भएको छ। सुदूरपश्चिमको बाजुरा जिल्लाबाट बसाइँ सरेर कैलाली आएकी रमाले केही वर्ष भारतमा बिताइन्। चार छोरी र दुई छोरा गरी ६ जना परिवार रहेको रमाको परिवार आर्थिक रुपमा पनि विपन्न रहेको छ। १० धुर जमिनमा एउटा घर र सानो बारी छ। ४ जना ( २ छोरा र २ छोरी) भारतमा छन्। श्रीमान दुई छोरी दुई जना नाति नातिनासँग बसेकी रमाको नल्का पानी हैन बालुवा मात्र आउँछ। घरको नजिकै चर्पी छैन। खासै नजिक आफन्त पनि छैनन्। एउटा दलित त्यसमाथि गरिब र धेरै सन्तान भएको के समाजले पत्याउँथ्यो ? धेरै अभाव र गरिवीसँग उनी संघर्ष गरिरहेकै थिइन् तर पछिल्लो आठ महिनामा उनको जीवनमा ठूला घटना भए। गतवर्ष भदौ २५ गते साइँली छोरी घरमा थिइन्। रमा दाजु बितेकाले माइत गइन्। त्यो दिन घर आउन ढिला भयो। साइली र कान्छी छोरीलाई फोन गरेर राम्रोसँग ढोका लगाई सुत्नु भनेर राती ८ बजे फोन गरिन्। त्यसदिन साइली छोरीलाई सञ्चो भएन, ज्वरो आएको थियो। साँझ खाना खाइ सबै जना माथिल्लो तलामा सुतेका थिए। साइली छोरीको १५ वर्षको उमेरमा नै विवाह भयो। त्यसको एकवर्षपछि नै उनी आमा बनेकी थिइन्। उनका श्रीमान् लागु औषध दूर्व्यसन भएपछि रमाले साइली छोरी र नातिलाई आफूसँगै राखेकी थिइन्। साइली छोरी ज्यालादारी गर्थिन् निकै सोझी थिइन्। त्यसराती उनलाई पानी खान मन लाग्यो नल्कामा पानी खान गइन्। नल्काको अगाडि एक जना व्यक्ति रहेछ। उनी नल्कामा गएको मौका छोपी उ घरभित्र पसेछ र उनी सुत्न गइसकेपछि घाँटी थिचेर बलात्कार गर्‍यो। उनले रुँदै मामालाइ फोन गरिन्। आमालाई खबर गरिन् । उनीहरूले प्रहरीलाई जानकारी दिए। मुद्दा दर्ता गरे तर आरोपित भागिसकेको थियो। त्यसपछि समाजले रमा र उनको परिवारलाई हेर्ने दृष्टिकोण फरक हुन थाल्यो। उनकी छोरीलाई गाउँ समाजले नानाथरी आरोप र लाञ्छाना लगाउन थाले। उनलाई घरमा बस्ने वातावरण भएन। उनी दिदी भिनाजुसँग

भारत गइन् । उनको सानो बच्चा आमाले रेखदेख गरीरहेकी छन् । मुद्दा इलाका प्रहरी कार्यालयमा यथावत छ, अघि बढाउन प्रमाण पुगेको छैन ।

उनको परिवारमा ५ जना छन् । पढेलेखेका कोही छैनन् । विपन्न परिवार साँझ बिहानको छाक टार्न पनि गाह्रो छ । भारतमा मजदुरी गरेर जीविकोपार्जन गर्ने गरेको उनको परिवार पनि कोरोना महामारीका कारण बेरोजगार बनेको छ । उनीहरूलाई रोगले भन्दा भोकले मर्ने चिन्ता छ । भोकमरी गरिवीसँग त उनी जसोतसो लडिरहेकी छन् तर परिवारमा आएको एकपछि अर्को विपदले उनको आत्मविश्वास डग्मगाएको छ । गतवर्ष बैशाख २ गते साथीसँग गोठाला गएकी उनकी कान्छी छोरीमाथि सामूहिक बलात्कार भयो । सोही गाउँपालिकाका वडा सचि वलगायत ३ जनाले बलात्कार गरको खबर उनले प्रहरीबाट पाएकी थिइन् । '१५ वर्षकी छोरीमाथि सामूहिक बलात्कार हुँदा पनि मैले मुद्दा नहाल्ने विचार गरेँ किनभने साहिँली छोरीमाथि भएको बलात्कारविरुद्ध मुद्दा दर्ता गर्दा म बसेको गाउँका सबै मानिस मसँग बोल्न छोडे । कान्छी छोरीलाई बलात्कार गर्ने सबै चौधरी थिए । अब चौधरीहरू पनि बोल्दैनन् । गाउँमा दुश्मनी हुन्छ भनेर मुद्दामा जान आँट गरेकी छैन ।' उनले भनिन् । 'म चौधरीको नल्काको पानी खान्छु अब पानी पनि खान दिदैनन् भनेर सोचेँ तर मलाई सबैले सम्झाइ बुझाइ गरेपछि अहिले मुद्दामा जान तयार भएकी थिएँ तर धम्की आउन छोडेको छैन । उनको गुनासो छ । यो घटना झुटो हो मेरी छोरीलाई बलात्कार भएको छैन भनेर लुकाउने बाध्यता मेरो गरिबीले हो । मेरो यस्तो दयनिय साँझ विहान खान नपाउने अवस्थामा ओरेक नेपालको साथले गर्दा म बाँचेको छु । बन्दाबन्दिको समयमा २ पटक राहात पाएर छाक टार्न सजिलो भएको थियो भने उहाँहरुले अहिलेसम्म मलाई पटक पटक गर्नु भएको मनोपरामर्श सेवाले मेरो आत्मबल बढेको छ र तपाईलाई परेको अन्याय, हिंसा माथि हामी सहयोग गर्छौं भनि निरन्तर सल्लाह, सुझव दिरहनु भएको छ यसको लागि ओरेकलाई धेरै धेरै धन्यवाद दिन चाहान्छु र अहिले दुवै छोरीको नपुगेको प्रमाण र कागज पुरा गर्न उनले अहिले प्रहरीलाई सहयोग गरिरहेकी छन् ।

## घटना नं ७ (बलात्कारको प्रयास)

५ वर्ष पहिले मेरो उदयपुर जिल्लामा विहे भएको थियो । दुई सन्तान जन्मिएपछि श्रीमान बैदेशिक रोजगारीका लागि गए । श्रीमान बिदेशमा भएको बेला एकदिन घास काट्दै गर्दा ४५ वर्षीय ससुराले मेरो सुरुवाल तानेर दुर्व्यवहार गरे । मैले हातमा भएको हँसियाले हिर्काएँ र त्यहाँबाट उम्केर घरमा गइ सासुलाइ त्यो कुरा सुनाएँ घरको कुरा घरमै मिलाउने हो, बाहिरका मानिसलाई भन्न हुँदैन भन्दै मलाई उहाँले चुप लगाउनु भयो तर ससुरालाई कसैले केही पनि भनेनन् । ममाथि आँखा गाडेका ससुराले त्यसपछि पनि पटक-पटक जबरजस्ती गर्ने प्रयास गरिरहे । मैले नमान्दा कुटपिट समेत गरे । ससुराबाट त्रसित भएर विदेशमा रहेका श्रीमानलाई आफनो समस्या सुनाएँ, तर आफ्नो बुवाले त्यस्तो काम गर्नै नसक्ने भनेर उनले पनि पत्याएनन् । उनले घरमा भएका अरु सदस्यलाई म माथि नजर राख्नु भने तर उनीहरूले मलाई साथ दिनुको साटो उल्टै श्रीमानलाई नचाहिँदो कुरा लगाइदिने गरे । श्रीमानसँग कुरा पुऱ्याएको भन्दै मलाई सासु, ससुरा, जेठानी जेठाजुले कुटपिट गर्ने र मानसिक तनाव दिन थाले । सबैबाट तिरस्कृत भएर मानसिक रुपमा समेत कमजोर भएकी छु । ससुराले मलाई पटक-पटक जबरजस्ती गर्ने प्रयास गरेको गाँउलेहरूले देखेपछि प्रहरी समक्ष जानकारी दिँदा प्रहरीले घरेलुहिंसा भनेर सम्झाइ बुझाइ गरि पठाईदियो । म एक्लै परिरहेका बेला श्रीमान विदेशबाट घर फर्किए । श्रीमान आएपछि सजिलो होला भन्ने आशा गरेकी थिएँ, तर त्यसो भएन । उल्टै श्रीमानले विभिन्न आरोप लगाउँदै मलाई कुटपिट गर्न थाले । घरका सबै मिलेर कुटपिट गर्दा छिमेकीहरू बचाउन आएका थिए । श्रीमानले उल्टै हाम्रो घरको कुरामा कसैले चासो लिनु पर्दैन भनि उनीहरूलाई समेत धम्क्याए । म माथि भएको हिंसा देखेर सबै छिमेकी र गाउँलेले प्रहरीमा खबर गरे । प्रहरी घरमै आएर उनीहरूलाई पक्राउ गऱ्यो । तर वडा कार्यालयका प्रतिनिधि र प्रहरीले छलफल गरि फेरीपनि मिलापत्र गराइ मलाइ नै दोषी बनाइ छोडिदियो । अहिले जेठाजु, जेठानी, सासु, सुसुरा र श्रीमानलाई चौकीमा दैनिक तारिखमा बोलाएको छ । म घरमुनिको सानो कटेरोमा आफ्ना दुई छोराछोरीसहित बसेकी छु । ओरेकबाट मैले नियमित रुपमा मनोसामाजिक परामर्श सेवा प्राप्त गरिरहेको छु जसले मेरो आत्मविश्‍व बढेको छ ।

# परिच्छेद ८

## ८.१ यौनिक हिंसा

नेपालको संविधानले यौनिक हिंसा (यौन दूर्व्यवहार) लाई कानुनी अपराधको रुपमा स्वीकार गरी दण्डनीय बनाएको छ। "कसैले कुनै महिलाको मञ्जुरीबिना संवेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजलाई अस्वाभाविक रूपमा एकान्त ठाउँमा लगेमा, आफ्नो यौनाङ्ग छुन लगाएमा वा अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द, सङ्केत प्रयोग गरेमा वा चित्र, तस्वीर देखाएमा, महिला वा कसैलाई पनि यौनका आशयले जिस्काएमा वा हैरानी दिएमा वा यस्तै अन्य कुनै किसिमले अस्वाभाविक व्यवहार गरेमा वा करणीका आशयले समातेमा यौन दुर्व्यवहार गरेको मानी त्यस्तो कसूर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र ३० हजार रुपियाँसम्म जरिवाना हुने व्यवस्था गरेको छ। (मुलुकी अपराध संहिता २०७४ दफा १४) नेपालमा कानुनी व्यवस्था भएपनि यौनिक हिंसामा कानुनी प्रक्रियाका जान अत्यन्तै कठिन वा असम्भव प्राय छ। न्यायका लागि उजुरी दर्ता प्रक्रियादेखि नै कानुनले प्रमाण खोज्छ। तर यौन हिंसा प्रभावितले मानसिक रूपमा परेको असरको प्रमाण कसरी देखाउने वा पीडकको आशय करणी, संकेतलगायतका कुरालाई कसरी प्रमाणका रूपमा पेश गर्ने ? यस्ता थुप्रै जटिलताले यौनिक हिंसाबाट प्रभावित महिलाले न्याय पाउन सकिरहेका छैनन्। त्यसैले बलात्कारमा जस्तै यौनिक हिंसा प्रभावितहरूको पनि बयानलाई मुख्य प्रमाण मानी न्याय दिने व्यवस्था राज्यले गर्नु पर्दछ। विश्वमा महिलामाथि हुने हिंसाका स्वरुपहरूमध्ये यौनिक हिंसा व्यापक छ। यौनिक हिंसा एक जटिल र चुनौतीपूर्ण सवालको रुपमा रहेको छ। यसले महिलाको शारीरिक, मानसिक, मनोसामाजिक स्वास्थ्यमा नकारात्मक र गम्भीर असर पार्दछ।

संसारभर कम्तीमा तीन जनामध्ये एक महिलाले आफ्नो जीवनकालमा चिनेको व्यक्तिबाट यौनहिंसा भोगका हुन्छन् भन्ने तथ्य बाहिर आइसकेको छ। ३५ प्रतिशत महिलाले शारीरिक या यौनहिंसा भोगेका हुन्छन्।[१] नेपालमा ६६ प्रतिशत महिलाले आफूमाथि भएको शारीरिक तथा यौनिक हिंसाविरुद्ध उजुरी तथा सहयोगको खोजी गर्ने गर्दैनन्। ३४ प्रतिशत महिलाले पतिबाटै


[१] https://www.unwomen.org/en/what-we-do/ending-violence-against-women/facts-and-figures

यौनिक हिंसा भोगेका हुन्छन् ।[२] पति या आत्मीय साथीबाट हुने शारीरिक हिंसा व्याप्त भएको देशमध्ये नेपाल १४ औं स्थानमा पर्छ ।[३] चिनजान र नजिकका विश्वास गरेका व्यक्तिहरू नै विशेष गरि यौन हिंसाका घटनाका पीडकहरू हुने गरेका छन् । यस वर्ष ओरेकमा संकलन भएको तथ्याङ्कले पनि यस तथ्यलाई अझ पुष्टि गरेको छ ।

यस वर्ष प्राप्त तथ्यांकअनुसार महिलामाथि भएको हिंसामध्ये ४ प्रतिशत (६३ जना) महिलामाथि यौनिक हिंसा भएको छ ।

## ८.२. प्रभावितको उमेर र यौनिक हिंसा

यसवर्ष जम्मा ४ प्रतिशत (६३ जना) महिलामाथि यौनिक हिंसा भएका घटना अभिलेखीकरण भएका छन् । जसमध्ये सबैभन्दा बढी १७ देखि २५ वर्ष उमेर समूहका ५२ प्रतिशत (३३ जना) महिला यौनिक हिंसाबाट प्रभावित छन् । यसैगरी २४ प्रतिशत (१५ जना) २६ देखि ३५ वर्ष उमेर समूहका र ५ प्रतिशत (३ जना) ३६ देखि ४५ वर्ष उमेर समूहका तथा २ प्रतिशत (१ जना) ४६ वर्षदेखि माथिका महिलामा यौनिक हिंसा भएको छ । यसैगरी १६ वर्षभन्दा कम उमेरका बालिका तथा किशोरीहरूमा १७ प्रतिशत (११ जना) यौनिक हिंसा भएको अभिलेख गरिएको छ ।





**चार्ट नं. ३६.** उमेरका आधारमा महिलामाथि भएको यौनिक हिंसाको अवस्था

[२] नेपाल स्वास्थ्य जनसांख्यिक सर्वेक्षण २०१६ अनुसार ।
[३] विश्व बैंक ।

## ८.३ यौनिक हिंसाका आरोपितसंगको सम्बन्ध


यस वर्षको तथ्याङ्कको आधारमा आफूले आत्मीय ठानेका व्यक्तिबाट महिलाहरू बढी मात्रामा महिला यौनिक हिंसामा परेको पाइएको छ । ३७ प्रतिशत (२३ जना) महिला प्रेमीबाट, २४ प्रतिशत (१५ जना) छिमेकीबाट, १३ प्रतिशत (८ जना) साथीबाट, १० प्रतिशत (६ जना) परिवारका सदस्यवाट, ८ प्रतिशत (५ जना) कानूनी एवं सामाजिक रीतिरिवाजअनुरुप विवाह नगरेका तर विवाहितसरह सँगै बसेका साथीबाट, ५-५ प्रतिशत (३, ३ जना) क्रमशः सेवाप्रदायक संस्थाका अधिकारीबाट र शिक्षकबाट महिलामाथि यौनिक हिंसा भएको पाइएको छ ।





**चार्ट नं. ३७.** यौनिक हिंसाबाट प्रभावितहरूको पीडकसँगको सम्बन्ध

## ८.४ प्रभावितको शैक्षिक योग्यता

यौनिक हिंसाबाट प्रभावित महिलाको शैक्षिक अवस्था विश्लेषण गर्दा ७१ प्रतिशत (४५जना) साक्षर र २९ प्रतिशत (१८ जना) निरक्षर महिलामाथि यौनिक हिंसा भएको पाइएको छ । साक्षर महिलामध्ये ४९ प्रतिशत (२२ जना) माध्यमिक शिक्षा अध्ययन गरेका, २९ प्रतिशत(१३ जना) आधारभूत शिक्षा अध्ययन गरेका, ११ प्रतिशत (५ जना) स्नातकतह अध्ययन गरेका, १ जना स्नातकोत्तर तह अध्ययन गरेका महिलामाथि यौनिक हिंसाका घटना भएको पाइएको छ ।





**चार्ट नं. ३८.** प्रभावितहरू को शैक्षिक अवस्था




**चार्ट नं. ३९.** यौनिक हिंसा र प्रभातिको साक्षरताको अवस्था

## ८.५. प्रभावितको जात/जातीयता


यौनिक हिंसाबाट प्रभावित महिलामध्ये सबैभन्दा बढी ३७ प्रतिशत (२३ जना) तराई आदिवासीजनजाति महिला प्रभावित रहेको यसवर्षको तथ्याङ्कले देखाएको छ। १६ प्रतिशत (१० जना) पहाडे ब्राह्मण/क्षेत्री, १४ प्रतिशत (९ जना) पहाडे आदिवासीजनजाती, ८-८ प्रतिशत (५, ५, ५ जना) पहाडे दलित, तराई ब्राह्मण/क्षेत्री र मुश्लिम महिला हिंसाबाट प्रभावित भएका छन् । यसैगरी ६ प्रतिशत (४ जना) तराई दलित, ३ प्रतिशत (२ जना) तराई गैरदलित महिलामाथि यौनिक हिंसा भएको पाइएको छ ।




**चार्ट नं. ४०.** प्रभावितको जात/जातियता र यौनिक हिंसा

## ८.६ प्रभावितको पेशा


यौनिक हिंसाबाट प्रभावित रहेका महिलाको पेशाका आधारमा ४१ प्रतिशत (२६ जना) विद्यालयमा पढ्दै गरेका छात्रा प्रभावित भएका छन् । २५ प्रतिशत (१६जना) घरायसी काममा संलग्न, १७ प्रतिशत (११ जना) कृषि तथा पशुपालन गर्ने, ६-६ प्रतिशत (४-४जना) क्रमशः दैनिक ज्याला मजदुरी र सामान्य व्यापार व्यवसायमा संलग्न, २-२ प्रतिशत (१-१ जना) सरकारी सेवामा कार्यरत तथा विद्यार्थी महिलामाथि यौनिक हिंसा भएको पाइयो ।




**चार्ट नं. ४१. प्रभावितको पेशा र यौनिक हिंसा**

## ८.७. प्रभावितलाई परेको असर

यौनिक हिंसाबाट प्रभावितमा सबैभन्दा बढी मानसिक असर परेको पाइएको छ। सबैभन्दा बढी ३३ प्रतिशत (२१ जना) मा मानसिक असर, ३० प्रतिशत (१९ जना) मा शारीरिक असर, ५ प्रतिशत (३ जना) मा आर्थिक, ३ प्रतिशत (२ जना) सामाजिक असर तथा २९ प्रतिशत (१८ जना) मा यौनिक हिंसाका कारण सबैखाले असर परेको तथ्याङ्कले देखाएको छ। महिलामा पर्ने असरको प्रतिशतमा केही फरक भएतापनि यौनिक हिंसाका कारण महिलाको जीवनमा लामो समयसम्म मानसिक असर पर्ने गरेको अध्ययनले देखाएको छ।




**चार्ट नं. ४२.** यौनिक हिंसाबाट प्रभावितलाई परेका असर

यौनिक हिंसाबाट प्रभावित महिलाहरू मध्ये सबैभन्दा बढी १७ देखि २५ वर्ष उमेर समूहका महिला रहेका छन्। यस हिंसाबाट बढी प्रभावित अर्को उमेर समूह २६ देखि ३५ वर्षका महिलाको रहेको छ। यी उमेर समूहका महिलामध्ये विद्यार्थी र रोजगारीमा संलग्न बढी हिंसाबाट प्रभावित रहेको पाइएको छ। यसले के देखाउँछ भने नीजि क्षेत्रमा जस्तै सार्वजनिक क्षेत्रमा पनि महिलामाथि हुने हिंसा बढ्दो छ।

यौनिक हिंसाबाट प्रभावित महिलाहरूमध्ये ५० प्रतिशत उनीहरूले आत्मीय ठानेका प्रेमी र साथीबाट बढी हिंसा भोगेको पाइएको छ। अभिलेखीकरणका आधारमा यौनिक हिंसा भएको जानकारी दिनेहरूमा बढी साक्षर महिला जसले आधारभूत तहकको शिक्षा हाँसिल गरेका छन्। यसले अधिकांश बालिकाहरू मानसिक र शारिरीक रूपले परिपक्व नभइकनै यौन हिंसाबाट प्रभावित भइरहेको यथार्थ प्रस्तुत गरेको छ।

यौनसँग सम्बन्धित कुरालाई अझैपनि परिवार तथा समाजमा खुलेर छलफल गर्ने र भन्ने वातावरण छैन। आफूमाथि भएको हिंसालाई बाहिर ल्याउँदा परिवार तथा समाजल आफूलाई नै दोष लगाउने, सामाजिक लाञ्छना सहनुपर्ने डर उनीहरूमा हुन्छ। जसले गर्दा आफूमाथि यौनिक हिंसा हुँदा समेत महिलाहरूले कसैलाई नभनी प्रतिकार नगरी बस्न बाध्य हुन्छन्। जसले गर्दा उनीहरूको आत्मविश्वासमा कमी हुने, हीनताबोध हुने, आफैप्रति घृणा गर्ने गर्न थाल्दछ। यसले उनीहरूमा मानसिक असर पार्दै जान्छ। यस अध्ययनले पनि यौनिक हिंसाका कारण ३३ प्रतिशत महिलालाई सबैभन्दा बढी मानसिक असर परेको देखाएको छ।

## घटना नं ८ (यौनिक हिंसा)

पवित्रा (परिवर्तित नाम) अहिले १४ वर्षकी भइन् । उनकी आमा छैनन् भने बृद्ध बुबाको अवस्था शारीरिक रुपमा कमजोर छ । उनको आर्थिक अवस्था पनि एकदम कमजोर छ । ६ कक्षामा अध्ययनरत उनको सोझोपनको कारण शिक्षकले उनीमाथि पटक पटक यौन दुर्व्यवहार गरेका छन् । उनका दिदी, दाजुहरू विवाह गरेर छुट्टै बस्छन् । शिक्षकले आफूमाथि गरेको दुर्व्यवहार बुवालाई भन्न नसक्दा उनी लामो समय हिंसा सहन वाध्य भईन् । शिक्षकले उनलाई सँधै अन्तिम बेन्चमा बस्न लगाउने र पढाउने क्रममा उनी भएको ठाँउमा आई शरिरका संवेदनशील अङ्गमा छुने, सिकाउने बहानामा काखिमुनीबाट हात छिराइ स्तन समाउने गर्थे । यसकारण उनी आफू लज्जित हुने गरेको बताउँछिन । उनले उक्त कुरा कसैलाई पनि भन्न नसकेको र विरोध गर्न नसकेकै कारण शिक्षकको मनोबल अझ बढेर अरु विद्यार्थीको आँखा छलेर हरेक दिन उनको स्तन समाउने, सुम्सुमाउने क्रम बढ्यो । सहनै नसक्ने भएपछि एकदिन उनले आफ्नी मिल्ने साथीलाई शिक्षकले आफूमाथि गरेको दुर्व्यवहारको बारेमा सुनाइन् । साथीकै सल्लाहले उनी विद्यालयमा रहेको बाल सञ्जालमा आवद्ध भईन् र विस्तारै बोल्ने, हिम्मत गर्न सक्ने भइन् । पछि विद्यालयका दुई शिक्षिकालाई उनले आफ्नो पीडा सुनाइन् । त्यसपछि शिक्षक, शिक्षिकाले उनलाई राखेर २०७६ फागुन ७ गते आरोपी शिक्षकसँग छलफल गरेपछि उसले गल्ती स्वीकार्‍यो । आफूबाट गल्ती भएको, जानी जानी त्यस्तो नगरेको र पढाउने क्रममा झुक्किएर हात गएको अबदेखि आफूले त्यस्तो कार्य नदाहोर्‍याउने प्रतिवद्धता उसले जनायो । सोही दिन बेलुका शिक्षक उनको घरमा आयो उनी र उनको बुबासँग झुक्किएर यस्तो गल्ती भएको हो, घटना बारेमा कसैलाई पनि नभने परिक्षामा पास गराईदिन्छु भन्ने आश्वासन उसले दियो । उसले आफ्नो ईज्जतमा दाग लाग्ने भएकाले कसैसँग पनि नभन्न आग्रह गरेका थियो । प्रभावित किशोरीले यसरी चुप लागेर बस्दा उसले झन दुःख दिन्छ र अरुलाई पनि यस्तै दुर्व्यवहार गर्छ भनी बाल संजालमा


सल्लाह गरेर विभिन्न सरोकारवाला निकाय, स्थानिय संघसंस्था, स्थानिय सरकार, विद्यालय व्यवस्थापन समिति र उनको परिवार सम्पूर्णको सहभागितामा प्रहरीमा उजुरी दिइन्। उजुरीपछि पीडकलाई पक्राउ गरी थप कारवाहीका लागि अदालतमा पेश गरियो। त्यसपछि किशोरीको परिवारलाई विभिन्न किसिमका धम्कि आउन थाले। संघसंस्था तथा टोल, समाजले सहयोग गरिरहेको भएपनि उनलाई त्यहाँ असुरक्षित भएको महशुस गरिन्। उनी अहिले ओरेकको सुरक्षा आवासमा बस्दै आएकी छन्। सुरक्षा आवासमा आएपछि उनले सुरक्षित महसुस गरेकी छिन्। ओरेकले उनलाई मनोसामाजिक परामर्श सेवा दिएपछि धेरै नै सहज भएको छ। पीडकले सजायँ पाउने र आफूले न्याय पाउने आशा उनले राखेकी छिन्। ओरेकले उनलाई समय समयमा परामर्श दिएपछि उनको आत्मबल बढेको छ भने पढाइले पनि निरन्तरता पाएको छ।

# परिच्छेद ९

## ९ हत्या

### ९.१ हत्याको अवस्था

महिलामाथि हुने हिंसाको भयानक स्वरुप हो हत्या । विभिन्न बहानामा महिलाहरूको हत्या गर्ने क्रम दिनप्रतिदिन बढिरहेको छ । ओरेक नेपालमा अभिलेखीकरण भएका तथा दैनिक सञ्चार माध्यममा  आएका समाचार अनुसार यस वर्ष १२४ जना महिलाको हत्या तथा २४ जना महिलाको हत्याप्रयास भएको  पाइएको छ । यस वर्ष १३ जना महिलाको हत्या भएको र २ जनामहिलाको हत्याप्रयास गरिएको घटना ओरेकले अभिलेखीकरण गरेको छ । महिलाहरूलाई दाइजो नल्याएको वा घरपरिवारको चाहाना र मागभन्दा कम ल्याएको निहुँमा, बलात्कार पश्चात, श्रीमानश्रीमतीविच सामान्य विवादको निहुँमा, विभिन्न चारित्रिक आरोप तथा लाञ्छना लगाई हत्या गर्ने गरेको पाइएको छ । नेपाल मनिटरले संकलन गरेको  तथ्याङ्कलाई हेर्दा कोरोना महामारीका कारण गरिएको बन्दावन्दीको समयमामात्र लैङ्गिक हिंसाका कारणले ४७ जना महिलाको हत्या[1] भएको पाइएको छ । हत्या जुनसुकै कारण वा प्रयोजनका लागि हुने गरेको भएतापनि यो गम्भीर अपराध हो । यस्तो अपराधका कारण महिलाको बाँच्न पाउने अधिकारको गम्भीर हनन् भएको छ ।





**चार्ट नं. ४३.** हत्या र हत्या प्रयासका घटना प्रतिशतमा

[1]२२ मार्च २०२० देखि २९ सेप्टेम्वर २०२० (नेपाल मनिटर)

## ९.२ प्रभावितको उमेर र हत्या


हत्या गरिएका महिलाहरूको उमेरका आधारमा विश्लेषण गर्दा १७ वर्ष उमेरदेखि २५ वर्ष उमेर समूहको ६९ प्रतिशत (९ जना) महिलाको हत्या धेरै भएको पाइएको छ । २६ देखि ३५ वर्ष उमेर समूहका र १६ वर्ष भन्दा कम उमेरका १५-१५ प्रतिशत (२, २ जना)महिला तथा बालिकाको हत्या भएको  छ ।




**चार्ट नं. ४४.** प्रभावितको उमेर र हत्या

## ९.३ हत्या र आरोपितसंगाको सम्बन्ध


महिलाको हत्यामा संलग्न आरोपितहरू वा अदालतले अपराधी प्रमाणीत गरेकाहरूमध्ये विशेष गरी श्रीमानको संलग्नता नै धेरै रहेको पाइन्छ । ५४ प्रतिशत (७ जना) महिलाको हत्या श्रीमान वाट भएको छ भने ३१ प्रतिशत (४ जना) को परिवारका सदस्यवाट, ८ प्रतिशत (१ जना) महिलाको उनले आत्मीय ठानेको साथीबाट र सोही प्रतिशतमा १ जना महिलाको हत्या छिमेकीबाट भएको तथ्याङ्क यस वर्ष प्राप्त भएको छ ।





**चार्ट नं. ४५.** हत्या र आरोपितसँगको सम्बन्ध

### ९.४.प्रभावितको शैक्षिकस्तर र हत्या

महिलामाथि हुने सबै प्रकारका हिंसा निरक्षर भन्दा बढी साक्षर महिलाहरूमाथि नै भएको पाइन्छ । यस वर्ष ९२ प्रतिशत (१२ जना) साक्षर महिला तथा ८ प्रतिशत (१ जना) निरक्षर महिलाको हत्या भएको पाइएको छ भने साक्षर महिलाहरूमा पनि ६९ प्रतिशत (९ जना) आधारभूत शिक्षा अध्ययन गरेका तथा ३१ प्रतिशत (४जना) माध्यमिक शिक्षा अध्ययन गरेका महिलाको हत्या भएको छ ।





**चार्ट नं. ४६.** हत्या र महिलाको शैक्षिक अवस्था




**चार्ट नं. ४७.** हत्या र महिलाको साक्षरताको अवस्था

## ९.५ प्रभावितको जात/जातियता र हत्या


यसवर्षको तथ्याङ्कले सबैभन्दा बढी हत्या हुनेमा तराइका गैरदलित महिला रहेको देखाएको छ। कुल हत्या संख्यामध्ये ३८ प्रतिशत (५जना) तराइका गैरदलित महिलाको हत्या भएको छ। २३ प्रतिशत (३ जना) ब्राह्मण/ क्षेत्री तराइ त्यस्तैगरी सोही प्रतिशतमा (३ जना) तराइ आदिवासी जनजाति र ८-८ प्रतिशत (१, १ जना) पहाडे आदिवासी जनजाति र पहाडे दलित महिलाहरूको यसवर्ष हत्या भएको पाइयो।




**चार्ट नं. ४८.** हत्या र जातिगत अवस्था

## ९.६. प्रभावितको वैवाहिक अवस्था र हत्या


यसवर्षको तथ्याङ्कका आधारमा ८५ प्रतिशत (११जना) विवाहित तथा १५ प्रतिशत (२ जना) अविवाहित महिलाको हत्या भएको छ ।




**चार्ट नं. ४९.** हत्या प्रभावित र वैवाहिक अवस्था

## ९.७. प्रभावितको हत्या र पेशागत अवस्था

अभिलेख गरिएको तथ्याङ्कका आधारमा यसवर्ष हत्या भएका महिलामध्ये ३८ प्रतिशत (५जना) घरायसी काममा संलग्न, २३ प्रतिशत (३ जना) कृषि पेशामा संलग्न र सोही प्रतिशतमा विद्यार्थी तथा १५ प्रतिशत (२ जना) सामान्य व्यापार व्यवसायका संलग्न भएको पाइएको छ ।




**चार्ट नं. ५०.** हत्या र प्रभावितको पेशागत अवस्था

अभिलेख गरिएका घटनाको आधारमा सबैभन्दा धेरै १७ देखि २५ वर्ष उमेर समूहका महिलाको हत्या भएको पाइयो । यसैगरी हत्याका घटनामध्ये सबैभन्दा बढी ५४ प्रतिशत हत्या श्रीमानवाट नै भएको र ३१ प्रतिशत महिलाको हत्या परिवारका सदस्यवाट भएको तथ्याँकले देखाउँछ । यसरी श्रीमान तथा परिवारका सदस्यवाट हत्या भएका घटनाहरूको विश्लेषण गर्दा कतिपय घटना घरेलु हिंसाको उजुरी भएर मेलमिलाप भएका, पीडकले भविष्यमा यस्ता घटना नदोहोऱ्याउने प्रतिवद्धता गरेका र महिलाले पनि एकदिन श्रीमान तथा परिवारका सदस्य सुध्रने आशा गर्दा गर्दै हत्या भएको पाइएको छ । यदि कुनै पनि यस्ता जघन्य अपराधका घटनामा शुन्य सहनशीलताको सिद्धान्त अपनाइ पीडकले गर्ने हिंसाविरुद्ध शुरुमा नै उजुरी गर्न सक्ने वातावरण बनेमा महिलाहरूले यसरी अनाहकमा ज्यान गुमाउनु पर्ने थिएन । ओरेकको तथ्याङ्कअनुसार वढी विवाहित महिलाहरूको हत्या भएको छ । यसैगरी घरायसी काम र कृषि पेशामा संलग्न महिलाहरूको धेरैजसो हत्या भएको देख्न सकिन्छ । यसवर्षको तथ्याङ्कलाई हेर्दा ९२ प्रतिशत साक्षर महिलाको हत्या भएको छ । यसले के देखाउँछ भने जो महिला आफ्नो अधिकारका बारेमा सचेत छन् र आफूमाथि भएको हिंसाविरुद्ध आवाज उठाउँछन् ति महिलालाई सँधैका लागि चुप लगाउन हत्या गरिन्छ । हत्यालाई उनीहरूमाथि भएको हिंसाको यथार्थ लुकाउने उपायका रूपमा प्रयोग गरिएको यस तथ्याङ्कले देखाउँछ ।

## घटना नं ९ (हत्या)

सिम्रन (परिवर्तित नाम) को विवाह सिरहा जिल्लामा भएको थियो। परिवारका सदस्यले विवाहको एक महिनापछि देखि नै उनको श्रीमानलाई बैदेशिक रोजगारीमा जान दवाव दिन थाले। भर्खर बिहे गरेका कारण श्रीमतीलाई छोडेर जाने मन सम्राट (परिवर्तित नाम) को थिएन। सम्राट जान नमानेपछि सासुले बुहारीलाई आफ्नो छोरालाई बिदेश जान नदिएको भन्दै गालीगलौज गर्ने गर्थिन्। साथै सिम्रनको परिवारले विवाहमा बाँकी रहेको दहेज ४ आना सुन नदिएको भन्दै बुहारीलाई दिनरात गाली गलौज गर्न थाले। सिम्रनका बुवाले छोरीलाई एक लाख ५० हजार नगद, १ तोला सुन र अपाची गाडी बिहेमा दाइजो दिएपनि बाँकी रहेको ४ आना सुन नदिएको भन्दै उनीमाथि यातना हुन थाल्यो। यसरी दिनहुँ जसो सिम्रनलाई गालीगलौज गर्न थालेपछि सहन नसकेर उनी माइती गइन्। उनको श्रीमानले उनको बुवाआमालाई अबदेखि कहिले गाली नगर्ने शर्तमा फर्काएर घर लगे। माइतीमा उनको श्रीमानलाई बुवाआमाले सम्झाएपछि केही परिवर्तन पनि भयो। उनको श्रीमानले बढी नै साथ दिन थाले जुन कुरा उनको परिवारलाई पचेन। उनले फेरि तेरो बाउआमाले हाम्रो छोरालाई मोहनी लगाए। त्यही भएर हामिले भनेको कुरा सुन्दैन भनेर गाली गर्न थाले। फेरि दिन रात घरमा द्वन्द्व हुन थाल्यो। यो सहन नसकी उनका श्रीमानले विदेश जाने तयारी गर्न थाले श्रीमान श्रीमतीको राम्रो सम्वन्ध देखेर उनकी आमाले फेरि तेरो विदेश जाने मन छैन श्रीमतीको कुरा सुन्छस् भन्दै दुवै जनालाई गाली गर्न थालिन्। उनको भिसाको लागि ३० हजार रुपैयाँ खर्च भएको थियो। यतिका धेरै पैसा खर्च गरेको भनी सम्राटलाई गाली गरेपछि रिसाएर सम्राटले भिसा लगाएको पासपोर्ट च्यातिदिए। त्यसपछि उनकी आमालाई झन् रिस उठ्यो। यो घटनापछि सिम्रनलाई उनको बुवाआमासँग पनि कुरा गर्न दिएनन्। एकदिन सिम्रनको सबै परिवार खाना खाएर सुत्ने बेलामा आमाले आफू बुहारीसँग सुत्ने बताइन् र छोरालाई बाहिर सुत्न पठाइन्। त्यहिदिन सिम्रनको वुवाले फोन गर्दा सासुले तिम्रो छोरी विरामी भएकी थिईउ मरिसकी भनेर भनिन्। सिम्रनको बुवाले प्रहरीलाई लिएर गए। नभन्दै घरमा सिम्रनको मृत्यु भइसकेको थियो। प्रहरीले सिम्रनको लासलाई पोष्टमार्टमको लागि लग्यो। पोष्टमार्टमको रिपोटर्मा घाँटी थिचेर मारेको प्रमाण देखियो। प्रहरीले सासु र श्रीमानलाई समातेर हिरासतमा राख्यो। केही महिनापछि उनीहरू धरौटीमा छुटेका छन्।

# परिच्छेद १०

## १०.१ बेचबिखन तथा ओसारपसार

मावन बेचविखन एक अपराधमात्र नभई मानवअधिकार, मर्यादा तथा मानिसको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको उल्लङ्घन हो । मानव बेचबिखन नेपाली समाजको मात्र नभई विश्वव्यापी चूनौतीको रुपमा देखिएको समस्या हो। मानव बेचविखन मानवताविरुद्धको निकृष्ट अपराध मानवअधिकार उल्लङ्घनको पराकाष्ठा हो। नेपालले ४ दशक अगाडी नै दास प्रथाको अन्त्य गरेको भएपनि  समय अनुसार यसका स्वरूपहरू परिवर्तन भइरहेका छन्। विश्व इतिहासमा विभिन्न कालखण्डमा दासत्व, बाध्यात्मक श्रम, बधुँवा श्रम, असुरक्षित आप्रवासन, व्यावसायिक यौन शोषण, यौन दासत्व, बाध्यात्मक विवाह, बालविवाह, बालश्रम, बालदासत्व, धर्म-पुत्र/धर्म-पुत्रीका रूपमा शोषण, मानव अङ्ग प्रत्यारोपण आदिका लागि महिला, बालबालिका र पुरुषहरूको समेत बेचबिखन हुने गरेको छ। समयको अन्तरालसँगै यी समस्याको स्वरूप र आयाममा परिवर्तन हुँदै आइरहेको छ ।

प्रत्येक वर्ष मानव बेचविखनमा पर्नेको संख्या बढ्दो छ राष्ट्रिय मानवअधिकार आयोगको मानव बेचविखन प्रतिवेदन २०७६ ले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गतवर्ष नेपालमा ३५ हजार मानिस बेचविखनमा परेका छन्  ।[1]

बेचविखनको जोखिममा  महिला र वालवालिका धेरै छन्। बैदेशिक रोजगारीका नाममा होस वा आन्तरिक रूपमा बिभिन्न प्रलोभनमा पारेर उनीहरूको सोझोपन, इमान्दारीता, गरिवी र बेरोजगारीको फाइदा उठाइ फाइदा लिनेहरूले आधुनिक दासत्वलाई थप मलजल गरिरहेका छन्।

नेपालमा मानव बेचविखन तथा ओसारपसार(नियन्त्रण) ऐन २०६४ कार्यान्वयनमा छ। नेपाल सरकारले महिला बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत मानव बेचविखन तथा ओसारपोसार नियन्त्रणका लागि राष्ट्रिय समिती समेत गठन गरेको छ। नेपालको संविधान २०७२

[1]राष्ट्रिय मानवअधिकार आयोगको मानव बेचविखन प्रतिवेदन २०७६


ले मानव वेचविखनलाई संवैधानिक रुपमा निषेध र दण्डनीय बनाएको छ। महिलाको हक, रोगजगारीको हक, शोषणविरुद्धको हक, न्यायको हक, यातनाविरुद्धको हक, स्वतन्त्रताको हक तथा बालवालिकाको हकलाई मौलिक हकका रूपमा राखेर यी कार्यलाई  निषेधित गरिएको छ। संयुक्त राष्ट्रसंघले पारित गरेका प्रमुख ९ वटा मानवअधिकार महासन्धीहरू मध्ये नेपाल ७ वटा महासन्धी र आइएलओ महासन्धीको पक्ष राष्ट्र रहेको छ। नेपाल अन्तर्देशीय संगठित अपराध नियन्त्रण गर्ने संयुक्त राष्ट्रसंघीय महासन्धी (२०००) को पक्ष राष्ट्र रहेको छ। हालै नेपाल सरकारले मानव बेचविखन विशेष गरी महिला र बालबालिकाको बेचविखन रोकथाम, नियन्त्रण र सजायँगर्ने प्रलेख (पालेर्मो प्रोटोकल २०००) अनुमोदन गरेको छ।

नेपालले मानव बेचविखन अन्त्य तथा न्यूनीकरण गर्न पर्याप्त प्रयास गरेको भएतापनि बेचविखनको सबै क्षेत्र र जोखिमलाई सम्बोधन गर्न सकेको छैन। कानुनी कारवाहीमा पर्याप्त सुधार हुनु नसक्नु, बेचविखनका नयाँ स्वरूपलाई कानुनले सम्बोधन गर्न नसक्नु र प्रभावितहरूको उद्धार तथा संरक्षणमा गरेको न्युन लगानीका कारण नेपालमा बेचविखनका घटना दिनप्रतिदिन विभिन्न स्वरूपमा बाहिर आइरहेका छन्।

यसवर्ष ओरकमा १३ जना महिला बेचविखन तथा ओसारपोसरबाट प्रभावित भएका घटना अभिलेखीकरण भएका छन्। जसमध्ये १० जनाको बेचविखन तथा ३ जना महिलालाई बेचविखनको प्रयास भएको पाइएको छ।

## १०.२ बेचबिखनको अवस्था


यसवर्षको महिला हिंसाको कुल तथ्याङ्क १७४१ महिला हिंसाका घटनामध्ये ०.६० प्रतिशत (११) महिलाको बेचविखन र २ प्रतिशत (१९) महिला तथा बालिका बेचबिखनको प्रयासबाट प्रभावित भएका छन्। बेचबिखन तथा यसको प्रयासमा परेका महिला तथा बालिकाको कुल संख्यामध्ये ६३ प्रतिशत (१९) बेचबिखनको प्रयास भएको छ भने ३७ प्रतिशत (११) महिला तथा बालिका बेचविखनमा परेको घटना संकलन भएका छन्। जसको विवरण निम्न चार्टमा प्रस्तुत गरिएको छ




**चार्ट नं. ५१.** बेचबिखन र यसको प्रयासको अवस्था

## १०.३.बेचबिखन र प्रभावितको उमेर


बेचबिखनमा परेका महिला तथा बालिकाहरू सामान्यतया १७ देखि २५ वर्ष उमेरमा सबैभन्दा बढी ५० प्रतिशत (५ जना) महिला अधिकमात्रामा बेचबिखनमा परेको पाइएको छ। यसैगरी १६ वर्षभन्दा कम उमेर समूहका ३० प्रतिशत (३ जना) र २६ देखि ३५ वर्ष उमेर समूहका २० प्रतिशत (२ जना) महिला बेचविखनमा परेको पाइएको छ।




**चार्ट नं. ५२.** बेचबिखनमा परेका महिलाको उमेर समूह

## १०.४.बेचबिखन र आरोपितसंगाको सम्बन्ध


बेचबिखनमा परेका पीडित र बेचबिखन गर्ने व्यक्ति तथा समूहसँगको सम्बन्ध तथा नाताको अवस्था विश्लेषण गर्दा ८० प्रतिशत (८ जना) छिमेकीबाट, १०-१० प्रतिशत (१, १ जना) सेवाप्रदायक र साथीबाट महिला तथा बालिका बेचिएको पाइएको छ ।




**चार्ट नं. ५३. बेचबिखन प्रभावित र आरोपितसँगको सम्बन्ध**

## १०.५ बेचविखन र प्रभावितको वैवाहिक अवस्था

बेचविखन र प्रभावितको वैवाहिक अवस्थाको बारेमा विश्लेषण गर्दा बेचविखन तथा ओसारपोसारबाट प्रभावित महिलामध्ये ८० प्रतिशत (८ जना) अविवाहित महिला रहेको पाइएको छ । त्यसैगरी २० प्रतिशत (२ जना) विवाहित महिला  बेचविखन तथा अेसारपोसारबाट प्रभावित भएको तथ्याङ्क यस वर्ष संकलन  भएको छ ।




**चार्ट नं. ५४. बेचबिखन प्रभावित र वैवाहिक अवस्था**

ओरेक नेपालले अभिलेख गरेका घटना अनुसार १७ देखि २५ वर्ष उमेर समूहका महिला धेरै बेचबिखनमा परेका छन् । यसले उत्पादनशील र सक्रिय उमेर समूहका महिला बेचबिखनको जोखिममा धेरै रहेको देख्न सकिन्छ । यसैगरी निरक्षर महिला भन्दा साक्षर महिला नै बढी मात्रामा बेचविखनबाट प्रभावित भएका छन् । घरायसी काममा संलग्न महिला पनि बढी मात्रामा वेचविखनको जोखिममा रहेको देख्न सकिन्छ । महिलाहरुलाई आर्थिक अवसरमा पहुँच तथा रोजगारी सुनिश्चित गर्न नसक्नु, बेचबिखन तथा ओसारपसारको बदलिदो स्वरुपहरुका बारेमा समुदायस्तरमा सुचना प्रवाह गर्न नसक्नु, कतिपय अवस्थामा नागरिकता नभएका कारण वा पहिचानका अभावका कारण महिलाहरु अन्य व्यक्तिमा भरपर्न पर्ने बाध्यता, समाजमा रहेको महिलाप्रतिको विभेद, हिंसा तथा असमान अवसरहरुका कारण महिलाहरु विकल्पको खोजी गर्न बाध्य हुनु र अन्तत बेचबिखनको जालोमा पर्न सक्ने जोखिम देखिएको छ । पीडक र दलालले उनीहरूको यही बाध्यताको फाइदा उठाएर सजिलै फसाउन सफल हुन्छन् । बेचविखनमा संलग्न दलालहरू सबैभन्दा बढी छिमेकी रहेको ओरेकको अभिलेखमा देखिन्छ । यस पश्चात सेवाप्रदायक र आफ्नै साथीहरूबाट महिला तथा बालिकाहरू बेचिन सक्ने जोखिममा रहेको देख्न सकिन्छ ।

नेपालमा बालिका तथा महिला बेचविखनको इतिहास ज्यादै पुरानो हो । त्यो चाहे देशभित्रै होस या विदेशमा, यौन तथा श्रम शोषण, इच्छा विपरित जवरजस्ती काम, गैरकानुनी मानव अङ्ग प्रत्यारोपणलगायतका प्रयोजनका लागि नेपाली महिला तथा बालिकाहरुको बेचविखन तथा ओसारपोसार विगतदेखि नै हुँदै आएको छ । मानव सभ्याताको कलङ्कको रूपमा रहेको यस जघन्य अपराधको नियन्त्रणमा राज्य संयन्त्र, गैरसरकारी संघ संस्था तथा नागरिक समाज सबैको दायित्व हो ।

## घटना नं. १०: (मानव बेचबिखन तथा ओसारपसार)

म शिक्षा (परिवर्तित नाम), अहिले म २२ वर्षकी भएँ। १० कक्षा पढ्दा पढ्दै घर नजिकैको केटासँग प्रेम विवाह गरेँ। विवाह गरेको ६ महिनासम्म त हाम्रो सम्बन्ध राम्रै थियो। श्रीमान मामा घर गएका बेला उनको अर्कै केटीसँग शारीरिक सम्बन्ध भएछ र उसको पेटमा बच्चा बसेछ। मामाको सहयोगमा उसको पेटको बच्चा फालेछन्। त्यो घटनापछि हाम्रो सम्बन्धमा खटपट सुरु भयो। त्यसपछि श्रीमान विदेश गए। यता मेरो छोरा भयो, घर परिवारसँग सम्बन्ध राम्रै थियो, घरभित्रदेखि मेलापातसम्म सम्पूर्ण काम म आफैले गर्थे त्यसैले सासु ससुराले मसँग राम्रो व्यवहार गर्नु हुन्थ्यो। २ वर्षपछि श्रीमान घर आए । त्यसपछि मलाई गर्ने व्यवहार फरक हुन थाल्यो । म कसैसँग बोले पनि शंका गर्ने, दिनरात झगडा गर्ने, कुटपिट गर्न थाले। श्रीमान घरमा आएपछि परिवार नियोजनको साधन डिपो सुई लगाउन थालेँ। त्यसको असरले एकदमै रगत बग्न थाल्यो र म कमजोर हुदै गएँ। श्रीमानलाई औषधी गर्न लौजानु भन्दापनि वास्ता गरेनन्। जेठाजुले भाइ यस्तै छ तिमीलाई म उपचार गर्न लैजान्छु भन्नुभयो। मैले विश्वास गरें र घरकै सल्लाहमा उहाँसँग उपचार गर्न जान राजी भएँ। ठुलोबुवा ससुराले १२ हजार रुपैयाँ दिनुभयो अनि मेरो २ वर्षको छोरा, म र जेठाजु २०७६ कार्तिक १५ गते गाईघाट जाने बस चढेर गयौँ। त्यहाँ काका ससुराको घर थियो त्यहाँ बास बसेर भोलिपल्ट विहान विराटनगरको बसमा चढ्यौँ। जेठाजुले बाटामा शहर बजारको मान्छेले सुन लगाउँदैनन् खोलेर राख भन्नुभयो मैले खोलेर व्यागमा राखेँ। विराटनगर बसपार्कमा पुग्यौँ। जेठाजु बसबाट ओर्लेर मलाई तिमी यो गाडीमा जाँदै गर म एकछिनमा आउँछु भनि अपरिचित महिलासँग कुरा गर्न थाल्नुभयो। ती महिला मेरो सिट नजिक आएर बसी मसँग परिचय गरीन्। मैले जेठाजुलाई फोन गरेँ केटी साथीलाई भेट्यौ, उसँगै बस्दै गर म आईहाल्छु भन्नुभयो। त्यसपछि हामी बसबाट झर्‍यौं। मैले फेरी उहाँलाई फोन गरेँ, म आउदैछु भन्नुभयो। ती महिलाले मेरो कोठामा जाउँ भनिन्

र रिक्सा चढेर उनको कोठामा गयौं । जेठाजु आउनु भएन त भनेर फेरी फोन गरें । म आज आउन पाईन उसैसँग बस्नु म भोली आउछु अनि हस्पिटल जानुपर्छ भनेपछि म ढुक्क भएँ । भोलिपल्ट विहान  ती महिलाले यहाँबाट जोगवनी  नजिकै छ घुम्न जाऔं भनिन् ट्याक्सी चढेर हामी जोगवनी गयौं । त्यहाँ पुगेपछि उनले मलाई तिमीले रेल देखेकी छौ भनि सोधिन् । मैले छैन  भनें । आज शुक्रबार हो कतै टाढा जादैन यतै घुम्छ त्यहाँ चढेपछि कसैसँग बोल्नु हुदैन भनि, त्यसपछि उनले मेरो  मोवाईल फोन मागिन् । मैले दिएँ ।  रेल विस्तारै हिँड्न थाल्यो, यताउता उसलाई हेरें कतै देखिनँ । उ अगाडि गएर बसेजस्तो लाग्यो म चुप लागेर बसें । त्यो रातभर रेल हिड्यो, भोलिपल्ट एकैचोटी दिल्लीमा पुगेर रेल रोकिएछ । सबै मान्छेहरू रेलबाट झरे म पनि झरें यताउता हेर्छु ती महिलालाई देखिनँ । म छक्क परें कता जानु के खानु मेरो झोला, पैसा, सुन सबै उसैको कोठामा थियो । आफूसँग भएको एउटा मोवाइल पनि उसैले लगि । म अलपत्र परें । एकछिनमा कालो कालो केटा मान्छे आएर मलाई हिन्दी भाषमा के के भन्दै मेरो हात समातेर लछार पछार गर्दै यता जाउ उताजाउ भन्न लाग्यो । म र मेरो नानी  रोयौं । त्यो देखेर एकजना नेपाली महिला आइन् र मलाई त्यो मानिसबाट छुटाइन् । त्यो दिदीले २५ वर्षदेखि होटल सञ्चालन गरेर परिवार सबै त्यही बसेकी रहिछन् । मलाई भएको के हो उनले सबै सोधिन् ।  मैले मेरो सबै कुरा सुनाएँ । मेरो कुरा सुनेपछि उनले मेरोमा बसेर काम गर महिनाको ३००० दिन्छु भनिन् । २ महिनासम्म त्यहाँ भाँडा माझ्ने काम गरेर नेपाल फर्कने पैसा बनाएर नेपाल फर्किएँ । नेपाल फर्किएपछि घर जाँदा श्रीमान्ले इन्डिया गएको के प्रमाण छ तँलाई म राख्दिन भन्न थाले । नानाथरी गालीगलौज गरी तेरै माइती जा भने । त्यसपछि मलाई जिल्ला प्रहरी कार्यालय उदयपुरमा जिम्मा लगाइयो  । साँझ परिसकेको हुनाले मलाई ओरेक नेपालको सुरक्षा आवासमा राख्नुभयो । त्यहाँ आएर मैले सबै कुरा सुनाएँ । म १५ दिनसम्म बस्दा पनि मेरो घरबाट कोही सम्पर्कमा नआएपछि ओरेक नेपालले सरकारी वकिल र महिला सेलसँग सल्लाह गरेपछि

मानब बेचबिखन तथा ओसारपसार सम्बन्धि मुद्दा उदयपुर जिल्ला अदालतमा दर्ता भयो। त्यसपछि श्रीमानले पनि सम्बन्ध बिच्छेदको लागि मलाई मुद्दा हालेछ र प्रहरीले मेरो जेठाजु र मामा ससुरालाई समातेर हिरासतमा त राख्यो तर केही दिनपछि धरौटीमा छाडिदियो। त्यसपछि खोटाङ्ग जिल्ला अदालतले मलाई बकपत्रको लागि चैत्र १२ गते बोलाएको थियो। म जाने तयारीमा थिएँ तर कोरोना भाइरसको कारण सबै अदालतहरू बन्द भएका कारण जान सकेकी छैन। हाल म ओरेकको सुरक्षा आवासमै बसिरहेकी छु, ओरेकले मलाई गरेको सहयोगले मेरो आत्मबल बढेको छ। कहिलेकाहिँ मैले न्याय पाउँदिनकी भनेर चिन्ता लागिरहन्छ। छोराको स्कुल जाने बेला हुँदैछ। म भर्खर २२ वर्षकी भएँ मलाई सहयोग र साथ दिने कोही भएदेखि म पनि अगाडी बढ्ने थिएँ। महिलालाई हेप्ने समाजको लागि केही गरेर देखाउन मन लागेको छ र मेरो छोराको भबिष्य कसरी राम्रो बनाउने भन्ने कुरामा पनि म उत्तिकै चिन्तित छु।

# परिच्छेद ११


## ११.१ आत्महत्याको अवस्था

आफ्नो शरीरको हत्या व्यक्ति स्वयंले गर्नुलाई आत्महत्या भनेर बुझिन्छ। विश्व स्वास्थ्य संगठनको आँकडाअनुसार हरेक वर्ष करिव ८ लाख मानिसले आफ्नो ज्यान आफैं लिने गर्दछन् अर्थात विश्वमा प्रत्येक ४० सेकेन्डमा १ जनाले आत्महत्या गर्छ। नेपाल आत्महत्या गर्ने देशहरू मध्ये ७ औं स्थानमा पर्दछ। प्रजनन् उमेर समूहका महिलाको आत्महत्यामा नेपाल तेस्रो स्थानमा रहेको छ।[1] जसको प्रमुखकारण मानसिक स्वास्थ्य समस्या रहेको छ। गतचैत्र ११ देखि श्रावण ४ गतेसम्मको अवधिमा २,२१८ जनाले आत्महत्या गरेका छन् जसमध्ये ९५२ जना महिला तथा बालिका रहेको डरलाग्दो तथ्याङ्क प्रहरी प्रधान कार्यालयले सार्वजनिक गरेको छ। महिला तथा बालिकाहरूमाथि बढ्दो मनोसामाजिक समस्याको प्रमुखकारण उनीहरूमाथिको विभेद र हिंसा रहेको छ। ओरेक नेपालले यसवर्ष संकलन गरेका कूल घटना मध्ये २ प्रतिशत (३८ जना) महिलाले लैंगिक हिंसाका कारण आत्महत्या गरेका छन्। यसैगरि ०.२ प्रतिशत (४ जना) ले आत्महत्याको प्रयास गरेको पाइएको छ। अभिलेख गरिएका घटनालाई हेर्दा महिलाहरूमाथि दाइजोको कारण दैनिक रूपमा दिइने शारीरिक तथा मानसिक यातना, चरित्र हत्या, जवरजस्ती विवाह, बलात्कार जस्ता कारणले आत्महत्या गर्न बाध्य भएको देखिन्छ। हिंसा प्रभावितको न्यायमा पहुँच तथा सुनिश्चितता नभएका कारण महिलाहरूले आत्महत्यालाई विकल्पको रूपमा छान्ने गरेको पाइएको छ।

## ११.२ आत्महत्या र उमेर

आत्महत्या गरेका महिलाको उमेर समूह हेर्दा सबैभन्दा बढी ४२ प्रतिशत (१६ जना) १७ देखि २५ वर्ष उमेर समूहका रहेका छन्। यसैगरी २४ प्रतिशत (९ जना) १६ वर्षभन्दा कम उमेरका बालिका तथा किशोरी रहेका छन्। साथै १६ प्रतिशत (६ जना) २६ देखि ३५ उमेर समूहका, ११ प्रतिशत (४ जना) ३६ देखि ४५ वर्ष उमेर समूहका र ८ प्रतिशत (३ जना) ४६ वर्ष भन्दामाथिका महिलाले हिंसाका कारण शारीरिक तथा मानसिक यातना सहन नसकी आत्महत्या गरेको पाइएको छ।


[1] https://www.who.int/news-room/fact-sheets/detail/suicide.




**चार्ट नं. ५५.** आत्महत्या र प्रभावितको उमेर

## ११.३ आत्महत्या र वैवाहिक अवस्था


यसवर्ष विभिन्न कारणले ६१ प्रतिशत (२३ जना) विवाहित र ३९ प्रतिशत (१५ जना) अविवाहित महिलाले आत्महत्या गरेका घटना अभिलेखीकरण गरिएको छ ।





**चार्ट नं. ५६.** आत्महत्या र वैवाहिक स्थिति

## ११.४ आत्महत्या र शैक्षिक अवस्था

यसवर्ष भएका ८७ प्रतिशत (३३ जना) साक्षर र १३ प्रतिशत (५ जना) निरक्षर महिलाले आत्महत्या गरेको पाइएको छ । साक्षर महिलाहरूको शैक्षिक अवस्थालाई हेर्दा ६१ प्रतिशत (२० जना) आधार भूत शिक्षा अध्ययन गरेका तथा ३३ प्रतिशत (११ जना) माध्यमिक तहसम्मको अध्ययन गरेको पाइएको छ । यसैगरी ३-३ प्रतिशत (१, १ जना) क्रमशः स्नातक र स्नातकोत्तर तहसम्मको अध्ययन गरेका महिलाले आत्महत्या गरेको तथ्याङ्क ले देखाउँछ । (चार्ट नं ५८)





**चार्ट नं. ५७.** आत्महत्या र प्रभावितको शैक्षिक अवस्था




**चार्ट नं. ५८.** आत्महत्या र प्रभावितको साक्षरताको अवस्था विश्लेषण

## ११.५ आत्महत्या र पेशागत अवस्था

संकलन भएका आत्महत्याका घटनाहरूमा महिलाको पेशागत अवस्था हेर्दा सबैभन्दा बढी ३७ प्रतिशत (१४ जना) घरायसी काममा संलग्न, २१ प्रतिशत (८ जना) विद्यार्थी, १८ प्रतिशत (७ जना) दैनिक ज्यालामजदुरीमा संलग्न रहेका छन् । यसैगरी १३ प्रतिशत (५ जना) कृषि पेशामा संलग्न, ८ प्रतिशत (३ जना) जागिर खोज्दै गरेका तथा ३ प्रतिशत (१ जना) गैरसरकारी संस्थामा कार्यरत रहेको तथ्याङ्कले देखाउँछ ।




**चार्ट नं. ५९. आत्महत्या र प्रभावितको पेशागत अवस्था विश्लेषण**

आफ्नो जीवन आफैले अन्त्य गर्नु नै आत्महत्या हो । के आफ्नो ज्यानलाई आफैले समाप्त पार्नु त्यति सजिलो छ ? यद्यपी यस्तो अवस्थाको कसरी सिर्जना हुन्छ र महिलाहरू आफ्नो जीवनलाई समाप्त पार्न किन बाध्य हुन्छन् भन्ने विषयलाई गम्भीर रुपमा सोच्नु जरुरी छ । महिलाहरूले आत्महत्यालाई अन्तिम विकल्पका रुपमा लिनुका पछाडी विभिन्न कारण रहेका छन् । ओरेक नेपालले वार्षिक रूपमा महिलामाथि हुने हिंसाका घटनालाई विश्लेषण गर्दा महिलाले आत्महत्या गर्नुको प्रमुख कारण उनीहरूमाथि हुने शारीरिक, मानसिक र यौनिक हिंसा रहेको देखाउँछ ।

यसवर्ष संकलित तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी आत्महत्या गर्ने महिलाको उमेर समूह १७ देखि २५ वर्षको रहेको देखिन्छ । साथै विवाहित महिलाले बढी आत्महत्या गरेको तथ्याङ्कले देखाएको छ । हाम्रो नेपाली समाजमा १७ देखि २५ वषको उमेर विवाह गर्ने उमेर मानिन्छ । यही समयमा महिलाहरूमाथि चारित्रिक लाञ्छना लगाउने र दाइजो कम ल्याएको वा आफ्नो माग र इच्छा अनुसारको नल्याएको भनेर घरपरिवार तथा श्रीमानले दिने दैनिक शारीरिक तथा मानसिक यातनाका कारण बाँच्न भन्दा मर्नु बेस भन्ने ठानेर आत्महत्या गर्न बाध्य भएको पाइएको छ । यसैगरी आत्महत्या गर्ने अर्को उमेर समूह भनेको १६ वर्ष भन्दा कम उमेरका बालिका रहेका छन् । यस उमेरका बालिका आफूमाथि पटक पटक भएको यौन हिंसाका कारण परेको मानसिक तनाव सहन नसकी आत्महत्या गरेको देखिएको छ । आत्महत्याका घटना र साक्षरताको अवस्थालाई हेर्दा साक्षर महिलाको वाहुल्यता रहेको छ भने पेशागत आधारमा हेर्दा घरायसी काममा संलग्न र विद्यालयमा पढ्दै गरेका छात्राले बढी आत्महत्या गरेको देखिन्छ ।

वार्षिक रूपमा महिलामाथि हुने हिंसाका घटनालाई विश्लेषण गर्दा मूलतः दाइजो, घरेलु हिंसा र मानसिक तनावका कारण महिला तथा बालिकाहरूले आत्महत्या गर्ने गरेको पाइन्छ । आत्महत्याका घटनाहरूमा पर्याप्त छानबिन र अनुसन्धान कार्य पनि हुन सकीरहेको छैन जसका कारण आत्महत्यालाई, आत्महत्या नभइ हत्याकै रूपमा लिनुपर्ने देखिएको छ । कुनैपनि व्यक्तिले आफैंलाई मार्नुपर्ने अवस्थाको सिर्जना कसले र कुन कारणले गर्‍यो यसको पनि खोजी गरि यहि अनुसार उक्साउने व्यक्तिहरूलाई समेत कानुनी दायरामा ल्याउने गरि कानुन बन्नुपर्ने आवश्यक छ ।

## घटना नं ११ (आत्महत्या)

शर्मिला (परिवर्तित नाम) को घर सिरहा जिल्लामा हो । उनी घरकी माईली छोरी हुन् । उनी एस इ इ को तयारीमा थिइन । उनका आमा, बुबाले खेती किसानी गरेर भएपनि सबै छोराछोरीलाई पढाएका थिए । मृतक किशोरीले लकडाउन खुल्ने बित्तिकै परीक्षा हुन्छ भनेर रातदिन पढाइमा ध्यान लगाएकी थिइन् । गत जेठ २५ गते खाना बनाएर भाइ बहिनीलाई खुवाइ आफू पढ्न बसेकी थिइन् । छोरी एक्लै रातीसम्म पढ्ने गरेको देखेर आमा पनि उनी सँगै बसिरहेका थिइन् । तर आमालाई निद्रा लागेपछि सुतिन् । रातको १२ बजेको थियो । उनलाई ट्वाइलेट जान मन लाग्यो । ट्वाइलेट घरबाट अलि टाढा बारीमा थियो । पिसाव गर्न जाँदा केही व्यक्तिले उनलाई मुख थुनेर घिसार्दै बाँसबारी लगे र सामूहिक बलात्कार गरे । उनीहरूले बलात्कारमात्रै गरेनन् निर्घात कुटपिट गरे । बलात्कार भएको ठाउँदेखि शर्मिलालाई घिसार्दै ल्याए र विहानको ४ बजे आमाको जिम्मा लगाए । आमाको अगाडी समेत ती अपराधीले शर्मिलालाई कुटपिट र गाली गलौज गरे ।

उनकी आमाले आफ्नी छोरीमाथि भएको अपराधका बारेमा समाजका धेरैलाई सुनाईन, हारगुहार गरिन् । तर उनीमाथि भएको अन्याय कसैले पनि सुनेनन् । छोरीलाई उपचार गर्ने खर्च समेत थिएन । यसका लागि उनका बुवा पैसा खोज्न गाउँतिर गए । आमा कलमा गएका बेला शर्मिलाले आफूमाथि भएको दुर्व्यवहार सहन नसकेर घरमै पासो लगाइ आत्महत्या गरिन् । घटना लगत्तै प्रहरीमा उजूरी भयो । छोरीको मृत्युको खबरले आमा बेहोस भइन् । प्रहरीलाई उनीमाथि भएको बलात्कारको कुरा प्रहरीलाई कसैले पनि भनेनन् । शर्मिलाको पोष्टमार्टम गरी सामाजिक परम्परा अनुसार दाहसंस्कार गरियो ।


घटनाको दोश्रो दिन आमाको होस आएपछि उनले आफ्नी छोरीमाथि सामूहिक बलात्कार गरि निर्घात कुटपिट गरेको र घटनास्थलबाट घिसार्दै आफ्नो अगाडी ल्याई बेज्जत समेत गरेपछि आफूमाथि भएको चरम हिंसा सहन नसकेर आफ्नी छोरीले आत्महत्या गरेको कुरा प्रहरीलाई जानकारी गराइन् । यही जानकारीका आधारमा प्रहरीले किटानी जाहेरी दर्ता गऱ्यो । लगतै ४ जना आरोपित मध्य २ जनालाई प्रहरीले पक्राउ गरेर अनुसन्धान गरिरहेको छ । मेडिकल रिपोर्ट आउने बित्तिकै शर्मिलालाई आत्महत्या गर्न बाध्य बनाएकोले कर्तव्य ज्यान मुद्दाको प्रक्रिया अगाडी बढ्ने प्रहरी प्रशासनले जानकारी गराएको छ । ओरेक नेपालले बन्दाबन्दिको समयमा यस्तो घटना भएकोले मृतकको आमा, बावुलाई परामर्श तथा कानुनी परामर्श सेवा उपलब्ध गराएको छ ।

# परिच्छेद १२

## आरोपितको पृष्ठभूमि

### १२.१. महिला हिंसा र आरोपितको लैंङ्गिक विवरण


यसवर्ष अभिलेखीकरण गरिएका कूल १,७०७ घटनामध्ये ९३ प्रतिशत (१५९३) घटनामा हिंसा गर्ने पुरुषको संलग्नता भएको पाइएको छ । हिंसा गर्नेमा ७ प्रतिशत (११४ जना) महिला रहेका छन् । जसको विवरण निम्नबमोजिम तल प्रस्तुत गरिएको छ ।




**चार्ट नं. ६०.** महिला हिंसा र आरोपितको लैङ्गिक विवरण

## १२.२. महिला हिंसा र आरोपितको उमेर समूह


महिला हिंसा र आरोपितको उमेरलाई यस वर्षको तथ्याङ्कअनुसार मुख्य गरी ६ वटा समूहमा वर्गीकरण गरिएको छ । माथिको चार्टमा उल्लेख भएबमोजिम महिला हिंसामा संलग्न आरोपितको उमेरलाई हेर्दा २६ देखि ३५ वर्षका पीडकले ३५ प्रतिशत (६०४ जना) महिलामाथि हिंसा गरेको पाइएको छ । त्यसैगरी २५ प्रतिशत (४२१ जना) आरोपित ३६ देखि ४५ उमेर समूहका र, २१ प्रतिशत (३५५ जना) १७ देखि २५ वर्ष उमेरका रहेका छन् । यसैगरी ११ प्रतिशत (१८९ जना) ४६ देखि ५५ वर्ष उमेर समूहका रहेका छन् । छपन्न वर्षभन्दा माथिका आरोपित ५ प्रतिशत (८३ जना) रहेको पाइयो भने १६ वर्ष मुनिका आरोपित ३ प्रतिशत (५५ जना) रहेको पाइयो ।




**चार्ट नं ६१.** महिला हिंसा र आरोपितको उमेर समूह

## १२.३. महिला हिंसा र ओरोपितको वैवाहिक अवस्था


पीडकको वैवाहिक अवस्थाको विश्लेषण गर्दा ८७ प्रतिशत (१४९० जना) विवाहित व्यक्तिमहिलामाथि हिंसा गरेको पाइएको छ । त्यसैगरी १० प्रतिशत (१६३ जना)अविवाहित, १-१ प्रतिशत क्रमशः विवाहित तर पारिवारिक मनमुटावका कारण सँगै नबसेका एकल र पहिचान खुल्न नसकेका हिंसाका आरोपित रहेका छन् । साथै ३, ३ जना अविवाहित तर सँगै बसेका र पारपाचुके गरेर वसेकाबाट हिंसा भएको पाइएको छ ।




**चार्ट नं ६२.** पीडकको वैवाहिक अवस्था

## १२.४. महिला हिंसा र आरोपितको पेशा

महिलामाथि हुने हिंसा र पीडकको पेशाबार विश्लेषण गर्दा कृषि तथा पुशपालनमा संलग्न भएकाहरू बढी रहेको पाइएको छ। महिलामाथि कृषिमा संलग्न ४० प्रतिशत (६८४ जना) आरोपितबाट हिंसा भएको छ। त्यसैगरी २६ प्रतिशत (४४० जना)आरोपित ज्याला मजदूरी गर्ने रहेका छन् भने ८ प्रतिशत (१३९जना) सामान्य व्यापार व्यवसायमा संलग्न, ६-६ प्रतिशत (९६ र ९४ जना) क्रमश:गैरसरकारी संस्थामा कार्यरत र वैदेशिक रोजगारीमा रहेकाबाट महिलामाथि हिंसा भएको पाइएको छ। साथै ४-४ प्रतिशत (६४ र ६३ जना) क्रमश: सरकारी सेवा र विद्यार्थीबाट हिंसा भएको देख्न सकिन्छ। त्यसैगरी घरायसी काममा संलग्न,साथै ड्राइभर, आर्मी, पुलिस, शिक्षक, राजनीतिकर्मी, समाजसेवीबाट समेत महिलाहरू प्रभावित भएका छन्।





**चार्ट नं ६३.** महिला हिंसा र आरोपितको पेशागत अवस्था

## १२.५. महिला हिसा र आरोपितको जात/जातीय विवरण

महिला हिंसा आरोपितको जात/जातीयअवस्था पहिचान गर्ने उद्देश्यले यसवर्षको घटनालाई अध्ययन र विश्लेषण गरिएको छ । जसअनुसार ९ विभिन्न जात/जातीय समूहको संलग्नता रहेको पाइएको छ । जसलाई निम्न बमोजिम व्याख्या गरिएको छ ।

सबैभन्दा बढी मात्रामा पहाडे ब्राह्मण/क्षेत्री वाट महिलामाथि हिंसा भएको देखिन्छ । जसलाई संख्यात्मक रूपमा हेर्दा २३ प्रतिशत (३९७ जना) हुन आउँछ भने १९ प्रतिशत (३३२ जना) पहाडे तराइ आदिवासीजनजाती, १५ प्रतिशत (२५५ जना) पहाडे आदिवासीजनजाति, ९-९ प्रतिशत (१६२, १५१ जना) क्रमशः पहाडे दलित तथा तराइ दलित, ८ प्रतिशत (१३० जना) तराइ ब्राह्मण/क्षेत्री र ५ प्रतिशत (८० जना) मुश्लिम समुदायका व्यक्तिहरू रहेको पाइएको छ । त्यसैगरी, ३ प्रतिशत (४६ जना) आरोपितको पहिचान खुल्न सकेको छैन ।




**चार्ट नं. ६४.** महिला हिसा र आरोपितको जात/जातीय विवरण

पितृसत्तात्मक सामाजिक संरचनाले तय गरेका हानिकारक सोच, मूल्यमान्यता र संस्कारकाकारण धेरै महिला हिंसाको शिकार हुँदै आएका छन्। महिला अधिकार र हिंसाको कुरा उठ्नासाथ महिलाहरूले नै महिलामाथि धेरै हिंसा गर्दछन् भन्ने तर्क तथा धेरै मानिसका सोच र धारणालाई पनि यहाँ प्राप्त तथ्यले गलत सावित गरिदिएको छ। यसवर्ष संकलित कूल १७०७ हिंसाका घटना मध्ये ९३ प्रतिशत हिंसा पुरुषवाट भएको तथ्यले यी भनाइ गलत हुन् भन्ने पुष्टि गरेको छ।

जसरी हिंसा प्रभावितको उमेर, पेशा, जात/जातीय पृष्ठभूमिमा विविधता रहेको छ, त्यस्तै गरेर पीडकको सन्दर्भमा पनि यो विविधता लागू हुन्छ। प्राप्त तथ्याङ्कलाई हेर्दा ८७ प्रतिशत विवाहित पुरुषबाट महिलामाथि हिंसा भएको देख्न सकिन्छ। सबै जसो पेशामा संलग्न पुरुषबाट हिंसा भएको पाइएपनि सबैभन्दा बढी कृषि तथा पशुपालन र ज्याला मजदुरीमा संलग्नहरूबाट हिंसा भएको देखियो। हिंसामा संलग्न आरोपितहरूको जातीयताको पृष्ठभूमि हेर्दा पहाडे ब्राह्मण क्षेत्री र तराइ आदिवासी समूहका पुरुष बढी रहेको देखियो।

आरोपित व्यक्तिहरूको उमेर समूहलाई आधार मान्दा ३५ वर्षसम्मका ५९ प्रतिशत (१०१४जना) युवा हिंसामा संलग्न रहेको पाईएको छ । उत्पादनशील कार्यमा संलग्न हुने,उच्च शिक्षा हाँसिल गर्ने, व्यवसाय तथा रोजगारीमा संलग्न हुने, सामाजिक विकास र समसामयिक सवालमा नेतृत्व लिने उमेर समूहका बहुसंख्यक नै हिंसा गर्ने समूह वा पीडकका रूपमा रहेको यस अध्ययनले देखाएको छ । समाजको, परिवारको देशको नेतृत्व लिन आफूलाई तयार गर्ने, भविष्यको आफ्नो लक्ष्य तय गर्ने यो उमेर  समूह यसरी अपराधजन्य कार्यमा सक्रिय रहँदा यसले  एक पीडक मात्र नभएर उसको परिवार, उसका सन्तान, उ बस्ने समाज र समग्र देशको विकासमा नै नकारात्मक असर पार्दछ । यसकारण सानैदेखि आफ्ना छोराहरूलाई लैङ्गिक समानता, अरुको पहिचान र अस्तित्वलाई स्वीकार गर्ने, सम्मान गर्ने, विभेदहरू के हुन ती कुरा सिकाउने गरेमा पक्कै पनि अव आउने पुस्ता मानवीय हुन्छ की भन्ने आश गर्न सकिन्छ । हिंसालाई लुकाउने भन्दापनि कानुनी दायरामा ल्याउने, कुनै पनि हिंसा प्रभावितलाई दोषी देख्ने दृष्टिकोणलाई परिवर्तन गर्ने र दण्डहिनताको स्थितिको अन्त्य गर्ने वातावरण तयार भएमा यस्ता गतिविधि आफैं कम हुँदै जान्छन् भन्ने हाम्रो विश्लेषण रहेको छ ।

# परिच्छेद १३

## बन्दावन्दी र महिलामाथि हुने हिंसा (कोभिड १९)

चीनको वुहान प्रान्तवाट डिसेम्वर २०१९ मा शुरु भएको कोभिड १९ महामारीका कारण हाल सम्पूर्ण विश्व आक्रान्त अवस्थामा छ। यस महामारीका कारण हालसम्म (अक्टोवर ३१, २०२०) विश्वभरमा ११ लाख ९५ हजार ९ सय ५१ जना व्यक्तिले ज्यान गुमाइसकेका छन् भने ४ करोड भन्दा बढी भाइरसबाट संक्रमित भएका छन्। यो संख्या दैनिक तिब्र रुपमा बढिरहेको छ। नेपालमा पनि हालसम्म (अक्टोवर ३१, २०२०) १ लाख ७० हजार ७ सय ४३ जनामा यो भाइरसको संक्रमण भएको छ  भने ९३७ जनाले यसका कारण ज्यान गुमाइसकेका छन्। यस महामारीबाट बच्नका  लागि नेपाल सरकारले २०७६ चैत्र ११ गते देखि पटक-पटक बन्दाबन्दी गरि महामारी फैलन नदिन र फैलिएको संक्रामक रोगबाट सुरक्षित राख्ने प्रयास गर्‍यो। यस महामारीको सम्भावित संक्रमणबाट आफूलाई सुरक्षित राख्न अहिलेको एकमात्र विकल्प  हरेक व्यक्ति घरभित्रै बस्नु, बाहिर निस्कनै परे अनिवार्य मास्क लगाउनु र आवश्यक भौतिक दुरी कायम गर्नु नै हो। यो महामारीका कारण अधिकाशं जनसंख्या घरभित्रै छ। कतिको रोजगारी गुमेको छ। कतिपयले कार्यालयको काम घरबाटै गरिरहेका छन्। यस्तो वातावरणमा हाम्रो जस्तो पित्तृसत्तात्मक सामाजिक संरचना र मूल्यमान्यता रहेको देशमा महिला तथा बालिकामाथि हिंसा हुने जोखिम बढेकोमात्रै हैन धेरै हिंसा भएका घटना बाहिर आएका छन्। महामारीले आक्रान्त अधिकाशं देशमा बन्दाबन्दीका बेला महिलामाथिको हिंसा बढेको अनुसन्धानहरूले देखाईसकेका छन्। महामारीका कारण भएको बन्दाबन्दीको समयमा लैङ्गिक विभेदमा आधारित हिंसाको जोखिम र रोकथामको अवस्था विषयक ओरेकले गरेको एक सर्वेक्षणले बन्दाबन्दीको समयमा लैगिंक विभेदमा आधारित हिंसा हुने सम्भावना बढी हुन्छ भनेर ५६ प्रतिशत उत्तरदाताले बताएका छन्।[1]

[1]https://www.worecnepal.org/publications/83/2020-06-12

यस्तैगरि २२ प्रतिशतले हिंसा हुने सम्भावना अत्याधीक हुन्छ र २२ प्रतिशतले हिंसा हुने सम्भावना न्यून हुने बताएका छन् । अधिकांश ४७ प्रतिशत उत्तरदाताले आफुमाथि भएको हिंसाका बारेमा साथीसंगिहरुलाई, ४४ प्रतिशतले संघसंस्थाका व्यक्तिलाई, २२ प्रतिशतले घरभित्रका व्यक्तिलाई, २२ प्रतिशतले आफन्त नातागोताका व्यक्तिलाई र ३० प्रतिशतले प्रहरीलाई पहिले जानकारी गराउने बताएका छन् ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार क्यानडा, जर्मनी, स्पेन, बेलायत र अमेरिकामा पनि महिलामाथि हिंसाका घटना बढेका छन् । युएन वुमनका अनुसार लकडाउनको अवधिमा घरेलु हिंसाका घटना फ्रान्समा ३० प्रतिशत, साइप्रसमा ३० प्रतिशत, अर्जेन्टिनामा २५ प्रतिशत र सिङ्गापुरमा ३३ प्रतिशतले वृद्धि भएको छ ।

राष्ट्रिय महिला आयोगका अनुसार बन्दावन्दी सुरु हुनु अघिको दुई महिना (२०७६ मंसिर देखि २०७६ चैत्रसम्म) को अवधि र बन्दावन्दीपछिको दुई महिना (११ चैत्र २०७६ देखि १० जेठ २०७७ सम्म) को अवधिमा महिलामाथि हुने हिंसामा ११ प्रतिशतले बृद्धि भएको छ ।[२] यस्तै ओरेकले अभिलेख गरेका घटनाअनुसार पनि बन्दावन्दीको समयमा[३] कूल १०४२ जना महिलामाथि विभिन्न स्वरूपमा हिंसा भएको पाइएको छ । यी मध्ये ५४ प्रतिशत घरेलु हिंसा भएको छ । यी घटनाहरू बन्दाबन्दीको समयमा न्यायिक निकाय र सेवा प्रदायक संस्थाहरूमा पहुँच हुन नसकेको वेलामा समेत केही महिलाले आफूमाथि भएको हिंसालाई बाहिर ल्याउने प्रयास गरेका र रिपोर्टिङ्ग भएका मात्र हुन् । यो बन्दाबन्दीले धेरै महिला तथा बालिकालाई घरभित्रको हिंसा र द्वन्द्वमा बाँच्न बाध्य बनाएको छ ।

कोभिड १९ को प्रकोप बढेसँगै यस महामारीले मानवजीवनको हरेक पक्षमा प्रभावित पारेको छ । जसमा श्रम संसार पनि एक हो । महिला श्रमिकहरु जो दुवै निजी र सार्वजनिक क्षेत्रमा काम गर्नुहुन्छ, उहाँहरुलाई यस महाव्याधिले गर्दा कामको बोझ बढेर सबैभन्दा बढी असर गरेको छ । यस बन्दाबन्दीमा “घरबाट गरिने कार्यालयको काम” र “घरको काम” लाई सन्तुन गर्दा महिलाको



[२] First_Lockdown_Report_(_Chaitra,_2076-Baisakha_2077) NWC
[३] २०७६ चैत्र ११ देखि २०७७श्रावण ६ सम्म (ओरेक)

काम गर्ने समय बढेको छ । ओरेकले कोभिड १९ को प्रभावले गरिएको बन्दाबन्दीमा महिलामाथि परेको कामको बोझ विश्लेषण गर्नेबारे अनलाइन सर्वेक्षणका अनुसार ७९.५ प्रतिशत उत्तरदाता महिलाले आफूले गर्ने कामको समय एकदेखि ४ घण्टाभन्दा बढी बढेको बताएका छन् । धेरैजसो विवाहित महिलाहरु ५४.७० प्रतिशतले कार्यालयको काम गर्ने समय नबढायता पनि तुलनात्मक रुपमा घरबाट कार्यालयको काम सम्पन्न गर्न निकै कठिन भएको र अविवाहित महिलाहरु ४९.३० प्रतिशतले आफ्नो कार्यालयको काम गर्ने समय बढाएको भएता पनि घरबाट गरिरहेको कार्यालयको काम सम्पन्न गर्न तुलनात्मक रुपमा बढी चूनितिपूर्ण नरहेको बताएका थिए ।[४]

संस्थामा बन्दाबन्दीको समयमा अभिलेख गरिएका घटनाका प्रभावितहरूसँगको कुराकानी र अनुभवमा आफूमाथि भएका हिंसाविरुद्ध जोखिम मोलेर न्यायिक प्रक्रियाका जाँदा प्रहरीले उजुरी लिन आनाकानी गरेको, उजुरी लिएपनि मुद्दा दर्ताको प्रक्रियामा नगएको, मुद्दा दर्ता भएपनि बन्दाबन्दी खुलेपछिमात्र केशको प्रक्रिया अगाडी बढ्ने कुरा सम्बन्धित निकायले भन्ने गरेको, घरेलु हिंसाका घटनामा निवेदन लिएपनि छलफल गराएरमात्र छाडिदिने गरेको पाइयो । यस अवस्थामा हिंसा प्रभावितका लागि स्थापना भएका सहयोगी संयन्त्रहरूले समेत सहज रुपमा सेवा प्रदान गर्न नसकिरहेको र अदालतलगायतका न्याय दिने निकायहरूबन्द/नियमित सञ्चालन हुन नसकेको अवस्थामा महिलाहरू चरम हिंसा सहेर बसेको र हिंसाविरुद्ध बोलिहाले पनि न्यायका लागि पहल गर्न सहज स्थिति छैन भन्ने अनुमान सजिलै गर्न सकिन्छ ।

महामारीको अवस्थामा अझ बढि जोखिममा रहने समूह महिला बालिका, किशोरी, अपाङ्गगता भएका व्यक्तिहरू, बृद्धाहरूर दैनिक मजदुरी गरेर जीवन गुजारा गर्ने समुदायको अवस्था अत्यन्तै संकटपूर्ण रहेको छ । सामान्य अवस्थामा समेत जोखिमपूर्ण जीवन बाँचिरहेका उनीहरूमाथि थप जोखिम भएको छ । यही जोखिमलाई मध्यनजर गर्दै ओरेक नेपालले भूकम्प, बाढी जस्ता प्राकृतिक विपतका बेला स्नेह अभियान सञ्चालन गरी प्रभावित क्षेत्रमा गएर प्रत्यक्ष रुपमा काम गरेको जस्तो सहज वातावरण नभएपनि अहिलेको परिस्थिति अनुसार महामारीमा सामना गर्नुपरेका विभिन्न जोखिमका कारणले मानसिक तनाव झेलिरहेकाहरूका लागि आवश्यक परामर्श दिइरहेको छ । आफ्ना समस्या उपयुक्त ठाउँ र वातावरण खोजीरहेका प्रभावितका लागि ओरेक नेपालले

[४] https://www.worecnepal.org/publications/84/2020-06-16


मानसिक तनाव र त्यसको असरलाई कम गर्न २८ जना मनोविमर्शकर्ताहरूद्वारा टेलिफोन मार्फत मनोसामाजिक विमर्श सेवा प्रदान गर्दै आइरहेको छ। संस्थासँग आबद्ध मनोविमर्शकर्ताले फोन र सामाजिक दुरी कायम गरी व्यक्तिगत भेटघाटका माध्यमबाट समेत कोभिड-१९ को त्रासका कारण उत्पन्न मनोसामाजिक समस्याबाट प्रभावित ६७१ जना र ९१४ जना हिंसा प्रभावित/ प्रभावितको परिवारका सदस्य गरि १५८५ जनालाई यस अवधिमा मनोसामाजिक परामर्श दिएको छ।

विश्व नै कोभिड १९ को महामारीबाट आक्रान्त बनेकाले सबैको ध्यान महामारीबाट बच्ने र बचाउन मै केन्द्रित छ। यो संकटमा कोरोना महामारीले भन्दा पनि अन्य रोगले भोकले, घरभित्र भइरहेका हिंसाले र यीनै कारणले उत्पन्न तनावका कारण बढ्दो मानसिक रोगले मानिसहरू ज्यादा प्रभवित भएका छन्। प्रहरी प्रशासनदेखि स्थानीय सरकार समेत महामारी नियन्त्रण मै केन्द्रित हँदा महिला तथा बालिकामाथि भएका वा हुन सक्ने हिंसालाई उचित किसिमले सम्बोधन गर्न सकिएको छैन। यो महामारी आफैँमा अति जोखिमपूर्ण छ यसले जोखिमपूर्ण जीवन बाँचिरहेकालाई झन जोखिम तर्फ धकेलेको छ। चाहे त्यो प्राकृतिक प्रकोप होस, शसस्त्र द्वन्द्व होस वा अहिलेको जस्तो महामारी, यी सबै अवस्थामा महिला र बालबालिका सबैभन्दा धेरै प्रभावित हुन्छन् । यसर्थ संस्थाले यो महामारीका समयमा महिलामाथि हुने हिंसा रोकथाम तथा प्रभावितका सहयोगका लागि विगतदेखि सञ्चालन गरिरहेका ६ वटा र महामारीलाई नै मध्येनजर गर्दै थपिएका २ वटा गरि देशभरी ८ वटा सुरक्षित आवास स्थानीय सरकारसँगको समन्वय र सहकार्यमा सञ्चालन गरिरहेको छ।

ओरेकले २०७६ चैत्र ११ गते बन्दावन्दी शुरु भएदेखि २०७७ श्रावण ६ गतेसम्म लगभग ४ महिनाको अवधिमामात्रै ६४ जिल्लाबाट १०४२ जना महिला तथा बालिकामाथि भएका हिंसाका घटना अभिलेखीकरण गरेको छ। यी घटनाहरू ओरेकले सञ्चालन गरेका ३ वटा हटलाइन, २८ जना मनोविमर्शकर्ता, महिला मानव अधिकार रक्षक सञ्जाल, साझेदार महिला सामुदायिक संघसंसस्थाहरूमार्फत अभिलेख गरिएका हुन्। यी मध्ये १७० वटा घटना सञ्चार माध्यमबाट संकलन गरिएका छन् ।

## १३.१. हिंसाको प्रकार


यस अवधिमा अभिलेखिकरण भएका घटनामध्ये सबैभन्दा धेरै घरेलु हिंसाका छन् । ५४ प्रतिशत (५५४ जना) महिला तथा बालिकामाथि घर भित्रै हिंसा भएको तथ्याङ्कले देखाएको छ । यसैगरी १९ प्रतिशत (१८९ वटा) बलात्कार, ९ प्रतिशत (९३ वटा) सामाजिक हिंसा, ५ प्रतिशत (५० वटा) यौन दूर्व्यवहार, ३ प्रतिशत (३० वटा) बलात्कारको प्रयास, ३ प्रतिशत (२९ वटा) हत्या, ४ प्रतिशत (४३ वटा) आत्महत्या र ४ जना महिलालाई बेचविखन गरिएको साथै ४ जनाको हत्या प्रयास भएको घटना यो अवधिमा अभिलेख गरिएको छ । यसैगरी २ प्रतिशत (१२ वटा साइवर अपराध तथा ३ वटा हत्या वा आत्महत्या पुष्टि नभइसकेको) अन्य प्रकारका हिंसाका घटना संकलन भएका छन् ।




**चार्ट नं ६५** बन्दावन्दीको समयमा महिला तथा बालिकामाथि भएका हिंसाका प्रकार

## १३.२. हिंसा प्रभावित र उमेर


हिंसा प्रभावितहरूको उमेर समूहको आधारमा हेर्दा सबैभन्दा बढी ३० प्रतिशत (३०७ जना) महिला १७ देखि २५ वर्ष उमेर समूहका रहेका छन् । यस्तैगरी २६ देखि ३५ वर्ष उमेर समूहका २८ प्रतिशत (२८२ जना) र १६ वर्षभन्दा कम उमेरका १८ प्रतिशत (१८६ जना) किशोरी हिंसाबाट प्रभावित भएको पाइएको छ। ३६ देखि ४५ वर्ष उमेर समूहका १२ प्रतिशत (१२६ जना), ४६ वर्षभन्दा माथिका उमेर समूहका १० प्रतिशत (९६ जना) महिला विभिन्न किसिमका हिंसाबाट प्रभावित भएका छन् भने बाँकी प्रभावितको उमेर समूह खुल्न सकेको छैन ।




**चार्ट नं ६६** हिंसा प्रभावित र उमेर समूह

## १३.३. आरोपित र प्रभावितसंगाको सम्बन्ध


हिंसा गर्नेमा सबैभन्दा धेरै ४१ प्रतिशत (४३९ जना) श्रीमान र २१ प्रतिशत (२२१ जना) परिवारका अन्य सदस्य रहेका छन् । तथ्याङ्कलाई आधार मान्दा महिलाहरू सबैभन्दा बढी असुरक्षित घरभित्र नै छन् भन्ने कुराको थप पुष्टि यसले पनि गरेको छ । यस्तो महामारीमा परिवार नै एकअर्काको सहयोगी र भरोसा हुनुपर्नेमा परिवार नै महिला र बालबालिकाका निम्ति अझ बढी असुरक्षित हुनु अत्यन्त चिन्तित गम्भीर अवस्था हो । यसैगरी हिंसा गर्नेमा १९ प्रतिशत (१९९ जना) छिमेकी, ५ प्रतिशत (५० जना) महिलाले आत्मीय ठानेका व्यक्ति, २ प्रतिशत (२२ जना) आफ्नै साथी र सोही प्रतिशतमा १९ जना प्रहरी, डाक्टर, स्थानीय तहका जनप्रतिनिधिहरू जस्ता सेवा प्रदायक व्यक्ति, १-१ प्रतिशत (६-६ जना) घरमालिक र शिक्षकबाट महिला तथा बालिकाहरूमाथि हिंसा भएको पाइएको छ । ८० जना पहिचान नखुलेका आरोपित व्यक्तिवाट हिंसा भएको तथ्याङ्कले देखाएको छ ।




**चार्ट नं ६७** आरोपित र प्रभावितसंगको सम्बन्ध

### १३.४. आरोपित व्यक्ति र उमेर

हिंसामा संलग्न आरोपित व्यक्तिहरूको उमेरलाई विश्लेशण  गर्दा सबैभन्दा धेरै २६ देखि ३५ वर्ष उमेर समहका २९ प्रतिशत (३०६ जना) युवा रहेका छन् । यसैगरी २२ प्रतिशत (२३१ जना) ३६ देखि ४५ वर्ष , १९ प्रतिशत (२९९ जना) १७ देखि २५ वर्ष उमेर समूहका यवा रहेका छन् । यसैगरी १२ प्रतिशत (१६८ जना) ४६ वर्षभन्दा माथिका  पुरुष र २ प्रतिशत (१६ जना) १६ वर्षभन्दा कम उमेरका युवा हिंसामा संलग्न भएको पाइएको छ । बाँकी आरोपितको उमेर  खुल्न सकेको छैन ।




**चार्ट नं ६८** आरोपित व्यक्ति र उमेर

कोभिड १९ को भाइरसले फैलाएको विश्व्यापी महामारीले सबै जाति, उमेर, वर्ग, रंग, लिङ्ग, विकसित तथा अल्पविकसित अविकशित सबै राष्ट्रलाई प्रभाव पारेको छ । यस्तो महामारीको बेला हरेक व्यक्ति घरभित्रै बस्नुको विकल्प छैन । महामारीका बेला सबैको ध्यान कसरी महामारी नियन्त्रण गर्ने र सुरक्षित हुने भन्नेमा केन्द्रित हुनु स्वभाविक हो । यद्यपी महिला तथा बालिकामाथि यस्तो बेला हुने वा हुन सक्ने हिंसालाई उचित किसिमले सम्बोधन गर्ने संयन्त्रको अभावमा महामारीको प्रभावसँगै महिला र बालिकामा थप जोखिम बढेको छ । महिलामाथि हुने हिंसा रोकथाम तथा प्रभावितको सहयोगका लागि केही स्थानीय तहले उजुरी गर्ने तथा प्रभावितलाई सुरक्षित आवासको सेवा प्रदान गर्ने कार्य शुरु गरिसकेका छन् । यो निश्चय पनि प्रशंसनीय कार्य हो । यद्यपी जस्तो सुकै विषम परिस्थितिमा पनि हिंसा प्रभावित महिलाले आफूमाथि भएको हिंसालाई सहज रुपमा उजुरी गर्ने र न्याय पाउने वातावरण तयार गर्नका लागि लैंगिक विभेदका घटनाहरुलाई कुनै पनि विपद वा जोखिमको समयमा अत्यावश्यक सेवा भित्र राख्ने, कुनै पनि महामारि वा विपदको समयमा महिला तथा बालिका माथि हुन सक्ने हिंसाको जोखिम मापन गरी प्रभावकारी सम्बोधनको लागि संयन्त्र र पुर्व तयारी गर्ने र सबै स्थानीय तह तथा निकायले उजुरी गर्ने र आवश्यक सेवा प्रदान गर्ने कार्यलाई संवेदनशिलताका साथ प्रभावकारी रुपमासञ्चालन गर्न आवश्यक छ । महामारीको अवस्था छ भनेर महिला माथिका गम्भीर अपराध र हिंसालाई वेवास्ता गर्दा यसले समाजमा झन् भयानक अवस्थाको सिर्जना गर्ने सम्भावना बढ्ने देखिन्छ ।

# परिच्छेद १४

## सञ्चार अनुगमन

### १४.१ सञ्चार माध्यममा प्रकाशन भएका महिला हिंसाका घटनाको विवरण


ओरेक नेपालले राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाका समाचारको निरन्तर अनुगमन गरी मासिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ । तथ्यसहितको पैरवी ओरेकले सुरुदेखि नै गर्दै आएको हो । सञ्चार माध्यम यस्तो पैरवीलाई सम्बन्धित निकाय र सरोकारवालाहरूबीच पुऱ्याउने र वहस चलाउने महत्वपूर्ण माध्यम हो । त्यसैले ओरेक नेपालले सञ्चार माध्यमसँग सँधै नजिक रहेर सहकार्य गर्दै आएको छ । यो अनुगमन यसैको एउटा कडी हो ।

पछिल्लो एक वर्षमा सञ्चार माध्यमबाट कुल ५०३ वटा महिला हिंसाका घटना सार्वजनिक भएका छन् । ओरेक नेपालले अभिलेख गरेका घटना सञ्चार माध्यमले प्रकाशन गरेको भएतापनि घटना दोहोरिन नदिन  तिनलाई यस विश्लेषणमा समावेश गरिएको छैन ।

पत्रपत्रिका तथा सञ्चारमाध्यममा आउने घटनामा विस्तृत विश्लेषण गर्न पर्याप्त तथ्यगत विवरण नहुने हुँदा  ती घटनाका आधारमा पुग्दो विश्लेषण गर्न सकिएको छैन । यद्यपी सञ्चार माध्यममा प्रकाशित घटनाहरूले महिला हिंसाको वर्तमान अवस्था र प्रकृतिलाई देखाउने हुँदा उपलब्ध सूचनाका आधारमा विश्लेषण  गरिएको छ ।

## १४.२. हिंसाका प्रकार


यसवर्ष पत्रपत्रिकामा प्रकाशन भएका महिला हिंसाका स्वरूपहरू निम्न रहेका छन् । एक वर्षमा राष्ट्रिय दैनिक पत्रपत्रिकाहरूमा सबैभन्दा धेरै बलात्कारका समाचार प्रकाशन भएका थिए । कुल ५०३ वटा घटनामध्ये ४३ प्रतिशत (२१५ वटा) बलात्कार सम्बन्धी समाचार प्रकाशित भएका छन् । त्यसैगरी २२ प्रतिशत (१११ वटा) हत्या, ७ प्रतिशत (३५ वटा) शारीरिक हिंसा, ५ प्रतिशत (२७ वटा) आत्महत्या, ४-४ प्रतिशत (२२, २१, १८ वटा) क्रमशः हत्याप्रयास, यौन दुर्व्यवहार र मानव वेचविखनका घटनासम्बन्धि समाचार प्रकाशन गरिएको छ । यसैगरी ३ प्रतिशत (१३ वटा) बोक्सीको आरोपमा हिंसा भएको, २ प्रतिशत (१० वटा) मानसिक हिंसा, १-१ प्रतिशत (७, ७, ४, ४ वटा) बलात्कारको प्रयास, बालविवाह, एसिड आक्रमण र मानव वेचविखनको प्रयासका घटना सञ्चार माध्यममार्फत सार्वजनिक भएका छन् भने बाँकी ९ जना महिलामाथि अन्य प्रकारका हिंसा भएका विवरण आए । जसको विवरणसहित निम्न चार्टमा प्रस्तुत गरिएको छ ।




**चार्ट नं. ६९** राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित महिला हिंसाका घटनाको प्रकार

### १४.३ पत्रपत्रिकामा प्रकाशित महिला हिंसाको प्रदेश अनुसारको स्थिति

यसवर्ष पत्रपत्रिकामा सबै भन्दा बढी २१-२१ प्रतिशत हिंसाका घटनासम्बन्धि समाचार वाग्मती प्रदेश र प्रदेश नं २ का प्रकाशित भए । यसैगरी प्रदेश नं. १ मा २० प्रतिशत, सुदूरपश्चिम प्रदेशमा १५ प्रतिशत, गण्डकी प्रदशेमा १० प्रतिशत, प्रदेश नं ५ मा ९ प्रतिशत र र प्रदेश नं. ६ मा ५ प्रतिशत महिला तथा बालिकामाथि  भएका हिंसाका घटनासम्बन्धि समाचार आएको तथ्याङ्कले देखाएको छ ।




**चार्ट नं.७०.** पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाको प्रदेश अनुसारको स्थिति

# परिच्छेद १५

## १५.१.प्रभावितलाई ओरेकले गरेको सहयोग विवरण


ओरेक नेपालले आफ्नो स्थापनाकालदेखि नै हिंसा प्रभावित महिलाहरूको न्यायमा पहुँच र उनीहरूको अधिकारसुनिश्चित गर्न विभिन्न किसिमको सहयोग गर्दै आएको छ । अधिकांश हिंसा प्रभावितले सहयोगी संयन्त्रको अभावमा आफूमाथि भएको अपराधविरुद्ध आवाज उठाउन सकेका छैनन् । सहयोगी संयन्त्र नहुँदा उनीहरू आफूमाथि भएका चरम हिंसा समेत सहेर पीडकसँगै बस्न बाध्य छन् । न्यायबाट बञ्चित हुनुपरेको छ । न्याय पाउनु हरेक व्यक्तिको अधिकार भएपनि धेरै महिलालाई कानुनी सचेतनाको कमी छ । यसर्थ हिंसा प्रभावित महिलालाई न्याय पाउने वातावरण बनाउनका लागि ओरेक नेपालले दिएका सेवालाई यस परिच्छेदमा राखिएको छ ।

यसवर्ष संस्थाले अभिलेख गरेका घटनाका प्रभावित महिलामध्ये ३०७ जनालाई सुरक्षित आवासको सेवा प्रदान गरिएको छ । ३५५ जना हिंसा प्रभावित महिलालाई मनोविमर्श सेवा, २८६ जनालाई कानुनी परामर्श, ११२ जनालाई कानुनी सहयोग प्रदान गरिएको छ । यस्तै सुरक्षितवासमा रहेकाहरूमध्ये १३९ जनालाई विभिन्न विषयमा अभिमुखीकरण गरियो भने उपलब्ध सहयोगी संयन्त्रबारे जानकारी दिइयो । ९७ जना प्रभावितलाई स्वास्थ्योपचार तथा ४ जनालाई प्रसूती सेवा उपलब्ध गराइएको छ । यस्तै १९६ जना हिंसा प्रभावित महिलालाई लत्ता कपडा र यातायातको सुविधा उपलब्ध गराइएको थियो । साथै सुरक्षितबासमा आएका ३०७ मध्ये २५२ जनाको समस्या बुझी आवश्यक मनोविमर्श सेवासहित पुनर्स्थापना गरियो । २९ जन हिंसा प्रभावित महिलाको अवस्था हेरी आवश्यक सहयोगका लागि अन्य ठाउँमा शिफारिस गरिएको छ ।



हिंसा प्रभावित महिलाहरूका लागि सहयोगी संयन्त्र हुँदै नभएका हैनन् । तर अत्यन्तै सिमित संख्यामा रहेको यी संयन्त्रहरूबीच एक आपसमा समन्वयको अभाव, साधनस्रोत र जनशक्तिको अभावका कारण प्रभावकारी रूपमा सञ्चालन हुन सकिरहेका छैनन् र हिंसा प्रभावित महिलाको

पहुँच भन्दा बाहिर छन् । उपलब्ध सहयोगी संयन्त्रलाई प्रभावकारी बनाइ यसको व्यापक विस्तार गर्न सकेमा महिलाहरूले आफूमाथि भएको हिंसाविरुद्ध बोल्न आत्मविश्वास आउने र प्रोत्साहन हुने गरेको छलफलका क्रममा उनीहरूले बताएका छन् । प्रभावितका लागि उपलब्ध अधिकांश सेवाहरु छोटो समयका लागि छन् । हिंसा प्रभावितहरुको लागि सहयोगी संयन्त्रको आवश्यकता घटनाको प्रकृति अनुसार फरक हुने गर्दछन् । हिंसा प्रभावितलाई समाजबाट हुने लाल्छना, तिरस्कार र अधिकांश घटनामा परिवारका सदस्यहरुले समेत उनीहरुलाई सहयोग गर्ने वातावरण नहुँदा उनीहरुका लागि दिर्घकालीन सहयोग आवश्यकता पर्दछ । साथै कतिपय घटनाहरुमा प्रभावितलाई तत्काल सहयोग विशेषत स्वास्थ्य उपचारका लागि पुऱ्याउनुपर्ने हुन्छ । यस्तो अवस्थाका सिघ्र सहयोग प्राप्त गर्ने संयन्त्र र यसको कार्यान्वयनको आवश्यकता टड्कारो रुपमा देखिएको छ । यसवर्ष संकलन भएका तथ्याङ्कलाई हेर्दा समेत जुन क्षेत्रमा महिलाका लागि सहयोगी संयन्त्रहरू उपलब्ध छन् ती क्षेत्रमा हिंसाका धेरै घटना वाहिर आएका छन् ।





**चार्ट नं ७१** संस्थाद्वारा सुरक्षित आवासमार्फत प्रदान गरिएका सेवाको विवरण

## १५.२. ओरेकको हटलाइन सेवामार्फत सम्पर्कमा आएका महिला हिंसाका घटनाहरु


हिंसा प्रभावित महिलाले आफूमाथि भएको हिंसाबारे सहज रूपमा उजुरी गर्न सकुन्, उपलब्ध सेवामा महिलाको पहुँच सुनिश्चित हुन सकोस् र कोहीपनि महिला न्यायबाट बञ्चित हुन नपरोस् भन्ने अभिप्रायले ओरेक नेपालले निःशुल्क हटलाइन सेवा सञ्चालन गर्दै आएको छ। जसमा हिंसा प्रभावितले फोन गरेर आफूलाई आवश्यक सूचनाहरू प्राप्त गर्न सक्दछन्। ओरेक नेपालका हटलाइनमा महिलाले विशेषगरि हिंसाको उजुरी कहाँ गर्ने, कसरी गोप्य उजुरी गर्न सकिन्छ, उपलब्ध सहयोगी संयन्त्रहरू जस्तै कानुनी परामर्श सहायता, सुरक्षित आवासलगायतका सेवाहरू कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयहरूमा जानकारी र परामर्श लिने गरेका छन्।

यसवर्ष ओरेकका ३ वटा कार्यालयमा हटलाइन सेवामार्फत १५८ वटा महिला हिंसाका घटनाबारे जानकारी प्राप्त भएका थिए। जसको विवरण निम्नानुसार उल्लेख गरिएको छ।




**चार्ट नं. ७२** हटलाइनमार्फत सम्पर्कमा आएका महिला हिंसाका घटनाको प्रकार

यस वर्ष संकलन भएका कूल १५८ घटनामध्ये ९० वटा मोरङ्गमा, ४७ वटा काठमाडौंमा र २१ वटा दाङ्ग कार्यालयमा  हटलाइनमार्फत आएका हुन् ।




**चार्ट नं.७३** हटलाइनमा आएका घटनाको जिल्लागत दर्ता विवरण

# निष्कर्ष तथा सुझाव

महिलामाथि भइरहेको हिंसा र विभेदको अन्त्यबिना महिलाको मानवअधिकार सुनिश्चित हुन सक्तैन। महिलामाथि भइरहेका हिंसा र विभेद समाजका हरेक संरचनामा जरो गाडेर बसेको पितृसत्तात्मक मूल्यमान्यता र सोचको परिणाम हो। त्यसको फलस्वरूप वर्षेनि हजारौं नेपाली महिलाहरू विभिन्न किसिमका शारीरिक, मानसिक, सामाजिक र आर्थिक रूपमा हिंसा खप्न बाध्य बनाइएका छन्।

सामाजिक न्याय, समानता, देशको दिगो विकास र शान्तिका लागि महिलामाथि हुने हिंसाको अन्त्य आवश्यक छ। महिलामाथि हुने हिंसा न्युनीकरणका लागि हाल राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट समेत विभिन्न प्रयासहरू भएका छन्। संविधानले महिलाका धेरै अधिकार सुनिश्चित गरेको छ। संविधान अनुसार कानुनहरू बनेका छन्। नेपालले हस्ताक्षर गरी अनुमोदन गरेका विभिन्न अन्तर्राष्ट्रिय सन्धि महासन्धि अनुसार कानुन बनाइएका छन्। यी सम्पूर्ण प्रयासका बावजुद महिलामाथिका विभेद र हिंसा ज्यूँका त्यूँ छन्। अझै उनीहरूमाथि नयाँ नयाँ स्वरूपमा हिंसा भइरहेको छ। तर कानुन कार्यान्वयन गर्ने हाम्रा संयन्त्रहरूको काम गर्ने परम्परागत ढर्रा र सोचका कारण महिलामाथि भइरहेका हिंसामा न्यूनिकरण हुन सकेको छैन। यही सोच कै कारण संविधानसभाले बनाएका प्रगतीशील कानुनहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन्। यसकारण कानुन जतिसुकै प्रगतीशील भएपनि महिलाका जीवनमा अपेक्षाकृत परिवर्तन आउन सकेको छैन र महिलाले हिंसामुक्त भएर जीवनयापन गर्न पाएका छैनन्। महिलामाथि भइरहेका हिंसाको न्यूनीकरणका लागि समुदायदेखि राष्ट्रियस्तरसम्मका सम्पूर्ण संरचनागत परिवर्तन अति आवश्यक रहेको छ। यसका साथै हिंसापीडित महिलाले शिघ्र न्याय पाउने वातावरण निर्माणका लागि पर्याप्त सहयोगी र लैंगिकमैत्री संयन्त्रको विकास, महिलामुखी कानुनी व्यवस्था, भएका नीति नियमहरूको प्रभावकारी कार्यान्वयन, सेवा प्रदायक संस्थाहरूमा लैङ्गिक संवेदनशीलताको विकास हनु आवश्यक छ। साथै महिलामाथि हुने हिंसा अन्त्यका लागि सबै तहतप्कामा व्याप्त मौनताको संस्कृति तोडेर आ आफ्नो स्थानबाट हिंसाविरुद्ध आवाज उठाउनुका साथसाथै हिंसाविरुद्ध आवाज उठाउन सक्ने आत्मवल र थप आत्मविश्वास बढाउने वातावरण तयार गर्नुपर्दछ।

महिलामाथि हुने हिंसाको अन्त्यका लागि यो सवाल र समस्यालाई महिलाकोमात्रै सवाल र समस्याका रूपमा नलिएर यो राष्ट्रिय र राजनीतिक सवालको रूपमा स्थापित गराई सवै तहबाट काम गर्नु जरुरी छ। महिलामाथि हुने हिंसाको अन्त्य सम्पूर्ण महिला अधिकार तथा मानवअधिकारका क्षेत्रमा क्रियाशील व्यक्ति, नागरिक समाजका अगुवाहरू, राजनीतिकर्मीहरू, संघसंस्था र समुदायमा आधारित समूह सबैको सहकार्यबाट मात्रै यो सम्भव छ।

महिलामाथि भइरहेको हिंसाको वास्तविक कारण र यथार्थ जबसम्म बाहिर आउँदैन। तबसम्म यसको समाधानका लागि गरिएका सम्पूर्ण प्रयास व्यर्थ हुन्छन्, यसर्थ देशमा वर्षभरिमा भएका महिला हिंसाको घटनाहरूको अध्ययनलाई समेटेर तयार पारिएको महिला हिंसाविरूद्धको वर्ष पुस्तकको रूपमा अन्वेषी प्रकाशन महिलामाथि हुने गरेका हिंसाका तथ्य तथ्याङ्कलाई बाहिर ल्याउने एक महत्वपूर्ण प्रयास हो।

यो पुस्तकका लागि देशभरीबाट प्राप्त भएका महिला हिंसाका घटनाको तथ्याङ्क र यसको विश्लेषणका आधारमा हामीले तत्काल सम्बोधन गर्नपर्ने केही महत्वपूर्ण सवाल फेला पारेका छौं। जसको आधारमा महिला हिंसाविरुद्ध सम्पूर्ण सरोकारवालाहरूलाई जवाफदेही, उत्तरदायी बन्न र सम्बोधनको लागि आवश्यक कदम चाल्न निम्न सुझावहरू प्रस्तुत गरिएको छ।

## सुझावहरू:

महिलामाथि हुने हिंसाको समग्र अवस्थाका बारेमा एकिकृत राष्ट्रिय तथ्याङ्क राख्ने संयन्त्रको अभावका कारण यसको समग्र अवस्थाको विश्लेषण गर्न र सोही बमोजिम हिंसा संवोधनका लागि उचित कदम चाल्न कठिन भएको अवस्था छ। यसर्थ महिलामाथि हुने हिंसाको राष्ट्रिय तथ्याङ्क व्यवस्थापन प्रणालीको स्थापना नेपाल सरकारबाट यथाशिघ्र गरिनुपर्दछ।

- लिङ्ग, उमेर, जात, वर्ग, स्रोत र सम्पत्तिमाथिको एकाधिकारका कारण परिवार र समाजमा रहेको असमान शक्तिसम्बन्धमा परिवर्तन नहुँदासम्म शक्तिको आडमा गर्ने शोषण, दमन, हिंसा रहिरहने भएकालेसबैखाले विभेदको अन्त्य गरी शक्तिसम्बन्धमा रुपान्तरण गर्न नेपाल सरकारले योजना निर्माण गरी प्रभावकारी कार्यान्वयनमा जोड दिइयोस्।
- प्रभावितले मुद्दा दर्ता गरि न्याय पाउनेसम्मको प्रक्रिया अत्यन्तै लामो र झण्झटिलो भएकाले पीडित र प्रभावितले न्याय पाउनबाट वञ्चित हुनु परेको छ। तसर्थ बलात्कार जस्तो जघन्य अपराध र लैङ्गिक हिंसाका घटनालाई उच्च प्राथमिकतामा राख्दै द्रुत न्याय प्रणालीको प्रभावकारी कार्यान्वयन गर्न र एकिकृत कानूनी व्यवस्था गर्न आवश्यक छ।

- बलात्कार जस्तो जघन्य अपराधका घटनालाई इज्जत र प्रतिष्ठाको विषय वनाई मेलमिलाप गराउने पीडित/प्रभावितलाई लाञ्छना लगाउने, डर, धाक, धम्की दिने, आफ्नो बास स्थान छोड्न बाध्य वनाउने, कतिपय घटनामा उजुरी लिन आनाकानी गर्ने, पीडित र परिवारलाई राजनीतिक दबाव दिने, पीडकलाई संरक्षण गर्ने जस्ता क्रियाकलापले दण्डहिनता बढ्न गई अपराधीहरू समाजमा निर्धक्क हिंड्ने तर पीडितहरूले बासस्थान छोड्न पर्ने अवस्थाको अन्त्य गरि सुरक्षित, संवेदनशील, दीर्घकालिन र पहुँचयुक्त सहयोगी संयन्त्रको विकास गर्नु र भैरहेका संयन्त्रलाई सुदृढीकरण गर्नु आवश्यक छ ।

- सबै स्थानीय तहले बलात्कार जस्ता जघन्य अपराधका मुद्दामा विद्यमान द्रुत न्याय सेवाको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ । बलात्कारका घटनामा उजुरी गर्ने १ वर्षको हदम्याद खारेजी गरिनुपर्दछ । ताकी बलात्कार जस्तो अपराधिक क्रियाकलापको दोषीमाथि जहिलेसुकै कारवाही गर्न र पीडितलाई न्याय दिलाउने काममा बाधा अड्चन कम गर्न गरियोस् ।

- महिला हिंसामध्ये पनि यौन हिंसा, बलात्कार प्रभावितहरू, खासगरी बालिका एवं किशोरीहरूका लागि सरकारी तहबाट उचित संरक्षण, मनोसामाजिक परामर्श सेवा, सुरक्षित आवास, गुणस्तरीय र सर्वसुलभ शिक्षा तथा रोजगार एवं जीविकोपार्जनको भरपर्दो माध्यमको सुनिश्चित गर्दै आत्मसम्मानसहितको सामाजिक पुनःएकिकरणको यथाशिघ्र व्यवस्था गरिनुपर्दछ ।

- महिलाको शरीरलाई परिवार तथा समाजको इज्जतको रूपमा मात्रै हेर्ने अत्यन्तै हानिकारक र संकिर्ण सोचले महिलामाथि भइरहेका हिंसामा व्याप्त सामाजिक मौनताको संस्कृतिलाई निरन्तरता दिएको छ । यसका लागि विभेदपूर्ण सामाजिक संरचनाको रुपान्तरण गरी महिलामाथिका सम्पूर्ण भेदभावविरुद्ध शून्य सहनशीलताको नीतिलाई स्थानीयदेखि केन्द्रियस्तरसम्मका सम्पूर्ण संरचनामा प्रभावकारी रूपमा कार्यान्वयन गरियोस् ।

- स्थानीयदेखि राष्ट्रियस्तरका न्यायिक एवं कानूनी निकायका प्रतिनिधिहरू महिला हिंसा र लैंगिक विभेद, शोषण र हिंसाप्रति संवेदनशील र सचेत बन्न आवश्यक छ । अधिकांश महिला हिंसाका घटनालाई कानूनी प्रक्रियामा लानुको सट्टा आपसी मेलमिलापमा लैजाने प्रवृत्तिमा परिवर्तनमात्रै हैन अन्त्य हुनुपर्दछ । साथै पीडित/प्रभावितको सुरक्षा र जीविकोपार्जन सुनिश्चित गर्ने गरि यस्ता घटनालाई सम्बोधन गर्नेतर्फ जोड दिइयोस् ।

- राज्यले महिलामाथि भइरहेका हिंसा अन्त्य गरि उनीहरूको अधिकार स्थापित गर्न व्यवस्था गरेका ऐन र कानूनी प्रावधानहरूबारे प्रत्येक स्थानीय तहले आम नागरिकलाई जानकारी गराउन र सुसूचित गर्न उचित संयन्त्र र माध्यमहरूको तत्काल स्थापना गर्नुपर्दछ । ताकी हिंसा पीडित/प्रभावितहरूलाई चाँडो भन्दा चाँडो न्यायिक प्रक्रियामा लैजान प्रोत्साहन मिलोस् । साथै देशको ऐन कानून र न्यायिक निकायप्रति उनीहरूमा विश्वास र भरोसामा वृद्धि होस् ।
- हिंसा प्रभावितहरूको सुरक्षालाई मध्येनजर गर्दै उनीहरूको गोपनीयताको अधिकारलाई सम्बन्धित निकायहरूले सुरक्षित एवं सुनिश्चित गर्नुपर्दछ ।
- महिला हिंसाविरुद्ध सक्रिय मानवअधिकारकर्मी, अभियन्ता तथा महिला अधिकारकर्मी संघसंस्थाहरू समेत असुरक्षित र जोखिमयुक्त अवस्थामा काम गर्न परेको यथार्थलाई ध्यानमा राखी उनीहरूलाई सुरक्षित भएर काम गर्नसक्ने वातावरण समेत राज्यले निर्माण गर्नुपर्दछ । खासगरी समुदायस्तरमा कार्यरत व्यक्ति एवं समूहहरूले महिला हिंसाका घटनालाई बाहिर ल्याउन र पीडित/प्रभावितलाई न्याय दिलाउन खेलेको भूमिकाका कारण असुरक्षित छन् । यस्ता क्रियाकलापलाई पूर्णत निषेध गर्नका लागि महिला मानव अधिकार रक्षकहरु सम्बन्धीत सुरक्षा नीति र अप्ठ्यारोमा परेका महिला मानव अधिकार रक्षकहरुको सहयोगका लागि आपतकालीन कोषको व्यवस्था सहितको सहयोगी संयन्त्र निर्माण गरियोस् ।
- महिला हिंसा प्रभावितहरूका लागि सरकारले उपलब्ध गराइ आएका सेवा सुविधाहरू उचित तरिकाले उपलब्ध छन् वा छैनन् भनेर अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र निर्माण गरिएको छैन । यो काम यथासक्य चाँडो गरिनुपर्दछ ।
- महिलाले सम्मानित र स्वतन्त्र भएर जीवनयापन गर्न सक्ने वातावरण बनाउनका लागि राज्यका सम्पूर्ण स्थानीयदेखि केन्द्रिय तहसम्मका निकायले लैङ्गिक समानता सम्बन्धि नीतिको तर्जुमा गरी कार्यान्वयनमा ल्याउन जरुरी देखिएको छ ।
- महिलालाई हेर्ने पुरानो दृष्टिकोण र सोचमा आमुल परिवर्तन नभएसम्म नेपालको संविधान-२०७२ द्वारा प्रत्याभूत 'प्रत्येक नागरिकको समान अधिकार' भनेर राखिएको प्रावधान नेपाली महिलाले अनुभूत गर्न पाउने वातावरण बन्न सक्दैन । साथै देशमा भएको बृहत र व्यापक राजनीतिक रूपान्तरणका बाबजुद पनि नेपाली महिलाको जीवन हिंसामूक्त र अधिकार सम्पन्न हुन

सक्दैन । तसर्थ विभिन्न हानिकारक सामाजिक, आर्थिक तथा धार्मिक परम्पराहरूबाट प्रतिपादित र निर्देशित विभेदकारी सामाजिक मूल्य मान्यताका कारण महिलामाथि भैरहेको हिंसालाई गम्भीर अपराधको रूपमा स्वीकार तथा ब्याख्या गरि त्यस्ता सबैखाले हानिकारक परम्परागत अपराधको अन्त्यका लागि स्थानीयदेखि राष्ट्रियस्तरसम्म रणनीति बनाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याईयोस् । साथै सरकार र राजनीतिक दल कै नेतृत्वमा यस्ता हानिकारक परम्परागत अभ्यासविरुद्ध आम सचेतनाका कार्यक्रमहरू व्यापक रुपमा सञ्चालन गरियोस् ।

- महिलाले आर्थिक रूपमा सशक्त र स्वावलम्बी भएर जीवनयापन गर्न सक्ने अवस्थाको सिर्जनाका लागि उनीहरूको आन्तरिक र आर्थिक सशक्तिकरणका कार्यक्रम ल्याउन आवश्यक बजेटको विनियोजनसहित दिर्घकालिन नीतिगत व्यवस्था गरियोस् ।
- अन्तर्राष्ट्रिय सन्धि सम्झौता विशेषगरी महिलाविरुद्ध हुने सबै किसिमका विभेद उन्मुलन गर्ने महासन्धि (CEDAW), आर्थिक, सामाजिक तथा सांस्कृति अधिकार सम्बन्धी महासन्धी (UNESCR), बिश्वव्यापी आधिक समिक्षा (UPR) र दिगो विकासका लक्ष्य कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना निर्माण, कार्यान्वयन तथा प्रभावकारी अनुगमन संयन्त्रको विकास गरिनुपर्दछ ।
- जस्तोसुकै विषम परिस्थितिमा पनि हिंसा प्रभावित महिलाले आफूमाथि भएको हिंसालाई सहज रुपमा उजुरी गर्ने र न्याय पाउने वातावरण तयार गर्न सबै स्थानीय तह तथा निकायले उजुरी गर्ने र आवश्यक सेवा प्रदान गर्ने कार्यलाई संवेदनशिलताका साथ प्रभावकारी रूपमा सञ्चालन गरिनुपर्दछ । यसका प्रत्येक स्थानीय तहमा हिंसा प्रभावित वा कुनै पनि प्रकारको अप्ठ्यारोमा परेका महिलालाई तत्काल उजुरी दिने, २४ घण्टाभित्र नै प्रतिक्रिया दिने, आवश्यक सहयोग तथा सम्प्रेषण गर्ने (Referral) व्यवस्था सहितको हटलाईन सेवा सुचारु गरियोस् ।
- लैगिंक तथा यौनिक अल्पसंख्यक, अपागंता भएका व्यक्ति, हिंसा प्रभावितका आवश्यकताको पहिचान र प्राथमिकिकरण गरी सोहि अनुसारको कार्यक्रमको योजना तथा कार्यान्वयन स्थानीय तहदेखि गरियोस् ।
- संघ, प्रदेश र स्थानीय तहमा भएका कार्यहरुको समिक्षा गर्न र सिकाईका आधारमा आगामी वर्षको कार्यक्रम तय गर्नका लागि अनुगमन तथा मूल्याकंन संयन्त्रको विकास गरियोस् ।

# लैगिंक विभेदमा आधारित हिंसा घटना सङ्कलन फाराम
# ओरेक नेपाल

| घटना संकलनकर्ताको नाम | आवद्ध संस्था | फोन नं | घटना संकलन गरेको मिति | घटना संकलन गरेको स्थान |
|---|---|---|---|---|
| | | | | |

**प्रभावित /पीडितको विवरण**

| कोड नम्बर : | जन्म मिति :<br><br>उमेर : | **लिङ्ग**<br>महिला ☐<br>पुरुष ☐<br>यौन अल्पसंख्यक (खुलाउनुहोस्)<br>.................................. | **राष्ट्रियता**<br>नेपाली ☐<br>अन्य भए खुलाउनुहोस्<br>........................... | **जातीयता**<br>ब्राह्मण/क्षेत्री (तराई) ☐<br>ब्राह्मण/क्षेत्री (पहाडे) ☐<br>जनजाति (हिमाल) ☐<br>जनजाति (तराई) ☐<br>दलित (हिमाल) ☐<br>दलित (तराई) ☐<br>मुस्लिम<br>अन्य (खुलाउनुहोस्)<br>......................... |
|---|---|---|---|---|

| **वैवाहिक स्थिति** | **यदि विवाहित हो भने** | **शैक्षिक अवस्था** | **यदि साक्षर हो भने** |
|---|---|---|---|
| अविवाहित ☐<br>विवाहित ☐<br>विवाहित तर सँगै नबसेको ☐<br>अविवाहित तर सँगै बसेक ☐<br>पारपाचुके गरेको ☐<br>एकल ☐<br>अन्य (खुलाउनुहोस्) .................. | विवाह हुदाँको उमेर<br>................... | निरक्षर ☐<br>साक्षर ☐ | आधारभूत शिक्षा (१-८ कक्षा)<br>माध्यमिक शिक्षा (९-१२ कक्षा)<br>स्नातक<br>स्नाकोत्तर<br>स्नाकोत्तर भन्दा माथि<br>पेशागत शिक्षा(भए खुलाउनुहोस्)<br>......................................... |

| **प्रभावित /पीडितको पेशा** | | **परिवारको प्रमुख आय श्रोत (खुलाउनुहोस्)** | |
|---|---|---|---|
| सरकारी सेवा.................. <br> गैरसरकारी सेवा...................... <br> कृषि तथा पशुपालन.................. <br> दैनिक ज्यालादारी............ | घरायसी काम...................... <br> व्यापार र व्यवसाय................ <br> विद्यार्थी............................ <br> रोजगार खोज्दै .................... <br> अन्य.................................. | सरकारी सेवा......................... <br> गैरसरकारी सेवा.................... <br> कृषि तथा पशुपालन................ <br> दैनिक ज्यालादारी.............................. | घरायसी काम...................... <br> व्यापार र व्यवसाय...................... <br> निवृत्ति भरण ....................... <br> अन्य......................................... |

| **घटनाको विवरण** | | |
|---|---|---|
| घटना घटेको मिति : | घटनाको जानकारी दिएको मिति : | समय : |

| **घटनाको किसिम** | | | |
|---|---|---|---|
| **घरेलु हिंसा** <br> शारीरिक हिंसा ☐ <br> गालिगलौज ☐ <br> चारित्रिक आरोप ☐ <br> स्रोत सुविधानबाट बञ्चितिकरण ☐ ☐ | **यौनिक हिंसा** <br> बलात्कार ☐ <br> सामुहिक बलात्कार ☐ <br> बलात्कारको प्रयास ☐ <br> यौन दुर्व्यवहार ☐ | मानव बेचबिखन ☐ <br> मानव बेचबिखनको प्रयास ☐ | हत्या ☐ <br> हत्याको प्रयास ☐ |
| **सामाजिक हिंसा** <br> कुटपीट ☐ <br> गालिगलौज ☐ <br> चारित्रिक आरोप ☐ <br> स्रोत सुविधानबाट बञ्चितिकरण ☐ <br> बालविवाह ☐ | आत्महत्या ☐ | अन्य खुलाउनुहोस् ......... | |

| **स्रोत सुविधानबाट बञ्चितिकरण*किसिममा (√) चिन्ह लगाउनुहोस्*** | | ***हानिकारक परम्परागत अभ्यासको किसिममा (√) चिन्ह लगाउनुहोस्*** | |
|---|---|---|---|
| १) भौतिक (गास, वास, कपा ☐ | ६) सहभागिता ☐ | १) दाइजो प्रथा ☐ | ६) महिनावारीको समयमा ☐ अलग्याउनु वा छुट्टै राख्नु |
| २) संवेगात्मक (माया तथा हेरचाह) ☐ | ७) जन्मदर्ता ☐ | २) वालविवाह ☐ | ७) बहुविवाह ☐ |
| ३) शैक्षिक ☐ | ८) विवाह दर्ता ☐ | ३) योनी छेदन ☐ | ८) घुम्टो प्रथा ☐ |
| ४) जन्मदर्ता ☐ | ९) नागरिकता ☐ | ४) वोक्सीको आरोप ☐ | ९) भ्रुण पहिचान गरि गरिने ☐ गर्भपतन |
| ५) स्वास्थ्य सेवा ☐ | १०) अन्य ( खुलाउनुहोस्)..................... .. | ५) जबरजस्ती विवाह ☐ | १०) अन्य ( खुलाउनुहोस्)......................... .. |

| घटनाका कारणहरु खुलाएर लेख्नुहोस् ......................................................................................... |
|---|
| |

| **घटना घटेको स्थान** | | |
|---|---|---|
| प्रदेश : | जिल्ला : | गाउँपालिका/नपा |

| **घटनास्थलको किसिम** | |
|---|---|
| १) घर ☐ | ६) जंगल ☐ |
| २) विद्यालय ☐ | ७) खेत ☐ |
| ३) कार्यस्थल ☐ | ८) सार्वजनिक सौचालय ☐ |
| ४) समुदायमा ☐ | ९) शिवीर वा सेल्टरमा ☐ ☐ |
| ५) बाटो ☐ | १०) सेवा केन्द्र |
| | ११) अन्य............................................... |

| आरोपित व्यक्तिको जानकारी | | | |
|---|---|---|---|
| **आरापित व्यक्तिको संख्या** | **प्रभावित /पीडितले आरोपित व्यक्तिलाई चिनेको छ ?** | **प्रभावित /पीडितको आरोपित व्यक्तिसँगको सम्बन्ध** | |
| महिला ☐<br>पुरुष ☐<br>अन्य(खुलाउनुहोस्)<br>................ | १. छ ☐<br>२. छैन ☐<br>३. देखेपछि चिन्ने ☐ | श्रीमान् श्रीमति ☐<br>शारिरीक सम्बन्ध राखिरहेको/ राखिसकेको व्यक्ति ☐<br>छिमेकी ☐<br>मुख्य हेरचाहकर्ता ☐<br>गुरु चेला ☐<br>सेवाप्रदायक ☐<br>साथी<br>नजिकको साथी ☐ | सहायताकर्ता ☐<br>समुदायका सदस्य ☐<br>थाहा नभएको ☐<br>परिवारका सदस्य ☐<br>अन्य (खुलाउनुहोस्)<br>.......................... |

| आरोपित व्यक्तिको विवरण | | | | |
|---|---|---|---|---|
| **नाम :** | **लिङ्ग**<br>महिला ☐<br>पुरुष ☐<br>यौन अल्पसंख्यक<br>............................ | **राष्ट्रियता**<br>नेपाली ☐<br>अन्य भए खुलाउनुहोस्<br>........................................ | | जन्म मिति/ उमेर : |
| **जातीयता** | **ठेगाना** | **शैक्षिक अवस्था** | **यदि साक्षर भए** | |

| | | | |
|---|---|---|---|
| ब्राह्मण/क्षेत्री (तराई) ☐<br>ब्राह्मण/क्षेत्री (पहाडे) ☐<br>जनजाति (हिमाल) ☐<br>जनजाति (तराई) ☐<br>दलित (हिमाल) ☐<br>दलित (तराई) ☐<br>मुस्लिम ☐<br>अन्य (खुलाउनुहोस्) ...................... | प्रदेश :<br><br>जिल्ला :<br><br>गाउँपालिका/नपा : | निरक्षर ☐<br>साक्षर ☐ | आधारभूत शिक्षा (१-८ कक्षा)<br>माध्यमिक शिक्षा (९-१२ कक्षा)<br>स्नातक<br>स्नाकोत्तर<br>स्नाकोत्तर भन्दा माथि<br>पेशागत शिक्षा(भए खुलाउनुहोस्)<br>........................................ |
| **वैवाहिक स्थिति** | **पेशा** | | |
| अविवाहित ☐<br>विवाहित ☐<br>विवाहित तर सँगै नबसेको ☐<br>अविवाहित तर सँगै बसेका ☐<br>पारपाचुके गरेको ☐<br>अविवाहित तर सँगै बसेका ☐<br>एकल ☐<br>अन्य (खुलाउनुहोस्) ................. | सरकारी सेवा.............................<br>गैरसरकारी सेवा......................<br>कृषि तथा पशुपालन........................<br>दैनिक ज्यालादारी.................................<br>घरायसी काम......................... | | व्यापार र व्यवसाय....................<br>विद्यार्थी...................................<br>रोजगार खोज्दै ...........................<br>अन्य.......................................... |
| **आरोपितको चरित्र झल्काउने खालको परिचय : (सामाजिक मनोविमर्शकर्ता/मनोविमर्शकर्ता/केश व्यवस्थापकले भर्ने)** | | | |
| | | | |

(आरोपित संख्या एकजनाभन्दा बढी भएमा सादा कागज थप गरी माथिकै अनुसार भर्नुहोला।)

| **घटनाको कानुनी पक्ष** | |
|---|---|
| **घटनाको बारेमा कसैलाई उजुरी/सूचना गरेको छ ?** | **छ भने कसलाई ?** |

| | | | |
|---|---|---|---|
| छ ☐<br>छैन ☐ | प्रहरी/प्रशासन/अदालत ☐<br>साथी/इष्टमित्र ☐<br>गाँउले/छिमेकी ☐<br>गाउँपालिका/नगरपालिका ☐<br>परिवार ☐ | आफू काम गर्ने स्थान ☐<br>आरोपित को परिवार ☐<br>आरोपित का नातेदार ☐<br>साथी<br>गैरसरकारी संस्था ☐ | महिला मानव अधिकार रक्षकहरु ☐<br>निगरानी समुह ☐<br>अन्य भए (खुलाउनुहोस्)<br>................................ |

| **घटना स्थलको निरीक्षण गरिएको छ कि छैन ?** | **छ भने कसले (खुलाउनुहोस्)?** | **घटनासँग सम्बन्धितहरूको स्वास्थ्य परीक्षण गरेको छ ?** |
|---|---|---|
| छ ☐<br>छैन ☐<br>थहा छैन ☐ | | छ ☐<br>छैन ☐<br>थहा छैन ☐ |
| **घटनासँग सम्बन्धित फोटो खिचेको छ ?** | **पीडितलाई परेको असर** | **पीडितको परिवारलाई परेको असर** |
| छ ☐<br>छैन ☐<br>थहा छैन ☐ | शारीरीक असर......................<br>मानसिक असरं.......................<br>सामाजिक असर .....................<br>आर्थिक असर .......................... | शारीरीक असर......................<br>मानसिक असरं.......................<br>सामाजिक असर .....................<br>आर्थिक असर .......................... |

| **अन्य दसी प्रमाण भए सो को विवरण ( घटना भएको हो भनेर प्रमाणित गर्न सक्ने अन्य के कस्ता प्रमाणहरु छन् खुलाउनुहोस्)** |
|---|
| |
| **घटनाका कारण पीडित तथा पीडितको परिवारलाई परेको असर विस्तृत रुपमा खुलाएर लेख्नुहोस् ।** |
| |

| **प्रभावित /पीडितको लागि तत्कालका आवश्यक सेवाहरु** | | **संस्थाले प्रभावित/पीडितलाई प्रदान गरेको सेवा** | |
|---|---|---|---|
| १) सुरक्षा आवास ☐ | ५) स्वास्थ्य उपचार ☐ | १) सुरक्षा आवास ☐ | ५) स्वास्थ्य उपचार ☐ |
| २) कानुनी परामर्श ☐ | ६) अन्य केही भए उल्लेख गर्नुहोस् | २) कानुनी परामर्श ☐ | ६) जीविकोपार्जनमा सहयोग ☐ |
| ३) कानुनी सहयोग ☐ | | ३) कानुनी सहयोग ☐ | ७) अन्य केही भए उल्लेख गर्नुहोस् |
| ४) मनोपरामर्श ☐ | | ४) मनोपरामर्श ☐ | |

घटना हुँदा पैसा बस्तु लाभको वा सेवाको आदान प्रदान भएको थियो? थियो ☐ थिएन ☐

घटनाको पुर्ण विवरण कृपया सादा पाना थप गरी लेख्नुहोला ।

**ओरेक नेपाल**
पो.ब.न. १३२३३, काठमाडौं, फोन नं. (९७७)- ०१-५१८६३७४, ०१-५१८६०७३ (केन्द्रिय कार्यालय)
फ्याक्स : (९७७) -०१-५००६२७१,
इमेल : ics@worecnepal.org, database@worecnepal.org, हटलाईन नम्बर : १६६०-०१-७८९१०

**ओरेक नेपाल**
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल
फोन: (९७७) ०१ ५१८६३७४, ०१ ५१८६०७३
Email :ics@worecnepal.org
Website :www.worecnepal.org

ISBN 993788226-2
9789937882262